सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ चैत २०८१, शुक्रबार (28 Mar 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कुलमानको रिट दर्ता, आज सुनुवाइ

'बक्यौता नतिर्ने उद्योगीको प्रभावमा बदनियतपूर्वक हटाइयो'



■ **विरोध जारी** : कुलमानलाई हटाएको विरोधमा बिहीबार साँझ ललितपुरको पुल्चोकमा प्लेकार्ड र टुकीसहित प्रदर्शन गर्दै सर्वसाधारण । दिउँसो माइतीघर मण्डला र बानेश्वर क्षेत्रमा विभिन्न संघ/संगठन र सर्वसाधारणले प्रदर्शन गरे । उनीहरूले प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्कविरुद्ध नाराबाजी पनि गरेका थिए । बानेश्वरमा प्रहरीले प्रदर्शनकारीमाथि हस्तक्षेपसमेत गरेको छ । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ सर्वोच्चमा बिहीबार दर्ता रिटमा कुलमानको जिकिर-



...निवेदकलाई ठुलो बक्यौता राख्ने उपभोक्ताद्वारा प्रभावित भई विपक्षीबाट निवेदकउपर विवादित कारबाही गरिएको विपक्षीहरूबाट भए-गरेका कार्य एवं अभिव्यक्तिबाटै प्रमाणित हुन्छ । प्राधिकरणलाई रकम भुक्तानी गर्नुपर्ने दायित्व भएका औद्योगिक घरानाको भनाइ, कार्यशैली र सोलाई समर्थन र पृष्ठपोषण गर्ने विपक्षीको क्रियाकलापबाट को-कसको स्वार्थ र प्रभावमा कारबाही भएको हो प्रस्ट हुन्छ ।

■ अधिल्लो कार्यकालको सेवासुविधा माग्दै हितेन्द्रदेव शाक्य पनि सर्वोच्चमा

शिल्पा कर्ण, मिलन विश्वकर्मा

सत्ताको शक्ति दुरुपयोग गरी आफूलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाइएको भन्दै कुलमान घिसिङले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । उनले चार वर्ष कार्यकाल नसकिँदै आफूलाई हटाउने कार्य बदर गरी नियमित कामकारबाही गर्न दिन परमादेश माग गरेका छन् । उक्त रिट सुनुवाइका लागि शुक्रबार नै पेसी तोकिएको छ । सर्वोच्च प्रशासनका अनुसार निवेदन बिहीबार दर्ता भएकोमा शुक्रबारका लागि पेसी तोकिएको हो ।

सरकारले मंगलबार मन्त्रिपरिषद् बैठकबाट निर्णय गरी कुलमानलाई

» पृष्ठ २ मा क्रमशः

■ पिपिए खुलाउने र कर्मचारी सरुवाको अधिकार मन्त्रीले लिने निर्णयमा प्राधिकरणका कर्मचारीको विरोध

बिचौलियाहरूको स्वार्थअनुसार ऊर्जामन्त्री दीपक खड्काले निजी आयोजनासँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुलाउने तथा कर्मचारीको सरुवा/बढुवाको अधिकार आफैंले लिने निर्णयको प्राधिकरणका कर्मचारीले विरोध गरेका छन् । कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई ल्याएलगत्तै मंगलबार रातारात सञ्चालक समिति बैठक राखेर मन्त्री खड्काले दुई वर्षदेखि कुलमानले रोकेको पिपिए खुलाउने र 'नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा सर्त विनियमावली, २०७५' संशोधन गर्ने निर्णय गराएका थिए । पूर्वअभ्यासविपरीत वित्तीय जोखिमको आकलन, बजारको सुनिश्चितता, जोखिम न्यूनीकरणका कार्ययोजनासमेत तयार नगरी तत्काल पिपिए गर्ने निर्णय गलत भएको भन्दै कर्मचारी कल्याण परिषद् र राष्ट्रिय कर्मचारी युनियनले बिहीबार कार्यकारी निर्देशक शाक्यलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख छ । त्यस्तै, प्राधिकरणको आधिकारिक ट्रेड युनियनले कर्मचारी सरुवा, बढुवा र काजसम्बन्धी निर्णयको अधिकार मन्त्रीले तानेकोमा आपत्ति जनाएको छ ।

■ प्रधानमन्त्रीले जवाफ दिन नमानेपछि दोस्रो दिन पनि सदन अवरोध जारी

विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमानलाई बर्खास्त गर्नुको कारणबारे प्रधानमन्त्री केपी ओलीले संसद्मा जवाफ दिन इन्कार गरेपछि माओवादीलगायत विपक्षी दलले बिहीबार पनि संसद् अवरुद्ध गरेका छन् । बिहान ११ बजे बोलाइएको प्रतिनिधिसभा बैठक सूचना टाँसेर स्थगित गरिएको छ । राष्ट्रिय सभामा पनि विपक्षीले विरोध गरेपछि बैठक चल्न सकेन ।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

गणतन्त्रवादी र राजावादी आमने-सामने

व्यवस्थाको रक्षा र सरकारको कुशासनविरुद्ध समाजवादी मोर्चाको आज जनसभा,
हौसिएका राजावादी पनि 'राजसंस्था फर्काउँछौं' भन्दै संयुक्त जनआन्दोलन समिति नै बनाएर सडकमा

■ समाजवादी मोर्चाको जनप्रदर्शन प्रदर्शनीमार्गमा

प्रचण्ड, माधव, विप्लवलगायतले सम्बोधन गर्ने



प्रेम गौतम, टेकराज थामी/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीसहित एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टी सम्मिलित समाजवादी मोर्चाले शुक्रबार राजधानीमा बृहत् जनप्रदर्शन गर्दै छ । सरकारको कुशासन र व्यवस्थाको रक्षाका निम्ति भन्दै मोर्चाले भृकुटीमण्डपस्थित प्रदर्शनीमार्गमा जनप्रदर्शन गर्न लागेको हो ।

राजसंस्था पुनर्स्थापनाको माग लिएर राजावादीको सक्रियता बढेपछि मोर्चाले पनि व्यवस्थाको रक्षा र सरकारको कुशासनविरुद्ध भन्दै सडकमा आन्दोलन रोजेको छ ।

■ एक लाखभन्दा धेरै जनता उतार्ने मोर्चाको दाबी

सरकारको कुशासनका कारण पनि राजावादीलाई बल मिलेको मोर्चाको ठहर छ । मोर्चाका नेताहरूले जनप्रदर्शनमा एक लाखभन्दा बढी सहभागी हुने दाबी गरेका छन् । प्रदर्शनीमार्ग प्रवेश गर्ने मुख्य सडकमा हुने सभामा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादव र नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष नेत्रविक्रम चन्द 'विप्लव'ले सम्बोधन गर्नेछन् ।

एसइई परीक्षालाई लक्षित गर्दै पूर्वनिर्धारित समय केही धकेलेर मोर्चाले १२ बजेपछि जनप्रदर्शन सुरु गर्ने जनाएको छ । जनप्रदर्शनलाई व्यवस्थित बनाउन भन्दै मोर्चाले

» पृष्ठ २ मा क्रमशः

■ राजावादीलक्षित प्रधानमन्त्रीको टिप्पणी-

अगाडि बढेको देशलाई कोही फेरि पछाडि फर्काउन खोज्दै छन्



अगाडि बढेको देशलाई कोही फेरि पछाडि फर्काउन खोज्दै छन् । एउटा एम्बेसीले त अनावश्यक नोटिस नै जारी गऱ्यो- कुनै पनि वेला कर्फ्यु हुन सक्ला भनेर । त्यो ग्लोबल्ली अनावश्यक प्रचार मात्र हो । वास्तवमा त्यस्तो केही हुँदैन । १०-१५ हजारको जुलुस त नेपालमा निस्केका निस्कै छन् । तिललाई पहाड बनाउनुपर्ने कुनै आवश्यकता छैन । तर, यो नेपाल हो, यस्तो भाँपु बजाइएको छ कि भोलि (शुक्रबार) केही हुँदै छ ।

नेपाल प्रहरी र सशस्त्रको ४५ सय जनशक्ति परिचालन

सिसिक्यामेरा र ड्रोनबाट सभाहरूको निगरानी गरिँदै

सुरक्षालाई मध्यनजर गरेर दुई पक्षलाई जम्काभेट हुन नदिने प्रहरीको योजना छ । काठमाडौं परिसरका एसपी अपिलराज बोहराका अनुसार भन्डा र नाराका आधारमा दुवै पक्षका प्रदर्शनकारीको पहिचान गर्दै फरक-फरक सडक प्रयोग गराइनेछ ।

■ राजावादीको शक्ति प्रदर्शन तीनकुनेमा

व्यवसायी दुर्गा प्रसाईंलाई बनाइयो कमान्डर



पशुराम काफ्ले/नयाँ पत्रिका

काठमाडौंको तीनकुनेमा शुक्रबार हुन लागेको राजावादीको शक्ति प्रदर्शनमा मेडिकल व्यवसायी दुर्गा प्रसाईं जनकमान्डर तोकिएका छन् । पूर्वपञ्चनेता नवराज सुवेदी नेतृत्वको राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले प्रसाईंले आह्वान गरेको आन्दोलनको स्वामित्व लिँदै उनैलाई जनकमान्डर तोकेको हो ।

बिहान ११ बजे तीनकुनेमा जम्मा भएर शक्ति प्रदर्शन गर्ने राजावादीहरूको कार्यक्रम छ । राजसंस्थाको मुद्दा बोकेर राजनीति गर्दै आएका राप्रपा र राप्रपा नेपाल प्रसाईंलाई जनकमान्डर तोकिएकोमा असन्तुष्ट छन् ।

■ राप्रपा र राप्रपा नेपाल असन्तुष्ट, तर आन्दोलनलाई सघाउने

राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले बिहीबार पत्रकार सम्मेलन गरेर जनप्रदर्शनबारे जानकारी गराउँदै प्रसाईंलाई जनकमान्डर घोषणा गरेको हो ।

समिति संयोजक सुवेदीले भने, 'नवगठित संयुक्त जनआन्दोलन समितिमा जनकमान्डरको जिम्मा दुर्गा प्रसाईंलाई दिइएको छ ।' उनले

» पृष्ठ २ मा क्रमशः

पुसदेखि प्रशासकीयविहीन काठमाडौं महानगरले सरकारलाई पठायो चौथो पत्र

तीन महिनादेखि कर्मचारीको तलब र डेढ अर्ब भुक्तानी रोकियो

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले प्रमुख प्रशासकीय पठाइदिन अनुरोध गर्दै बिहीबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई चौथो पत्र पठाएको छ । नयाँ प्रमुख प्रशासकीय पठाइदिन वा निमित्तलाई आर्थिक अधिकार दिन अनुरोध गर्दै पत्र पठाइएको मेयर बालेन शाहका स्वकीय सचिव भूपदेव शाहले बताए । शाहका अनुसार प्रशासकीय नहुँदा विकास निर्माणको डेढ अर्ब भुक्तानी गर्न बाँकी छ । कर्मचारीको तलब पनि तीन महिनादेखि रोकिएको छ ।

काठमाडौं भ्युटावरको नक्सा अनधिकृत रूपमा पास गरेको भन्दै मेयर शाहले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई ५ पुसबाट बिदा बस्न लगाएपछि महानगर प्रशासकीयविहीन छ । गुरागाईं निलम्बनमा परेर बिदामा बसेपछि निमित्त प्रशासकीय बनेका शिक्षा विभागका उपसचिव गोविन्द शर्माले पनि पुसमै राजीनामा दिइसकेका छन् ।

यसबिचमा महानगरले नयाँ प्रशासकीय पठाइदिन संघीय मामिला मन्त्रालयसँग तीनपटक लिखित अनुरोध गरेको थियो । तर, संघीय मामिला मन्त्रालयले

» पृष्ठ २ मा क्रमशः

■ भ्युटावर भत्काउने तयारी



काठमाडौं महानगरले १३ तलासम्म निर्माण भइसकेको भ्युटावर भत्काउने तयारी गरेको छ । भ्युटावरको मापदण्ड कमजोर भएको र यसमा स्वार्थ समूहहरूको कारण अनेकौं समस्या भएकाले महानगरले भत्काउने तयारी गरेको हो । 'अब हामीले भ्युटावर भत्काउने सोचिरहेका छौं, यसबारेमा छलफल चलिरहेको छ, यो टावरमा केन्द्र सरकारको विभिन्न तह-तप्कामा रहेका अनेकौं व्यक्तिहरूले लाभ लिएका छन्, त्यसको पनि अनुसन्धान भइरहेको छ,' स्वकीय सचिव शाहले भने, 'यो सुरुको चरणदेखि नै गलत छ, ०७८ मा सकिनुपर्ने काम अहिले पनि बिजोग छ ।'

तीन शीर्ष नेताले दोहोऱ्याए द्वन्द्वपीडितलाई न्याय दिलाउने प्रतिबद्धता



(विस्तृत पृष्ठ ३)

नेपालमा दुई हजार मेगावाटको विद्युत् परियोजनामा लगानी गर्ने अडानी ग्रुपको घोषणा



सन् २०२५ मा दुई हजार मेगावाट र भविष्यमा थप तीन हजार मेगावाटका परियोजनामा लगानी गर्ने प्रतिबद्धता

(विस्तृत पृष्ठ ६)

कोशी प्रदेश सभाले २७ महिनासम्म पनि बनाउन सकेन आफ्नै नियमावली

छैटौं अधिवेशनमा पनि पेस भएन सभा सञ्चालनसम्बन्धी नियमावलीको मस्यौदा, पहिलो कार्यकालको नियमावलीको भरमा संसद्

पहिलो कार्यकालकै नियमावलीले सदन सञ्चालन गर्नुपर्ने बाध्यता छ

● **अम्बरबहादुर विष्ट**, सभामुख, कोशी



नियमावली बनाउन ढिला भएकै हो । यसपटक नियमावली पेस गर्ने गरी छलफल भइरहेको थियो । समय नपुग्दै अधिवेशन अन्त्य भयो । नियमावली बनाउन नसक्दा पहिलो कार्यकालको नियमावलीले नै सदन सञ्चालन गर्नुपर्ने बाध्यता छ ।

झापामा **चिरञ्जीवी घिमिरे**

दोस्रो कार्यकालको २७ महिनासम्म पनि कोशी प्रदेश सभाले आफ्नै नियमावली बनाउन सकेको छैन । संसद्को पहिलो कार्यकालमा बनेको प्रदेश सभा सञ्चालन नियमावलीमार्फत नै सदन चलिरहेको छ ।

संसद्को दोस्रो कार्यकालको छैटौं अधिवेशनमा नियमावलीको मस्यौदा पेस गर्ने तयारी थियो । तर, सरकारले गत बिहीबार अधिवेशन नै

» पृष्ठ २ मा क्रमशः

■ दुई महिना चलेको छैटौं अधिवेशनमा पेस भएका १० मध्ये ६ विधेयक पारित



दुई महिना चलेर ७ चैतमा अन्त्य गरिएको छैटौं अधिवेशनमा सरकारी नौ र गैरसरकारी एक गरी १० विधेयक पेस भएका थिए, त्यसमध्ये ६ वटा पारित भएका छन् । 'यसपटक सदनले बिजनेस पायो । ६ विधेयक पनि पारित भए । यो सकारात्मक कुरा हो,' सभामुख अम्बरबहादुर विष्टले भने । छैटौं अधिवेशनबाट केही प्रदेश ऐनलाई संशोधन गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०८१, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयक, प्रदेश बिउबिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रदेश भवन ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक र कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक पारित भएका हुन् ।

हतारमा अधिवेशन अन्त्य गरेको आरोप, चार विधेयक विचाराधीन

सरकारले हतारमा प्रदेश सभाको अधिवेशन अन्त्य गरेको प्रतिपक्षको आरोप छ । कोशी प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक, कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कोशी प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदीय समितिमा छलफलका लागि गएको छ । गैरसरकारी विधेयकको रूपमा आएको कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ भने प्रदेश सभामा दर्ता मात्र भएको छ ।



आङ्बो

'अधिवेशन सुरु हुँदा सबै दलले शुभकामना दिने र अन्त्य हुँदा धन्यवाद दिने चलन छ । तर, सरकारले आपत् परेकोजस्तो गरी अधिवेशन अन्त्य गऱ्यो । भाषा आयोगले नै सिफारिस गरेको कामकाजी भाषासम्बन्धी गैरसरकारी विधेयक पेस गरेपछि सरकार अताल्लियो,' माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने । विधेयकमा लिम्बू र मैथिलीलाई प्रदेशको कामकाजी भाषा बनाउने प्रस्ताव गरिएको छ ।



तामाङ

सत्तारूढ कांग्रेसका प्रमुख सचेतक गोपाल तामाङले वैशाखमै अर्को अधिवेशन आह्वान हुने भएकाले त्यही अधिवेशनमा छलफल हुने बताए । 'सदनमा छलफल हुने कुरा त सरकारकै लागि राम्रो हो । विधेयकमा पर्याप्त छलफल गर्ने समय नभएकै हो । तर, सरकार सदनदेखि भागेको होइन,' उनले भने, 'मुख्यमन्त्री हिक्मत कार्कीसँग कुरा गर्दा वैशाखमै सदन बोलाउने कुरा छ ।'

संघीय निजामती विधेयक संशोधनसहित उपसमितिबाट पारित

नयाँ पत्रिका

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदीय उपसमितिबाट संशोधनसहित पारित भएको छ । विधेयकमा दफावार छलफलका लागि राज्य व्यवस्था तथा सुशासन समितिले ९ फागुनमा उपसमिति गठन गरेको थियो । कांग्रेस सांसद दिलेन्द्र बडूको संयोजकत्वमा गठित उपसमितिले २० वटा बैठक राखी दफावार छलफल गरेर बिहीबार प्रतिवेदन बुझाएको हो ।



उपसमितिमा ईश्वरीदेवी न्यौपाने, रघुजी पन्त, लीलानाथ श्रेष्ठ, हितराज पाण्डे, चन्दा कार्की भण्डारी, बुद्धिमान तामाङ, राजेन्द्र पाण्डे, अशोक राई, प्रकाश अधिकारी र सर्वेन्द्रनाथ शुक्ल सदस्य छन् । सबै सरोकारवाला विज्ञ समूहसँग व्यापक छलफल गरेर विधेयकको प्रतिवेदन तयार पारिएको संयोजक बडूले बताए । बडूले

» पृष्ठ २ मा क्रमशः

■ **ट्रेड युनियन यथावत् राख्ने उपसमितिको बहुमतको निष्कर्षमा रास्वपाकी चन्दा कार्की, राप्रपाका बुद्धिमान तामाङ र एकीकृत समाजवादीका राजेन्द्र पाण्डेले फरक मत राखेका छन् । उनीहरूले एउटा आधिकारिक ट्रेड युनियन मात्र हुनुपर्ने, अधिकृत नभई सुब्बाले नेतृत्व गर्नुपर्ने र दलीय युनियनहरू खारेज गर्नुपर्ने भनेका छन् ।**

'बक्यौता...

पृष्ठ १ बाट क्रमशः

हटाएर हितेन्द्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गरेको थियो । कुलमानको तर्फबाट लोकमणि पोखरेलले निवेदन दर्ता गरेको र पेसी शुक्रबारका लागि तोकिएको सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए ।

घिसिङको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, ऊर्जा मन्त्रालय, ऊर्जामन्त्री दीपक खड्का, प्राधिकरण सञ्चालक समिति र नवनियुक्त कार्यकारी निर्देशक शाक्यलाई विपक्षी बनाइएको छ । उनले सरकारले खुला रूपमा दरखास्त आह्वान गरेको पदमा प्रक्रियाअनुसार सहभागी भई उत्कृष्ट भएका कारण कार्यकारी निर्देशक नियुक्त भएको, तर सरकारले नै शक्तिको दुरुपयोग गरेर हटाएको दाबी गरेका छन् । लोडसेडिङ हटाउन सफल भएको, विद्युत् निर्यात गरेकोजस्ता कार्यबाट राष्ट्रलाई फाइदा पुर्‍याए पनि खड्का ऊर्जामन्त्री नियुक्त भएर आएदेखि आफूलाई हटाउने प्रपञ्च हुँदै आएको उनको गुनासो छ ।

'...निवेदकलाई प्रस्ट कानुनी व्यवस्था, कानुनी शासनका मूल्य, मान्यता र सुशासनका सबै मानक उल्लंघन गर्दै पूर्वाग्रहपूर्वक सत्ताको शक्तिको दुरुपयोग गरी सेवाबाट हटाइएको कारण यो निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएको छु,' रिटमा उल्लेख छ ।

आफूलाई हटाउनु प्राकृतिक र प्राङ्न्यायको मान्य सिद्धान्त प्रतिकूल, पूर्वाग्रही, दूषित र कर्मकाण्डी रहेको पनि कुलमानको आरोप छ । निवेदनमा थप उल्लेख छ, 'कुनै निकायलाई कारबाही गर्ने अधिकार भएको फगत आरोप लगाई सफाइ पेस गर्ने पत्राचार गरी मनोगत रूपमा स्पष्टीकरण चित्तबुझ्दो नभएको भनी प्रक्रिया पूरा गरेको देखाई सेवाबाट हटाउने कार्य वैध हुन सक्दैन । लगाइएको आरोप वस्तुगत हुनुपर्छ । मनोगत रूपमा आरोपित गरी भएको सजाय कारबाहीको सारको रोहमा नै अन्यायिक हुन्छ ।'

कुलमानले पदबाट विस्थापन गर्ने विषयमा यसअघिका नजिरहरू पनि उल्लेख गरेका छन् । आफूलाई हटाउन लगाइएको आरोपसमेत आफू प्राधिकरणमा आउनुभन्दा अगावैको रहेको उनको भनाइ छ । कार्यसम्पादनको आधारमा आफूलाई हटाइएकोमा कार्यसम्पादन मूल्यांकनमा कम्तीमा ५० प्रतिशतसम्मको अंक प्राप्त नभएको हुनुपर्ने, तर आफूले नियमअनुसार पाउनुपर्ने दुईपटक प्रतिवाद तथा एकपटक सूचनाको अवसर नपाएको उनले उल्लेख गरेका छन् । त्यस्तै, विद्युत् महसुल बक्यौताको आरोप आफूमाथि लगाइएकोमा विद्युत् नियमन आयोगबाट गत १२ मंसिरमा आएको पत्रपछि असुली प्रक्रिया अवरुद्ध भएको रिटमा उल्लेख गरेका छन् । 'तालुक निकाय एवं अधिकारीबाट तत्काल भइरहेको कारबाही रोकी असुली कारबाहीमा पटक-पटक निर्देशित गरी हस्तक्षेप गर्ने, सोही कारणले विद्युत् महसुल असुल हुन नसकेको भनी निवेदकलाई आक्षेप लगाउने र निवेदक दण्डित हुनुपर्ने विडम्बनापूर्ण अवस्था विपक्षीबाट सिर्जना गरिएको छ,' रिटमा छ ।

स्वार्थअनुरूप सार्वजनिक संस्था सञ्चालन गर्ने उद्देश्यले विपक्षी शाक्यलाई नियुक्त गरी आफूमाथि कारबाही भएको कुलमानको आरोप छ । अधिकार छ भन्दैमा सफाइको औपचारिकता पूरा नगरी सेवाबाट हटाउन मन्त्री खड्काले बदनियतपूर्वक आफूमाथि कारबाही गरेको पनि उनको भनाइ छ । महसुलमा छुट बीजक दिइए पनि ठुला उपभोक्ताबाट प्रभावित भई हालको निर्णय भएको आरोप पनि लगाएका छन् ।

'...निवेदकलाई ठुलो बक्यौता राख्ने उपभोक्ताद्वारा प्रभावित भई विपक्षीबाट निवेदकउपर विवादित कारबाही गरिएको विपक्षीहरूबाट भए-गरेका कार्य एवं अभिव्यक्तिबाटै प्रमाणित हुन्छ । प्राधिकरणलाई रकम भुक्तानी गर्नुपर्ने दायित्व भएका औद्योगिक घरानाको भनाइ, कार्यशैली र सोलाई समर्थन र पृष्ठपोषण गर्ने विपक्षीको क्रियाकलापबाट को-कसको स्वार्थ र प्रभावमा कारबाही भएको हो प्रस्ट हुन्छ,' कुलमानको निवेदनमा उल्लेख छ ।

त्यस्तै, प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य पनि अघिल्लो कार्यकालको सेवासुविधा माग्दै सर्वोच्च पुगेका छन् । उनको तर्फबाट ललिता महर्जनले दिएको निवेदन बिहीबारै दर्ता भएको सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए । ०७७ माघ २९ मा चार वर्षका लागि प्राधिकरणको कार्यकारी प्रमुख नियुक्त भएकामा उनलाई तत्कालीन सरकारले २७ साउन ०७८ मा ऊर्जा मन्त्रालयमा ऊर्जा विशेषज्ञका रूपमा सरुवा गरेको थियो । त्यसविरुद्ध त्यतिवेलै सर्वोच्च पुगेका शाक्यको निवेदनउपर हालसम्म सुनुवाइ भएको छैन । अहिले उनी त्यही कार्यकालको सेवासुविधा माग्दै नयाँ निवेदन लिएर सर्वोच्च पुगेका हुन् । शाक्यले कुलमान, ऊर्जा मन्त्रालय, तत्कालीन ऊर्जामन्त्री र सचिवलगायतलाई विपक्षी बनाई रिट दर्ता गराएका छन् ।

'निवेदनपत्रमा सुनुवाइ भई किनारा नभएको कारणबाट मैले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पदावधि बाँकी नै रहेको भए पनि पदाधिकार प्रयोग गर्नबाट वञ्चित भएँ । साथै पदमा रही कार्य गरेबापत प्राप्त हुने आर्थिक लाभसमेतबाट वञ्चित भई आएको छु । कुनै तलब सुविधा प्राप्त गरेको छैन,' उनको निवेदनमा छ ।

पिपिए खुलाउने र कर्मचारी सरुवाको अधिकार मन्त्रीले लिने निर्णयमा प्राधिकरणका कर्मचारीको विरोध

ऊर्जामन्त्री दीपक खड्काले निजी आयोजनासँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुलाउने तथा कर्मचारीको सरुवा, बढुवाको अधिकार आफैँले लिने गरी गरेको निर्णयको विद्युत् प्राधिकरणका कर्मचारीले विरोध गरेका छन् । प्राधिकरण कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई ल्याएलगत्तै मंगलबार रातारात सञ्चालक समिति बैठक राखेर मन्त्री खड्काले दुई वर्षदेखि कुलमानले रोकेको पिपिए खुलाउने र 'नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा सर्त विनियमावली, २०७५' संशोधन गर्ने निर्णय गराएका थिए । हालको विनियमावलीमा सबै कर्मचारीको खटनपटन कार्यकारी निर्देशकले गर्ने व्यवस्था रहेकोमा खड्काले १०औँ र सोभन्दा माथिल्लो तहका कर्मचारीहरूको सरुवा, बढुवादेखि काजमा खटाउनेलगायत अधिकार आफूमा ल्याउने गरी निर्णय गरेका हुन् ।

प्राधिकरणको आधिकारिक ट्रेड युनियनले नै यसको विरोध गर्दै नवनियुक्त कार्यकारी निर्देशक शाक्यलाई पत्राचार गरेको छ । उक्त निर्णय मान्य नहुने युनियनको चेतावनी छ । 'विगतका दिनहरूमा प्राधिकरणमा क्रियाशील ट्रेड युनियनहरूसँगको व्यापक छलफलपछि मात्र विनियमावली संशोधन हुने गर्थ्यो । तर, अहिले १२ चैतमा बसेको सञ्चालक समितिको बैठकबाट संशोधन गर्ने निर्णय भएकोमा आधिकारिक ट्रेड युनियनको गम्भीर ध्यानाकर्षण भएको छ,' पत्रमा भनिएको छ, 'सरोकारवाला पक्ष र आधिकारिक ट्रेड युनियनसँग कुनै पनि छलफल नगरी भएको निर्णय मान्य नहुने व्यहोरा अनुरोध गर्दछौँ ।'

उक्त निर्णयले कर्मचारी र संस्थालाई दीर्घकालीन असर पार्ने आधिकारिक ट्रेड युनियनको भनाइ छ । 'तसर्थ, कर्मचारीसँग प्रत्यक्ष सरोकार राख्ने विनियमावली संशोधन गर्दा आधिकारिक ट्रेड युनियनको प्रतिनिधि एवं सरोकारवाला पक्षसँग व्यापक छलफल र बहसपछि मात्रै निर्णय गरियोस् भन्ने जोडदार माग गर्दछौँ,' पत्रमा भनिएको छ, 'अन्यथा, ट्रेड युनियन ऐनको मर्मविपरीत भएमा कडाभन्दा कडा आन्दोलनका कार्यक्रम अगाडि बढाउन बाध्य हुनेछौँ । यसबाट सिर्जना हुने परिस्थितिको जिम्मेवार स्वयं व्यवस्थापन हुने व्यहोरासमेत अनुरोध छ ।'

त्यस्तै, प्राधिकरणको कर्मचारी कल्याण परिषद् र राष्ट्रिय कर्मचारी युनियनले पिपिए खुलाउने निर्णयको पनि विरोध गरेका छन् । पूर्वअभ्यासविपरीत वित्तीय जोखिमको आकलन, बजारको सुनिश्चितता, जोखिम न्यूनीकरणका कार्ययोजनासमेत तयार नगरी तत्काल पिपिए गर्ने निर्णय गर्नु गलत भएको शाक्यलाई बुझाएको पत्रमा उल्लेख छ ।

समाजवादी...

पृष्ठ १ बाट क्रमशः

मुख्य तीन रुट निर्धारण गरेको छ । उपत्यकाका विभिन्न ठाउँबाट जनप्रदर्शनसहित प्रदर्शनीमार्ग प्रवेश गर्ने मुख्य सडकमा 'टी' आकारमा सभा हुँदै छ । रत्नपार्क, भद्रकाली र भृकुटीमण्डपतर्फको सडकमा सहभागी बस्नेछन् । कोटेश्वर-नयाँ बानेश्वर-माइतीघर-भद्रकाली हुँदै भृकुटीमण्डप पुग्ने ऱ्याली भद्रकालीतर्फ मुख्य सडकमा रहनेछ । त्यस्तै, अर्को रुट कुपन्डोल-त्रिपुरेश्वर-सुन्धारा-शान्तिवाटिका हुँदै भृकुटीमण्डप पुग्नेछ र रत्नपार्कतर्फ मुख्य सडकमा रहनेछ । तेस्रो रुट सोह्रखुट्टे-लैनचौर-नागपोखरी-पुतलीसडक हुँदै भृकुटीमण्डप पुग्नेछ र प्रदर्शनीमार्गको सडकमा रहनेछ ।

प्रदर्शनअघि पार्टीगत रूपमा जम्मा हुने स्थान पनि तोकिएको छ । माओवादीका कोटेश्वर हुँदै पूर्वबाट आउनेहरू बबरमहलमा, ललितपुर हुँदै दक्षिणबाट आउनेहरू कुपन्डोल, कलंकी हुँदै पश्चिमबाट आउनेहरू त्रिपुरेश्वर र बालाजु हुँदै उत्तर-पश्चिमबाट आउनेहरू सोह्रखुट्टेमा जम्मा भएर प्रदर्शनमा सहभागी हुनेछन् । एकीकृत समाजवादीका मैतीदेवी, डिल्लीबजार चोक र शान्तिवाटिकामा जम्मा भएर प्रदर्शनमा सहभागी हुनेछन् । नेकपाका सुन्धारा र नेसपाका न्युरोड गेटमा जम्मा भएर प्रदर्शनमा सहभागी हुने तय गरिएको छ । जनप्रदर्शन भृकुटीमण्डपमा पुगेर सभामा परिणत हुनेछ ।

मोर्चाले 'यथास्थिति र प्रतिगामी षड्यन्त्रको विरोध गरौँ, गणतन्त्रको संवर्द्धन र राष्ट्रियताको संरक्षण गरौँ' भन्ने मूल नारा तय गरेको छ । राष्ट्रिय परिस्थिति, सरकारको नालायकीपन, इतिहासमा थन्किसकेको प्रतिगामीबारे जनतालाई सुसूचित गर्न जनप्रदर्शन र जनसभा आयोजना गरिएको माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले बताए । विकृति, विसंगति र भ्रष्टाचारविरुद्ध, जनजीविका, राष्ट्रियता र व्यवस्थाको रक्षाका निम्ति शक्तिको स्रोत जनतामै जानुपर्छ भनेर जनप्रदर्शन गर्न लागिएको उनको भनाइ छ ।

'संविधानको मर्म र भावनाविपरीत बनेको सरकारले भ्रष्टाचारीलाई संरक्षण गर्ने काम गर्‍यो । सेवा प्रवाह चुस्तदुरुस्त हुन सकेन, जनताप्रतिको उत्तरदायित्व पनि सरकारले निभाउन सकेन । सबैतिर सरकार असफल भइरहेको छ । यो परिस्थितिमा सरकारको कुशासन, नालायकीका कारणले अराजकता फैलाउने एउटा दुष्प्रयत्न भइरहेको छ,' सापकोटाले भने, 'तर, नेपाली जनता अब पछाडि फर्किने कल्पना पनि गर्न सक्दैनन् । इतिहासमा थन्क्याइसकेको राजतन्त्र फर्किने कुरा नेपाली जनता सोच्न पनि सक्दैनन् ।'

सरकारले बिचौलिया र दलालहरूको इसारामा देश र जनताको हितविपरीत काम गरिरहेकाले यही मौकामा पानीलाई धमिलो पारेर माछा मार्न सकिन्छ कि भनेर राजावादी र अन्य शक्तिले दुष्प्रयत्न गरेको सापकोटाको आरोप छ । 'जनता लोकतान्त्रिक मूल्य-मान्यता, आदर्शमा स्पष्ट छन् । हामीले रगत बगाएर बनाएको संविधानमा स्पष्टसँग सार्वभौमसत्तासम्पन्न नेपाली जनता हुन् । त्यो मान्यतामा नेपाली जनता प्रस्ट छन् । जनताले लडेर ल्याएको यो व्यवस्था उल्ट्याउने खालको दुस्साहस भइरहेको वेलामा जनतामै जानुपर्छ भनेर बृहत् जनप्रदर्शनसहित जनसभा गर्दै छौँ,' उनले भने ।

जनप्रदर्शन शान्तिपूर्ण र भव्य रूपमा सम्पन्न हुने मोर्चाले दाबी गरेको छ । 'कार्यक्रमस्थलमा जनतालाई चारैतिरबाट शान्तिपूर्ण रूपमा लिएर जान्छौँ,' समाजवादी मोर्चाका सचिवालय सदस्यसचिव खड्गबहादुर विश्वकर्माले भने, 'कम्युनिस्ट क्रान्तिकारीहरू, वामपन्थीहरू राष्ट्रको स्वाधीनता र जनताको मुक्ति चाहनेहरू प्रतिगमनविरुद्ध, राष्ट्रिय स्वाधीनताको पक्षमा, जनजीविका र अधिकारका निम्ति जनप्रदर्शनमा सहभागी हुनुहुन्छ ।' मोर्चाले देशलाई मध्ययुगतिर फर्काउन षड्यन्त्र भइरहेको भन्दै सचेत बन्नुपर्ने आवश्यकता औँल्याएको छ ।

राजावादीको...

पृष्ठ १ बाट क्रमशः

एक साताभित्र राजसंस्था पुनर्स्थापनालगायतका लागि वार्ता नभए २१ चैतदेखि आन्दोलन सशक्त बनाउने चेतावनीसमेत दिए ।

राप्रपा र राप्रपा नेपालभित्र भने प्रसाईंलाई जनकमान्डर बनाउने सुवेदीको निर्णयप्रति असन्तुष्टि छ । 'पार्टीहरूलाई पाखा लगाउनका लागि यो प्रपञ्च रचिएको हो कि भन्ने हाम्रो आशंकामा बल पुगेको छ । यो निर्णय सही होइन भन्नेमा आमपार्टीपंक्ति सहमत छ,' राप्रपाका एक पदाधिकारीले भने, 'तर, साझा उद्देश्यका लागि हामी सहयोग गर्छौं ।' राप्रपा र राप्रपा नेपालले आन्दोलनलाई भने सघाउने भएका छन् । यसका लागि कार्यकर्ता पंक्तिलाई अपिल गरेका छन् । पत्रकार सम्मेलनमा राप्रपाका पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, महामन्त्री डा. धवलशमशेर राणालगायत सहभागी थिए ।

शुक्रबारको प्रदर्शनपछि आइतबारदेखि आन्दोलनका कार्यक्रम थपिँदै जाने संयोजक सुवेदीले बताए । 'आजको मितिले एक हप्ताभित्र सरकारले हाम्रो शान्तिपूर्ण आग्रहलाई बेवास्ता गरेको खण्डमा हामी हाम्रो आन्दोलनलाई चैत २१ गतेदेखि सशक्त बनाउँदै लैजान बाध्य हुनेछौँ । त्यसबाट सिर्जित नतिजाको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्नेछ,' सुवेदीले भने ।

समितिले संवैधानिक राजसंस्था र सनातन हिन्दु अधिराज्यको पुनर्स्थापना, संघीयता खारेजी तथा भ्रष्टाचार नियन्त्रण र सुशासनको माग अघि सारेको छ । 'देशमा क्रियाशील सबै राजनीतिक दल, संस्था, शक्ति र आमजनसमुदायको सामूहिक इच्छाशक्ति, प्रयास र सहकार्यबाट मात्र अनुकूल एवं अपेक्षित व्यवस्था र अवस्था परिवर्तन सम्भव छ,' सुवेदीले भने । उनले नेपाली जनताको एकता र अखण्डताको प्रतीकको रूपमा रहिआएको श्रीपेच संविधानसभाको लोकमतलाई शिरोधार्य गर्दै पूर्वराजा ज्ञानेन्द्र शाहले नेपाली जनतालाई सुम्पेको, तर जनमत स्थिर र अपरिवर्तनीय नहुने भएकाले पुनः राजसंस्थाको औचित्य देखिएको दाबी गरे ।

'हिजो गणतन्त्र खोजेका सार्वभौमसत्ताका मालिक नेपाली जनताले आज पुनः राजसंस्था खोजेका छन् । यो जनमत स्थिर र अपरिवर्तनीय स्वरूप र प्रकृतिको हुँदैन भन्ने ज्वलन्त उदाहरण नेपालको वर्तमान जनमत हो,' सुवेदीले भने, 'नेपाली जनताको चाहना राजतन्त्र अथवा राजाको शासन होइन, राजनीतिभन्दा माथिको अभिभावकीय भूमिकाको संवैधानिक राजसंस्था मात्र हो ।'

संवैधानिक राजसंस्थाको परिकल्पना गरिएको भन्दै राजसंस्था सँगसँगै देशमा राजनीतिक दलहरूको अस्तित्व रहनुपर्ने पनि सुवेदीले बताए । 'त्यसका लागि विना कुनै धनजनको क्षति वर्तमान राजनीतिक दलहरू शान्तिपूर्ण रूपमा सहमतिमा जानुपर्छ भन्ने हाम्रो मान्यता हो,' उनले भने, 'अहिले केही कोणबाट राजसंस्थावादीहरू सक्रिय राजतन्त्रका निम्ति प्रयासरत छन् भन्ने गलत भाष्य निर्माण गर्ने प्रयास भइरहेको छ । आमनेपाली जनताले विश्वव्यापी मानव अधिकारका मूल्य-मान्यतालाई सम्मान गर्ने र जनताको सर्वोच्चतालाई आत्मसात् गर्ने राजसंस्था खोजेका हुन् भन्नेमा हामी प्रस्ट छौँ ।'

सुवेदीले जनजीविकाका सवाल, गरिब र विपन्नले भोग्नुपरेका पीडा, विदेशमा बस्ने र बिदेसिन बाध्य युवाका भावनालगायत बैंक, लघुवित्त, सहकारी र मिटरब्याज ऋणपीडित तथा सहकारी बचतपीडितको मागलाई उचित रूपमा सम्बोधन गर्न पनि माग गरे । आफ्ना माग सम्बोधन गर्न वर्तमान संविधानमा सानातिना फेरबदल गरेर सम्भव नहुने पनि उनले बताए ।

'तसर्थ, व्यापक रूपमा सबैले प्रशंसा गरेको २०४७ सालको संविधानलाई आधार मानेर २०७२ सालको संविधानका सकारात्मक प्रावधानहरूलाई समेट्दै प्रमुख राजनीतिक पक्षहरूबिच सहमतिको बाटो बनोस् भन्ने हामी चाहन्छौँ,' उनले भने, 'त्यसो गर्दा संविधान र व्यवस्था दुवैमा संरचनागत पुनरावलोकन गर्न सकिनेछ । त्यसबाट मात्र नेपालको क्षीण हुँदै गएको राज्य, राजनीति र समाजलाई ट्र्याकमा ल्याउन सम्भव हुनेछ ।' सुवेदीले अहिंसात्मक एवं शान्तिपूर्ण सहकार्यको प्रक्रिया तथा मार्ग रोजेको, तर आफ्ना माग बेवास्ता भए परिणाम अनुकूल नहुने पनि चेतावनी दिए ।

राप्रपाका महामन्त्री डा. धवलशमशेर राणा संयोजक रहेको आन्दोलन परिचालन समितिमा देशभरबाट एक हजार १११ सदस्य समेटिएको जानकारीसमेत दिए । आन्दोलन परिचालन समितिअन्तर्गत एउटा उच्चस्तरीय कार्यदल पनि रहने संयोजक सुवेदीले बताए ।

पुसदेखि...

पृष्ठ १ बाट क्रमशः

भने गुरागाईंमाथिको छानबिनको प्रतिवेदन माग गर्दै नयाँ प्रशासकीय पठाउन मानिरहेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को ४ मा प्रमुख प्रशासकीय नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउन सक्ने व्यवस्था छ । सोही ऐनले दिएको अधिकार प्रयोग गरेर सरकारले प्रमुख प्रशासकीय तोकिदिनुपर्ने महानगरले आग्रह गर्दै आएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले भने काठमाडौं महानगरमा प्रशासकीय अधिकृत पठाउने विषय अन्योल रहेको बताए ।

'महानगरले हालसम्म एउटा मात्र पत्र पठाएको छ, अन्य पत्र प्राप्त भएका छैनन्, त्यहाँ नयाँ प्रशासकीय अधिकृत पठाउनेबारे टुंगो छैन,' उनले भने, 'अहिलेकै प्रशासकीयलाई काम गर्ने वातावरण बनाइदिन भनेका छौँ । तत्कालीन प्रमुख प्रशासकीयमाथि भएको छानबिनको प्रतिवेदन मागेका छौँ ।'

संघीय...

पृष्ठ १ बाट क्रमशः

समिति सभापति रामहरि खतिवडालाई प्रतिवेदन बुझाएका थिए । 'मुलुकमा संघीयता लागू भएको झन्डै १० वर्ष पुग्न लाग्दा पनि निजामती ऐन नआउँदा शासकीय स्वरूपको सञ्चालनमा समस्या भइरहेको थियो । लामो प्रतीक्षापछि आज केही स्टेप अगाडि जाँदै छौँ । सबैको चाहना सकेसम्म चाँडो प्रक्रियामा जाओस् । समितिमा गएर यसै अधिवेशनबाट पास होस्,' उनले भने ।

संयोजक बडूका अनुसार कुलिङ पिरियड, ट्रेड युनियन, प्रदेशमा पनि अतिरिक्त सचिव, ६० वर्षमा अवकाशका विषयमा केही सांसदले फरक मत राखेकाले समितिले थप छलफल गरेर टुंग्याउनुपर्नेछ । कुलिङ पिरियड संवैधानिक आयोगमा एक वर्ष र अन्य एनजिओ वा आइएनजिओमा दुई वर्ष राख्ने प्रस्ताव छ । केही सांसदले सबैतिर दुई वर्ष नै राख्नुपर्ने भनेका छन् । ट्रेड युनियन यथावत् राख्ने उपसमितिको बहुमतको निष्कर्षमा रास्वपाकी चन्दा कार्की, राप्रपाका बुद्धिमान तामाङ र एकीकृत समाजवादीका राजेन्द्र पाण्डेले फरक मत राखेका छन् । उनीहरूले एउटा आधिकारिक ट्रेड युनियन मात्र हुनुपर्ने, अधिकृत नभई सुब्बाले नेतृत्व गर्नुपर्ने र दलीय युनियनहरू खारेज गर्नुपर्ने भनेका छन् ।

अवकाशको उमेर ६० वर्ष पुर्‍याउने मापदण्डमा थप छलफल गर्नुपर्ने भनिएको छ । यसमा सुरुवाती ६, त्यसपछि एक र अन्तिम ६ महिनाको मोडलमा जानुपर्ने भनिएको छ । अतिरिक्त सचिव प्रदेश पठाउने कि नपठाउने विषय पनि मिलेको छैन । माओवादीका हितराज पाण्डे र जसपा नेपालका प्रकाश अधिकारीले प्रदेशमा पनि पठाउनुपर्ने अडान लिएका छन् ।

उपसमितिले सरुवा-बढुवा व्यवस्थित गर्न भौगोलिक कार्यक्षेत्र निर्धारण गरेको छ भने तोकिएको न्यूनतम अवधि सेवा गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । मुख्यसचिव र सचिवको कार्यकाल एक-एक वर्ष घटाइएको छ । निजामती कर्मचारीको विवाह बिदाको व्यवस्था हटाएको छ । पर्यटन बिदा पनि आन्तरिकमा मात्रै पाउने व्यवस्था गरिएको छ । पर्यटन बिदा बसेको कर्मचारीले गएको गन्तव्यको रिपोर्ट दिनुपर्ने व्यवस्था गरिएको छ । अतिरिक्त सचिवको संख्या ऐन बनेको तीन महिनाभित्र कहाँ-कहाँ आवश्यक छ भनेर किटान गर्ने भनिएको छ ।

प्रतिवेदन बुझ्दै सभापति खतिवडाले समितिबाट पारित गरेर छिट्टै सदनमा पेस गर्ने बताए । 'उपसमितिबाट प्रतिवेदन समितिलाई प्राप्त भएको छ । छिट्टै समितिको बैठकमा प्रस्तुत गर्छु । समितिले गरेको निर्णयबमोजिम संसद्मा लैजान्छौँ,' उनले भने ।

कोशी...

पृष्ठ १ बाट क्रमशः

अन्त्य गरिदिएको छ । जसकारण सभाले नियमावलीका लागि अझै कम्तीमा एक-दुई महिना कुर्नुपर्ने देखिएको छ ।

मस्यौदा समितिका संयोजकसमेत रहेका एमाले सांसद लीलाबल्लभ अधिकारीले छैटौँ अधिवेशनमा मस्यौदा पेस गर्ने लक्ष्य रहे पनि ढिलो भएको स्वीकार गरे । आगामी अधिवेशनमा नियमावलीको मस्यौदा पेस गर्ने उनले बताए ।

अधिकारी नेतृत्वको समितिले १५ चैत ०७९ मै सभामुखलाई मस्यौदा बुझाएपछि सदनमा पेस भएको थियो । तर, माओवादीले दुई वर्षअघि प्रदेशको नाम संशोधन गर्न मिल्ने व्यवस्था पनि थपेर नियमावली ल्याउनका लागि संशोधन हालेपछि छलफल नै अगाडि बढेन । यसबिचमा सदन चलिरहेको थियो । छैटौँ अधिवेशनमा आएर प्रतिपक्षले अघिल्लो कार्यकालको नियमावलीले सदन चलाउन नहुने भनेपछि सभामुख अम्बरबहादुर विष्टले नयाँ ढंगबाट मस्यौदा ल्याउन समितिमा फर्काइदिएका थिए ।

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले आफूहरूले हालेको संशोधनसँग डराएर अधिवेशन नै अन्त्य गरिएको बताए । 'हामीले प्रदेशको नाम संशोधनका लागि २५ प्रतिशत प्रदेश सभा सदस्यले संशोधनका लागि प्रस्ताव गर्न सक्ने र त्यसमा छलफल गरी सभामुखले एक वर्षमा एकपटक मतदान गराउन सक्ने गरी संशोधन हालेका छौँ,' उनले भने, 'यसबाट डराएर सत्तापक्षले नियमावली अघि बढाएन ।'

नियमावली बनाउन नसक्दा पहिलो कार्यकालको नियमावलीले नै सदन सञ्चालन गर्नुपर्ने बाध्यता रहेको सभामुख अम्बरबहादुर विष्टले बताए । उनले भने, 'नियमावली बनाउनचाहिँ ढिला भएकै हो । यसपटक नियमावली पेस गर्ने गरी छलफल भइरहेको थियो । समय पुग्दानपुग्दै अधिवेशन अन्त्य भयो ।' एमाले संसदीय दलका प्रमुख सचेतक विदुरकुमार लिंथेपले माओवादीको संशोधनका कारण यसपटक नियमावलीको मस्यौदा पेस हुन नसकेको दाबी गरे ।

श्री मुक्तिनाथ बचत तथा ऋण सहकारी संस्था लि .

धुम्बाराही, काठमाडौं ०१४००७५३४,०१४००७६१५

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

प्रकाशित मिति २०८१/१२/१५

यस श्री मुक्तिनाथ बचत तथा ऋण सहकारी संस्थाको तपशिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज र हर्जाना आदि नबुझाई कर्जाको शर्त बन्देज उलङ्घन गर्नु भएकोले ऋण कर्जा लगाएतको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक एवं लिखित रुपमा जानकारी गराउँदा समेत कर्जा चुक्ता गर्न नआउने साथै सूचना हुलाक मार्फत पठाउदा पनि पत्र बुझ्न नमानी वेवास्ता गरि बसेको हुनाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना लगायतका अन्य दै दस्तुर बुझाउनु होला । उक्त मिति भित्र तपाईले बुझाउनु पर्ने बक्यौता रकम भुक्तान नभएमा सहकारी ऐन तथा नियमावली अनुसार संस्थालाई धितो लेखिदिएको तपशिलको अचल सस्पति लिलाम बिक्री गरि असुल उपर गरिने व्यहोरा यसैं सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
नाम : पवित्रा कुवर ससुरा : गंगा बहादुर कुँवर श्रीमान्: झटक बहादुर कुँवर ठेगाना : पर्वत जिल्ला पाङराङ गा.वि.स वडा नं ८, कोलडाँडा हाल काठमाडौ जिल्ला का.म.न.पा वडा नं ३, बसुन्धारा	**नाम : झटक बहादुर कुँवर** बाजे : देवि प्रसाद कुँवर बुवा : गंगा बहादुर कुँवर ठेगाना : पर्वत जिल्ला पाङराङ गा.वि.स वडा नं ८, कोलडाँडा हाल काठमाडौं जिल्ला का.म.न.पा वडा नं ३, बसुन्धारा

धितो रहेको सम्पतीको विवरण
ऋणीको नाममा रहेको काठमाडौं जिल्ला का.म.न.पा.वडा नं ३ कित्ता नं १२६ को क्षेत्रफल १११.२५ ब.मि. घर जग्गा

Government of Sudur Pashchim Province
Ministry of Social Development

Province Health Logistic Management Center

Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

Date of publication: 2081/12/15 (March 28, 2024)

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali invites electronic bids: under National competitive bidding– Single Stage Two Envelope procedures as:

IFB no:-	Description of Goods:	Bid Security	Bid Security Validity
PHLMCSP/ G/NCB-19/081-082	The Procurement of Bacillus Thuringiensis Var. Israelensis (BTI) 5% Powder and Spray Tank	NRs 95,000/- (Rupees Ninety Five Thousand only)	2082/05/10 (August 26, 2025) or 120 days beyond the day of bid opening.

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp.

Acting Director

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय-५,
बुटवल, रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८१/१२/१५)

यस कार्यालयको मिति २०८१/१०/१५ गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये न्यूनत्तम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र स्वीकृतको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (With VAT & PS)
1	PEP5/NCB/RT/ 08-081/08	Construction of gabion revetment and sloping revetment at Tinau River, Tilottama-14, Amuwa pul, Rupandehi.	Prime Company Pvt.Ltd., Tarkeswar, Kathmandu	2,00,11,056.79
2	PEP5/NCB/RT/ 09-081/082	Construction of Earthen embankment with sloping revetment at Devdaha-03, Basantapur, Rupandehi.	Prime Company Pvt.Ltd., Tarkeswar, Kathmandu.	1,58,64,936.88
3	PEP5/NCB/RT/ 10-081/082	Construction of counterfort retaining wall and gabion works at Tinau River, Butwal-09, Itiyabadh, Rupandehi.	Ganesh-KAP J.V., Lamjung.	2,22,95,238.02
4	PEP5/NCB/RT/ 11-081/082	Construction of bed bar and plum retaining wall at Tinau River, Butwal-11, Rupandehi.	KAP-GNS J.V., Lamjung.	1,69,76,397.67
5	PEP5/NCB/RT/ 13-081/082	Construction of Gabion Revetment with sloping gabion work at Rohini River, Devdaha-12, Sukrauli, Rupandehi.	Deurali Super Construction Company Pvt.Ltd., Bhimeshwor, Dolakha.	2,68,13,075.18

कार्यालय प्रमुख

रामगोपालपुर नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृतका लागि आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१५)

यस कार्यालयबाट मिति २०८१/०९/२९ गते अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन , २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

S. N.	Contract No.	Description of Work	Bidder's Name	Bidding Amount (with VAT and PS)
1	01/SPS/NCB/ RGPMUN/ 2081/082	The Construction of Cold Store, Ramgopalpur ward no.9	Dhana/Gautam-J/V Chandragiri-11, Satungal, Kathmandu	2,12,66,144.99

प्रमुख प्रशासकीय अधिकृत

तीन शीर्ष नेताले दोहोऱ्याए द्वन्द्वपीडितलाई न्याय दिलाउने प्रतिबद्धता



● **केपी ओली**, प्रधानमन्त्री

अहिले पनि हिंसालाई ग्लोरिफाई गर्ने, बाजा बजाउने कुरा किन भइरहेको छ ? द्वन्द्वमा हजारौँ अंगभंग र टुहुरा भए। त्यसमा मल्हम लगाउनुपर्नेमा किन ग्लोरिफाई गरिरहेका छौँ ? यसबाट मुक्त हुनुपर्छ।



● **शेरबहादुर देउवा**, सभापति, काँग्रेस

पीडितलाई न्याय दिलाउन यो सरकार प्रस्ट छ। पारदर्शी ढंगले सबैको सुझाव र भावना बुझेर न्याय प्रक्रिया अघि बढ्छ। कुनै छलछाम हुनेछैन। संक्रमणकालीन न्याय नेपालले आफ्नै घरभित्रबाट समाधान गरेर विश्वका लागि उदाहरणीय बन्न सक्नुपर्छ।



● **प्रचण्ड**, अध्यक्ष, माओवादी

शान्ति प्रक्रिया कहिले कानुनी, कहिले प्राविधिक र कहिले राजनीतिक उत्तरचढावले ढिलो भएकै हो। तर, नेपालको शान्ति प्रक्रिया मौलिक पनि छ। यहाँसम्म आउँदा धेरै जटिल विषय कार्यसम्पादन हुँदै आएका छन्।



'नेपालको संक्रमणकालीन न्याय प्रक्रिया तथा द्वन्द्वपीडितहरूको सत्य, न्याय र परिपूरणीय अधिकारसम्बन्धी' राष्ट्रिय सम्मेलनको बिहीबार संयुक्त उद्घाटन गर्दै प्रधानमन्त्री केपी ओली, काँग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्ड।

नयाँ पत्रिका

माओवादी द्वन्द्वका वेला बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनका लागि सहमति गरेका तीन ठुला दलका शीर्ष नेताहरूले द्वन्द्वपीडितको न्यायका लागि प्रतिबद्धता जनाएका छन्। बिहीबार द्वन्द्वपीडितहरूको संक्रमणकालीन न्याय सम्मेलनमा सहभागी एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओली, काँग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डले द्वन्द्वपीडितलाई न्याय दिलाउने प्रतिबद्धता दोहोऱ्याएका हुन्। तीन नेताको सहमतिअनुसार गत सोमबार मात्रै सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्य नियुक्तिका लागि सिफारिस समिति गठन गरेको थियो।

प्रधानमन्त्री ओलीले संक्रमणकालीन न्यायसम्बन्धी कानुन पास गरिसकेको जानकारी दिँदै हिंसाको महिमा गर्ने र हिंसाको बाजा बजाउने काम अझै भइरहेको आरोप लगाउँदै त्यसको अन्त्य गर्नुपर्ने बताए। 'अहिले पनि हिंसालाई ग्लोरिफाई गर्ने, बाजा बजाउने कुरा किन भइरहेको छ ?' उनले भने, 'द्वन्द्वमा हजारौँ अंगभंग र टुहुरा भए। त्यसमा मल्हम लगाउनुपर्नेमा किन ग्लोरिफाई गरिरहेका छौँ ? यसबाट मुक्त हुनुपर्छ।'

ओलीले माओवादी द्वन्द्व गलत भएको टिप्पणी पनि गरे। 'त्यो (माओवादी द्वन्द्व) राष्ट्रिय गल्ती थियो। अब उप्रान्त त्यसो हुनुहुँदैन। अलिकति रिस उठ्यो भने फेरि ? फेरि ? भन्ने होइन। बिसाएका हौँ, छोडेका होइनौँ भन्ने होइन। मलाई त्यसमा डर छ, विलम्ब पनि त्यसैकारण भएको होला,' उनले भने।

नेपाली जनताले अब द्वन्द्वका घाउ बिर्सन चाहेको ओलीले बताए। 'सबै नेपाली जनता द्वन्द्वका घाउलाई बिर्सन चाहन्छन्। हिंसाको बाटो हामीले छोडिसकेका छौँ। अब उप्रान्त त्यस्ता काम नहोउन्, पीडितलाई न्याय दिन सकौँ। १८ वर्षसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त नगर्दा हामीलाई अन्तर्राष्ट्रियस्तरमा मुख देखाउन लाज लाग्ने स्थिति भएको छ, त्यसकारण अब हामी काम पूरा गर्न गम्भीर हुनुपर्छ। गम्भीर मानवअधिकारको उल्लंघन गर्नेलाई कारबाही हुन्छ,' ओलीले भने।

काँग्रेस सभापति शेरबहादुर देउवाले द्वन्द्वपीडितलाई न्याय दिन अहिलेको सरकार प्रतिबद्ध रहेको बताए। संक्रमणकालीन न्यायका लागि सरकारले आयोगको पदाधिकारी सिफारिस गर्न समितिसमेत गठन गरेकाले छिट्टै पूर्णता पाउने र त्यसपछि पीडितहरूले पनि न्याय पाउने उनको दाबी छ। 'पीडितलाई न्याय दिलाउन यो सरकार प्रस्ट छ। पारदर्शी ढंगले सबैको सुझाव र भावना बुझेर न्याय प्रक्रिया अघि बढ्छ। कुनै छलछाम हुनेछैन,' उनले भने। संक्रमणकालीन न्याय नेपालले आफ्नै घरभित्रबाट समाधान गरेर विश्वका लागि उदाहरणीय बन्न सक्नुपर्ने उनको भनाइ छ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) पारित भइसकेको र आयोग गठनका लागि सिफारिस समिति गठन भइसकेकाले पीडितहरूलाई न्याय दिने गरी छिटो काम सम्पन्न हुनुपर्नेमा जोड दिए। 'शान्ति प्रक्रिया कहिले कानुनी, कहिले प्राविधिक र कहिले राजनीतिक उत्तरचढावले ढिलो भएकै हो। तर, नेपालको शान्ति प्रक्रिया मौलिक पनि छ,' प्रचण्डले भने, 'यहाँसम्म आउँदा धेरै जटिल विषयहरू कार्यसम्पादन हुँदै आएका छन्। सेना समायोजन या संविधान निर्माणसँग सम्बन्धित होस्, यी दुवै सफलतापूर्वक सम्पन्न गरिएको छ।'

प्रचण्डले शान्ति प्रक्रिया टुंग्याउन आफूले धेरै ठुला जोखिम मोलेको पनि स्मरण गरे। सबै राजनीतिक दलहरूबिच शान्ति प्रक्रिया टुंग्याउन विमति नरहेको भन्दै अब विधेयक संशोधनतर्फ लाग्दा थप ढिलाइ हुन सक्ने उनको भनाइ छ। 'अब फेरि झमेलामा नजाऊँ, टुंग्याउनेतिर जाऊँ,' उनले भने, 'सर्वोच्चको फैसलालाई सम्मान गरेर विधेयक टुंग्याऊँ।'

मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष अलीविरुद्ध अख्तियारमा उजुरी

आफ्नै निवासमा बसेर भाडामा बसेको भन्दै प्रत्येक महिना सरकारबाट १८ हजार बुझेर भ्रष्टाचार गरेको दाबी

नयाँ पत्रिका



मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमद्दिन अलीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ। अख्तियारमा परेको उजुरीको दर्ता नम्बर सी ००९४८९ रहेको छ।

अली चार वर्षअघि मुस्लिम आयोगको सदस्यमा नियुक्त भएका थिए। काठमाडौं महानगरपालिका सामाखुसीस्थित आफ्नै घरमा बस्दै आएका अलीले भाडाको घरमा बसेको भनी प्रत्येक महिना १८ हजारका दरले घरभाडाबापतको रकम मुस्लिम आयोगबाट बुझ्दै आएका छन्।

राज्यकोषबाट गैरकानुनी लाभ प्राप्त गरेको र नेपाल सरकारलाई हानि-नोक्सानी पुऱ्याएको भन्दै उनीमाथि कारबाहीको माग गरिएको छ। 'अलीले अधिकारको दुरुपयोग गरेको हुँदा भ्रष्टाचारको कसुरमा छानबिन गरी कारबाही गरिपाउँ भनी यो निवेदन पेस गरिएको छ। निष्पक्ष रूपले छानबिन गरी कारबाही गरिपाऊँ,' अख्तियारमा दायर उजुरीमा भनिएको छ। मुस्लिम आयोगका अध्यक्ष सिममियाँ अन्सारी ६ वर्ष कार्यकाल पूरा गरी बिदा भएपछि वरिष्ठ सदस्यका हैसियतमा अलीले केही दिनअघि कार्यवाहक अध्यक्षको जिम्मेवारी पाएका हुन्।

अख्तियारले अलीविरुद्ध परेको उजुरीमाथि छानबिन प्रक्रिया अघि बढाएको जनाएको छ। अख्तियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रिपरिषद्को कार्यालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई उजुरी पठाएर आवश्यक कारबाही गरी जानकारी गराउन निर्देशन दिएको थियो। त्यसपछि मन्त्रालयले मुस्लिम आयोगलाई वास्तविकता के हो भनी सोधेको थियो। अलीले काठमाडौंको घर भत्केकाले भाडामा बस्नुपरेको भन्दै अख्तियारबाट जोगिन खोजेको स्रोतको दाबी छ। उनले आफ्नै घरमा बसोबास गरेर भाडामा बसेको भनी सुरुमा घरभाडा लिएका थिए। अख्तियारमा उजुरी परेपछि भने उनले केही महिनादेखि आयोगबाट घर मर्मतको नाममा पैसा लिने गरेको स्रोतले बतायो।

अलीले घरभाडाबापत साढे आठ लाखभन्दा बढी बुझिसकेका छन्। राज्य स्रोतमा हानि-नोक्सानी पुऱ्याउने व्यक्तिलाई संवैधानिक आयोगको कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएको भन्दै सर्वत्र विरोध भइरहेको छ। उनले छोरा मक्सुद अलीलाई स्वकीय सचिव बनाएर सेवा-सुविधा दिलाएका छन्। सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँले अलीलाई संरक्षण गरिरहेको स्रोतको दाबी छ। अली र मियाँ नातामा दाजुभाइ पर्छन्।

अलीले पनि आफूले घरभाडा लिएको स्वीकार गरेका छन्। उनले आफ्नो घरमा पार्किङको सुविधा नरहेकाले तीन वर्ष भाडाको घरमा बसेको दाबी पनि गरेका छन्। अलीले भाडाको घरमा बसेको दाबी गरे पनि उनी नियुक्ति भएदेखि नै आफ्नो घरमा बस्दै आएका छन्। सुरुमा अलीले आफ्नो काठमाडौंमा घर नरहेको झुटो विवरण दिई आयोगबाट घरभाडा लिइरहेका थिए।

कर्मनासाको १० रोपनी जग्गा खोज्दै प्रहरी

मालपोत र नापी कार्यालयको मिलेमतोमा सार्वजनिक जग्गा व्यक्तिको नाममा लैजाने आठ प्रहरी हिरासतमा




शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुरको हात्तीवन हुँदै इमाडोलतर्फ बग्ने कर्मनासा खोलाको जग्गा व्यक्तिको नाममा गर्ने प्रकरणमा मुछिएका आठजनालाई प्रहरीले अनुसन्धानको दायरामा ल्याएको छ। सेटिङमा खोलाको जग्गा व्यक्तिका नाममा गरेकामध्ये राधेश्याम श्रेष्ठ, सुजिता खड्का, सानुकृष्ण महर्जन, सानुबाबु डंगोल, प्रवेश डंगोल, केशव थापा, सनम महर्जन र राजु महर्जन यतिवेला जिल्ला प्रहरी परिसरको हिरासतमा छन्।

पक्राउ पर्ने सबै जग्गा कारोबारी हुन्। आठमध्ये दुईजनाको मात्र प्रहरीले बयान लिएको छ। बाँकी ६ जनाको बयान सकिएपछि मात्रै यसबारे यकिन तथ्य फेला पार्न सकिने जिल्ला प्रहरी परिसरका एसएसपी श्यामकृष्ण अधिकारीले बताए। हात्तीवन क्षेत्रका वातावरण अभियन्ता तथा स्थानीयवासीले खोलाको जग्गा व्यक्तिका नाममा लैजानेविरुद्ध गत भदौमा प्रहरीमा उजुरी दिएका थिए। उजुरी परेको तीन महिनापछि प्रहरीले मंसिरमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाएको हो। यसबारे केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र जिल्ला प्रशासन कार्यालय ललितपुरमा पनि उजुरी परेको थियो। सोही आधारमा जिल्ला प्रहरी परिसरले ०६८ को फाइलको ठेली नापी र मालपोत कार्यालयबाट झिकाएर फाइल खोलेको हो।

'खोलाको जग्गा व्यक्तिको नाममा गरेकोबारे गहन अध्ययन थालेका छौँ, बल्ल फाइलको ठेली मगाएका छौँ,' एसएसपी अधिकारीले भने, 'जग्गा व्यक्तिको नाममा लैजान ०६८ मै सेटिङ भएको देखिन्छ, अध्ययन गरिरहेकाले थप विषय पछि सार्वजनिक गर्नेछौँ।' उजुरीका आधारमा पक्राउ गर्नुपर्ने व्यक्ति दशजना भए पनि एकजना विदेश र अर्का एकजनाको नाम धेरैजनासँग जुधेकाले थप अनुसन्धान भइरहेको उनले बताए।

कर्मनासाको १० रोपनी जग्गा गायब भएको प्रहरीको ठहर छ। खोलाको जग्गा हडपेर दुई आना भएका व्यक्तिले दश आना र पाँच आना भएका व्यक्तिले १५ आनासम्म आफ्नो नाममा बनाएका थिए। यो सबै काम नापी र मालपोत कार्यालयसँगको मिलेमतोमा सम्भव भएको थियो। मालपोतका कर्मचारीले समेत कागजात किर्ते गरी खोलाको जग्गा व्यक्तिका नाममा गरेको प्रहरीको ठहर छ। प्रहरीले तत्कालीन समयका कर्मचारीबारे पनि छानबिन थालेको छ। 'त्यतिबेला जग्गा प्रकरणमा मुछिएका सबैजसो कर्मचारी अवकाशप्राप्त भइसकेका छन्, कोही कता कोही कता छन्, हामीले यसबारेमा सूक्ष्म अध्ययन गरिरहेका छौँ,' एसएसपी अधिकारीले भने, 'यस्तो काम ०६८ मा भएको रहेछ, त्यतिवेला जग्गा कारोबार गर्ने व्यक्ति र कर्मचारीको मिलेमतोमा खोलाको जग्गा हडपिएको रहेछ।'



● **एसएसपी श्यामकृष्ण अधिकारी**, ललितपुर प्रहरी परिसर

खोलाको जग्गा व्यक्तिको नाममा गरेकोबारेमा गहन अध्ययन थालेका छौँ। बल्ल फाइलको ठेली मगाएका छौँ। जग्गा व्यक्तिको नाममा लैजान ०६८ मै सेटिङ भएको देखिन्छ, अध्ययन गरिरहेकाले थप विषय पछि सार्वजनिक गर्नेछौँ।

खोलाको जग्गा व्यक्तिको नाममा गर्न खोलाको धार नै परिवर्तन गरिएको थियो। इमाडोल तथा सिलौटे क्षेत्रमा खोलालाई दायाँ-बायाँ मोडिएको छ। कर्मनासा नेपालको एक मात्र उत्तरतर्फ बग्ने खोला हो। तर खोलाको अधिकांश भूभाग अक्रिमणको चपेटामा परेको छ।

प्रहरीले पक्राउ गरेकामध्ये सबैभन्दा बढी जग्गा व्यक्तिको नाममा लैजाने सुजिता खड्का हुन्। उनको खास जग्गा पाँच आना भए पनि खोलाको अन्य १० आना जग्गा हडपेर १५ आना बनाएकी छिन्। त्यसपछि केही जग्गा उनले अन्य व्यक्तिलाई समेत किनबेच गरेको खुलेको छ। जग्गा नक्सा र किर्ते कागजातमै चोरिएको छ। त्यसमा कर्मचारीको प्रत्यक्ष मिलेमतो रहेको प्रहरीको आशंका छ, तर को-को कर्मचारी मुछिएका भनी उनीहरूको विवरण खोजी गरिरहेको एसएसपी अधिकारीले बताए। कर्मनासा खोला धेरै स्थानमा अतिक्रमणमा परेको छ। विशेष अदालतले १५ माघ ०८० मा कर्मनासा खोलाको जग्गा हिनामिना गरेको आरोपमा युरो हाउजिङ र युरो ल्यान्ड डेभलपर्सका सञ्चालक गुणीकाजी महर्जन, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, बबिन मानन्धर र उज्ज्वल मानन्धरलाई दोषी ठहर गरेको थियो।

विद्युत्को पोलमा बाँधेर महिलामाथि निर्घात कुटपिट, तीन पक्राउ



दाङ/ घोराहीमा विद्युत्को पोलमा बाँधेर एक महिलामाथि निर्घात कुटपिट भएको छ। घोराही- १० जलौराकी शिला चौधरीमाथि चाघुमा ९ चैतमा कुटपिट भएको हो। चाघुका गोपाल चौधरी र उनका आफन्तले सुरुमा घरभित्र र पछि विद्युत्को पोलमा बाँधेर कुटपिट गरेका थिए। कुटपिट गरेको भिडियो पनि सार्वजनिक भएको छ, शिला अचेत देखिन्छिन्। त्यसको भोलिपल्ट स्थानीयसहित नारायणपुरस्थित प्रहरी कार्यालयमा पुगेर ६१ हजार रुपैयाँमा मिलापत्र गरेपछि घटना सामसुम भएको थियो। तर, माइती पक्षले घटना सार्वजनिक गरेको हो।

बिहीबार जाहेरी परेपछि तीन महिलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका एसपी अर्जुन तिमिल्सिनाले बताए। 'घटना ९ चैतको रहेछ, मिलापत्र भएको रहेछ, हामीकहाँ त यो केस आएन,' उनले भने, 'माइतीतिरकाले थाहा पाएपछि घटना बाहिर आएछ, केस पनि हामीकहाँ दर्ता भएको छ।' मिलापत्र गर्दा दिइएको ६१ हजार रुपैयाँ फिर्ता गरेर अहिले उजुरी दर्ता गरेर अनुसन्धान अघि बढाइएको छ। पीडित महिला अहिले माइतीमा छिन्। शिला चाघुस्थित एउटा तरकारी फर्ममा काम गर्थिन्। त्यही क्रममा उनको स्थानीय गोपाल चौधरीसँग चिनजान थियो। ९ चैत राति ९ बजेतिर उनी गोपालको घरमा जाँदा उनलाई गोपाल, उनकी श्रीमती र आफन्तले कुटपिट गरेका थिए।

स्ववियु निर्वाचनलाई लिएर काँग्रेस र नेविसंघबिच विवाद

कास्की काँग्रेस सभापति बरालमाथि चन्दा उठाएर हिनामिना गरेको आरोप

कास्की/ हालै सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई लिएर कास्कीमा काँग्रेस र नेपाल विद्यार्थी संघबिच विवाद देखिएको छ। नेविसंघमा प्रतिनिधित्व गर्ने कास्कीका ११ केन्द्रीय सदस्यले बिहीबार पोखरामा पत्रकार सम्मेलन गर्दै काँग्रेस कास्की सभापति किशोरदत्त बरालमाथि निर्वाचनको नाममा चन्दा उठाएर अपचलन गरेको आरोप लगाएका छन्।



नेविसंघका केन्द्रीय सदस्यहरू राजेन्द्र बराल, नसिब गुरुङ, अञ्जान थापा, संस्कार कोइराला, विक्रमआदित्यसिंह गिरी, महादेव गिरी, राजीव बाँस्तोला, कविराज पहारी, यामकृष्ण पौडेल, सुजी मगर, गंगा गिरीले पार्टीको केन्द्रीय अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानालाई सम्बोधन गर्दै बराललाई कारबाही गर्न माग गरेका छन्। पत्रको बोधार्थ अनुशासन समिति, काँग्रेस कास्की, काँग्रेस गण्डकी प्रदेश कार्यसमिति र काँग्रेस केन्द्रीय कार्यसमितिलाई दिइएको छ। पत्रमा उनीहरूले स्ववियु निर्वाचनमा नेविसंघले संगठन र उम्मेदवारी दर्ता गर्न पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पसमा केन्द्रीय प्रतिनिधिका रूपमा राजेन्द्र बराल र संस्कार कोइराला खटिए पनि काँग्रेस कास्कीका सभापति बरालको निर्देशनमा केन्द्रीय सदस्य रेजिना खड्काद्वारा घोषित सचिव पदका उम्मेदवार प्रशान्त उपाध्यायको मनोनयनपत्र च्यातेको आरोप लगाइएको छ। संघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले सचिवको आधिकारिक उम्मेदवार प्रशान्त उपाध्याय रहेको भन्दै क्याम्पसमा औपचारिक जानकारी गराएकोमा सभापति बरालले सचिव कायम नभए पनि निर्वाचनमा सहभागी हुनु भनी एमाले, माओवादी र क्याम्पस प्रशासनसँग संवाद गरी संघको अस्तित्व र समग्र संगठनलाई नै लिलाम बनाएको आरोप लगाइएको छ। पछि आफूहरूले सचिवसहितको नामावली प्रकाशनको माग गरी क्याम्पसमा तालाबन्दी गरेकोमा काँग्रेस कास्कीको नेतृत्वमा नेविसंघले लगाएको ताला संघका क्याम्पस इकाइ सभापति सौगात पण्डितलाई भनेर फुटाइएको दाबी गरिएको छ।

तातोपानी नाकाबाट बढ्दै तस्करी

रेडिमेड सामान र स्याउको बाकसमा लुकाएर भेप र चिनियाँ मदिरा तस्करी हुने गरेको भन्सार कार्यालयको भनाइ

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**





चीनसँगको सबैभन्दा नजिकको नाका तातोपानीबाट अवैध सामग्री तस्करी बढ्दै गएको पाएको छ। विद्युतीय चुरोट (भेप), विभिन्न ब्रान्डका मदिरा तथा सुन तस्करी हुने गरेको पाइएको छ। गत बुधबार र बिहीबार बाह्रबिसेबाट २२ लाख २० हजार मूल्यबराबरको ७४० र लामेसाँघुबाट तीन लाखबराबरको १९५ थान भेप बरामद भएपछि तस्कर समूहले तातोपानी नाकालाई प्रयोग गरेर अवैध सामग्री ओसारपसार गरेको पुष्टि भएको हो।

स्वास्थ्य मन्त्रालयअन्तर्गत जनस्वास्थ्य सेवा विभागले अर्थ मन्त्रालयमार्फत भन्सार विभागलाई परिपत्र गरेर भेप पैठारीमा प्रतिबन्ध लगाएकाले लुकाइछिपाइ तस्करी गर्न थालिएको हो। 'भन्सारमा राजस्व तिरेर विद्युतीय चुरोट पैठारी गर्न पाइन्न। त्यसैले अवैध तरिकाले सामान ओसारपसार गरेको पाइन्छ,' तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत कमलकुमार भट्टराईले भने। अवैध सामग्री पैठारी हुन नदिन चेकजाँचमा सम्पूर्ण तागत र जनशक्ति लगाएको उनले दाबी गरे।

अवैध भेप तातोपानी र रसुवागढी नाका भएर काठमाडौं भित्रिरहेको बताइन्छ। तस्करले रातिको समयमा भोटेकोशी नदीबाट विभिन्न ब्रान्डका चिनियाँ रक्सी र भेप तारिरहेको स्थानीय बताउँछन्। सीमामा सशस्त्र प्रहरी र जनपथ प्रहरीको नियमित गस्ती हुन्छ। तस्करहरूले प्रहरीको समेत आँखा छलेर भेप तार्ने गरेका छन्। सीमानाकाको सम्पूर्ण सुरक्षाको जिम्मा लिएको सशस्त्र प्रहरी बलका एसपी अच्युतकुमार मजगैयाँले नाकामा तस्कर सक्रिय रहेको बताए। 'तस्करले चीनको खासाबजार, रमिते हुँदै पूर्वपट्टिको जंगलबाट नेपालको बोक्चेनमा सामान ल्याउने गरेको सशस्त्र प्रहरीले पत्ता लगाएको छ। तस्करको रुट थाहा पाएपछि हामीले सुरक्षा गस्ती र उपाय लगाएका छौँ,' उनले भने, 'अब केही हदसम्म नियन्त्रणमा आउला।' मितेरीपुलबाट तातोपानी भन्सार पाँच किलोमिटर टाढा रहेकाले बिचमा रहेका सशस्त्र प्रहरीले चिनियाँ कन्टेनरमा ल्याएको सामग्रीबारे थाहा नपाउने उनले स्पष्ट पारे।

तातोपानी, रसुवा र कोरोला नाका हुँदै राजधानी काठमाडौंमा गोदाम गरिएको ८६ हजार थान भेप राजस्व अनुसन्धानको टोलीले २७ पुसमा ललितपुरको इमाडोलबाट बरामद गरेको थियो। उक्त गोदाम तातोपानी नाकामा सबैभन्दा सक्रिय सिल्क ट्रान्सपोर्ट कम्पनीको हो। २० करोड १६ लाख राजस्वको बैंक ग्यारेन्टी बुझाएर सिल्क ट्रान्सपोर्टका प्रतिनिधि विजय शेर्पाले कम्पनीसम्बद्ध दुई कर्मचारीलाई हालसालै प्रहरीबाट रिहा गराएका छन्। भूकम्पपछि खासाबाट काठमाडौं ढुवानीमा एकलौटी राज गरेको र भन्सार गोदामको ठेक्का पनि ट्रान्स सिल्क कम्पनीकै जिम्मेवारीमा रहेकाले तस्करी हुनुमा सिल्क ट्रान्सपोर्ट कम्पनी जिम्मेवार रहेको बताइएको छ।

चीनमा उत्पादित विभिन्न ब्रान्डका विद्युतीय चुरोट नेपाल हुँदै भारतमा लगिन्छ। चीनले भेप निकासी गर्न व्यापारिक कम्पनीलाई हेल्थ सर्टिफिकेट दिने गरेको छ। ठुलो परिमाणको भेप ल्याउँदा भन्सार चेकजाँचमा खुल्ने भएकाले तस्कर समूहले जंगलको बाटोबाट ओसार्ने र मिलेसम्म खासाबाट तातोपानी सुक्खा बन्दरगाहमा आउने चिनियाँ कन्टेनरमा पनि थोरैथोरै गरेर ल्याउने विधि अपनाएका हुन्। रेडिमेड र स्याउको बाकसभित्र भेप हालेर ल्याउने गरेको भन्सारका कर्मचारीले बताएका छन्। 'लुकाएर ल्याएको भेप चेकजाँचका क्रममा फेला पारेर जफत गरिएको तातोपानी भन्सारका सूचना अधिकृत सूर्यप्रसाद काफ्लेले जानकारी दिए। 'कन्टेनरमा भएका सबै बाक्सा चेकजाँच गर्न सकिन्न। केही स्याम्पल हेरेर विश्वासका आधारमा जाँचपास र सिल लगाइन्छ,' उनले भने, 'अवैध सामग्री पैठारी होला भनेर भन्सारले धेरै मिहिनेत गरेको छ।'

भन्सारले प्रतिबन्ध लगाएको चिनियाँ रक्सी, चुरोट र जुस रातिको समयमा भोटेकोशी नदीबाट तार्ने गरेको प्रत्यक्षदर्शी स्थानीयले बताएका छन्। तस्करी भइरहेको सूचना कोदारीस्थित जनपथ प्रहरीलाई दिएको, तर जनगुनासोलाई बेवास्ता गर्ने गरिएको पाइएको छ। थोरै परिमाणमा यस्ता प्रतिबन्धित सामग्री ल्याउने तस्करसँग प्रहरीले रकम लिएर छाड्ने गरेका छन्।

कुलमान : एक साझा विम्ब

लोकतान्त्रिक शक्तिले साझा विम्ब बनाएका सामान्य व्यक्तिलाई खेद्नु लोकतन्त्रकै लागि हानिकारक मात्र नभई आत्मघाती कदम पनि हो



● डा. तारालाल श्रेष्ठ

अग्रलेख

भन्डै दुईतिहाइको शक्तिशाली सरकारले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएपछि नेपाली समाज शान्त देखिन्न । कुलमान घिसिङको कर्तुत के हो ? किन शक्तिशाली सरकार एउटा कर्मचारीविरुद्ध यतिविधि सक्रिय बन्नुपऱ्यो ? केही महिनापछि आफैँ सेवानिवृत्त भई घर जाँदै गरेका एक कर्मचारीलाई मन्त्रिपरिषद् बैठकबाटै निर्णय गरीकन यसरी गलहत्याउनैपर्ने कारण के थियो ? कुलमानलाई मन्त्रिपरिषद् र मन्त्रीले बारम्बार स्पष्टीकरण सोधे पनि यी प्रश्नको चित्तबुझ्दो जवाफ सरकारले अहिलेसम्म जनमासलाई दिन सकेको देखिन्न ।


बर्खास्तीपछि कुलमान घिसिङले पेस गरेको रिट निवेदन सर्वोच्च अदालतमा दर्ता भएको छ । आफूलाई गैरकानुनी रूपमा पदमुक्त गरिएको दाबी गर्दै उनी सर्वोच्च अदालत गुहार्न गएका छन् । कुलमानले नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय र विद्युत् प्राधिकरणलाई समेत विपक्षी बनाएर रिट निवेदन दिएका छन् । रिटमा उनले सरकारको निर्णय बदर गरी आफूलाई पुनर्स्थापना गर्न माग गरेका छन् । सर्वोच्च अदालत प्रशासनले तुरुन्तै रिट निवेदनमाथि पेसी तोकेको छ । सडक, सदन र समाज जताततै कुलमान बर्खास्तीविरुद्ध विरोधको आगो उर्लिरहेको छ ।

कुलमान कसको मान्छे ? : नेपालमा कुनै पनि व्यक्ति अलिकता चर्चाको खुड्किलो चढ्नेबित्तिकै कुन दल वा गुटनिकट हुन् भन्ने लेखाजोखा खुब चल्ने गर्छ । त्यसैका आधारमा तिनलाई देवत्वकरण वा दानवीकरण गर्ने गरिन्छ । कुलमानका सन्दर्भमा पनि यो लागू नहुने कुरै छैन । यद्यपि मेरो विचारमा दलीय, गुटीय, साम्प्रदायिक घेराभन्दा धेरै पर पुगेर स्थापित भइसकेका व्यक्तित्व हुन्, कुलमान । लोडसेडिङबाट मुलुकलाई मुक्त गरेर 'माले', 'मन्डले', 'मसाले' सामन्तदेखि सबाल्टर्न जनमानससम्म सबैको सास्ती दूर गर्न दिनरात खटिएका व्यक्ति कुनै लघुताभाषी भासमा भासिने कुरो पनि भएन ।

कुलमान घिसिङसँग मेरो गोरु बेचेको साइनो पनि छैन । तैपनि, मलाई कुलमानको तोजोबध गर्ने काण्डले किन छुन्छ ? मलाई मात्रै होइन, हजारौँ, लाखौँलाई किन यसरी छुन्छ ? जात, धर्म, सम्प्रदाय, आस्था, वैचारिकीभन्दा पर पुगेर कोही एकजना व्यक्तिको पक्ष वा कुलमानको विपक्षमा देखिएको सरकारविरुद्ध किन सडकमा मानिस निस्किन्छन्, पटक-पटक ? यस विषम घडीमा मसँग मात्र होइन, आममानिससँग पनि प्रश्नैप्रश्न छन् । सरकार चलाउनेहरू प्रश्न नगर्ने 'क्लोन'जस्ता भुत्ते कार्यकर्ता नै किन चाहन्छन् ?

धेरै मानिसको सपना विपनामा एक दशकदेखि कुलमान किन उपस्थित छन् ? चियापसल, चोक, यत्रतत्र कुलमानकै कुराकानी, तर्कवितर्कमा आमजनमानस जोस्सिरहेका देखिन्छन् । बिहान सबैरै त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको कक्षाभित्र पस्छु । कुलमान मसँगै विश्वविद्यालयको कक्षाभित्र पस्छन् । मलाई विश्व साहित्य, महादेशीय दर्शन, प्राज्ञिक लेखनीबारे अध्यापन गराउनु छ । प्रसंग, सन्दर्भमा फुत्त कुलमान घुसिदिन्छन् । हाम्रा कुलपतिलाई कुलमान मन परेका छैनन् । एन्टोनियो ग्राम्सी, अरुन्धती रोय, भीमराव अम्बेडकरजस्ता हस्तीबारे पढाइरहने प्राध्यापकलाई कुलमानबारेको प्रसंग जोड्दा पनि मनमा डर किन पैदा हुन्छ ? प्राध्यापक नै चिसो अनुहार बोकेर किन मौन बस्छन् ? बहसदेखि तर्किएर किन बौद्धिक जमात लुसुक्क कुना पस्छन् ? के नेपालमा पनि 'डेमोक्रेटिक डिक्टेटरसिप' हाबी हुँदै गइरहेको हो ? विचारविहीन भिडको माझमा कतै म पनि एक जिउँदो लासमा परिणत त भइसकेको छैन ? जो भ्रष्टहरूसँग उठबस गर्छन्, कमाउँछन् अनि रमाउँछन् ।

यस्तै तर्कनामा हराइरहेको हुन्छु, साइकल हाँक्दा पनि । हामी हजारौँ लाखौँ छौँ, साइकल समुदाय पनि । वेलावेला विशाल साइकल ऱ्याली चलाउँछौँ । तर, कुलमानजस्ता कर्मशील कर्मचारीको तेजोवधविरुद्ध एउटा साइकल ऱ्यालीको आयोजना गर्ने हामीसँग हुती हुँदैन । कठिन विमर्शमा सिर्जनात्मक किसिमले सहभागी हुनुपर्छ । आलोचनात्मक चेतना विकास गर्नुपर्छ । हामी दिन-प्रतिदिन विद्यार्थीलाई प्रश्न गर्न सिकाउँछौँ । हामी प्राध्यापक आफैँले चाहिँ कत्तिको प्रश्न गर्ने गरेका छौँ ? विश्वविद्यालयका विद्यार्थीसँग बहसको थालनी गर्न प्रसंगवश केही प्रश्न गर्छु : समृद्ध नेपालका बाधक कुलमानजस्ता कर्मचारी नै हुन् त ? के कुलमान एउटा कर्मचारी मात्रै हो या विशेष व्यक्तित्व ? कुलमानको बर्खास्तीको अन्तर्य के होला ? उनको बर्खास्तीमा को दुःखी अनि को हर्षित देखिन्छन् ? बिचौलिया को हुन् ? बिचौलियाको चलखेल कसरी खुट्याउन सकिएला ? प्राज्ञिक संसारमा न्यायाधीशजसरी बोल्नुहुन्न, भन्छन् । केवल प्रश्न फालिदिन्छु । बहस उर्लन्छ विद्यार्थीबिच ।



> कुलमानजस्ता कर्मचारीविरुद्ध सरकार र उसका संयत्र लागे पनि कुलमानजस्ता व्यक्ति साझा विम्ब बनेर बाँच्नेछन् । कुनै एउटा टुसा भाँच्दैमा अधिनायकवादी सत्ताले पारस्परिक प्रणाली सिध्याउन सक्दैन । वसन्तमा पुनः टुसा उम्रन्छन्, हुर्कन्छन् ।

जलविद्युत् ऊर्जा इतिहासमा आधारित बन्दीपुरदेखि बन्दीपुरसम्म अनुसन्धान किताब विमोचन गर्ने चटारोमा थिएँ । बटौली बजारमा विद्युतीकरण, तिनाउदेखि भिमरुक, चिलिमे, खिम्तीलगायत अनेकौँ जलविद्युत् परियोजना घुमेर साइकल हाँक्दै हिँड्ने अगुवा ऊर्जा विज्ञ अड हफटनका चेला बलराम प्रधानको जीवनी अध्ययन गर्दा नेपालको जलविद्युत् राजनीतिको अन्तर्य कुनै एउटा सामान्य व्यक्ति या एक कर्मचारीले साझा विम्ब बन्न सक्ने क्षमता प्रस्तुत गर्छन् भने यो त सरकारका लागि सबैभन्दा सजाउनलायक उपलब्धिपूर्ण कथा हो । लोकतन्त्र स्थापित गर्ने आधारशिला यही त हो ।

> कुनै एउटा सामान्य व्यक्ति या एक कर्मचारीले साझा विम्ब बन्न सक्ने क्षमता प्रस्तुत गर्छन् भने यो त सरकारका लागि सबैभन्दा सजाउनलायक उपलब्धिपूर्ण कथा हो । लोकतन्त्र स्थापित गर्ने आधारशिला यही त हो ।

बटुलेको थिएँ । मेरो मुख्य पात्रको 'हार्ट फेल' भएर मृत्यु भएको थियो । उनका दुवै छोरालाई नेपालको जलविद्युत् उद्योगमा नलाग्न उनले अर्ति दिएका थिए ।

यो २०७४ सालतिरको कुरा हो । लोडसेडिङको जञ्जाल चिर्दै कुलमान हाइहाई भइरहेका वेलामा साइकल हाँक्दै रत्नपार्कस्थित विद्युत् कार्यालय पुगेर घन्टौँ कुलमानलाई कुर्थेँ । उनलाई काममै व्यस्त देख्थेँ, सास फेर्नेसम्म फुर्सद थिएन उनलाई । ढोका अलिकता खोलेर चियाएर भित्र हेर्थेँ । उनी बैठकमा रातोपिरो भएर बोलिरहेका देख्थेँ । बल्लतल्ल उनलाई किताबको पाण्डुलिपि दिँदै विमोचनमा प्रमुख अतिथि बन्न अनुरोध गरेँ । कार्यक्रम नेपाल पर्यटन बोर्डमा तय गरिएको थियो, उनकै अफिसमैँ । पाण्डुलिपि सुमसुम्याउँदै उनी थकथकाए । मैले सोधेँ, के भयो कुलमान सर ? कुलमानले भने, 'मेरा गुरुहरूबारे लेखिएको किताब मज्जाले पढेर बोल्न मन छ, तर यो ३०० पृष्ठको किताब पढ्न थाल्दा देशमा फेरि लोडसेडिङ हुन सक्छ, मलाई काम गर्न दिनुस् ल !'

म हाँस्दै पाण्डुलिपि लिएर फरक्क कीर्तिपुर फर्केको थिएँ । मलाई कुलमानको प्रतिक्रियाप्रति कुनै गुनासो थिएन । एमसिसीको पक्ष र विपक्षमा विवाद चर्किएर देश रणमैदानझैँ भएको वेलामा पनि उनलाई बहस गर्न निम्तो दिएको थिएँ । त्यसवेलामा पनि उनी काममै व्यस्त देखिए । उनलाई कति कर गर्दा पनि बहसमा जोड्न सकिनँ । यस्ता व्यक्तिमाथि अहिले पनि सरकारै लाग्यो । यस्ता कर्मशील कर्मचारी बर्खास्तीमा परेका छन् । सर्वोच्च अदालतमा रिट निवेदन हालेर पुनर्वहालीका लागि कुलमान लड्दै छन् । उनका अधिपछि अनगिन्ती पक्ष-विपक्षमा उभिएका छन् ।

साझा विम्ब बनिरहेका कुलमान : कुनै पनि व्यक्तिको देवत्वकरण वा दानवीकरण सही कर्म हुँदै होइन । सन् १८८५ मै फ्रेडरिक नित्सेले ईश्वरको मृत्युको घोषणा गरेका थिए । आज आएर यो वा त्यो बहानामा धर्मसापेक्ष राजसंस्था स्थापनाको अभियान मिति गुज्रिएको ओखतीसिवाय केही होइन । विचार नै विकास हो । प्रतिगामी विचार विष हो । धर्मनिरपेक्षता र सहअस्तित्व नै समृद्ध समाजको सत्व हो । विश्वको कुनै पनि कुनाको अन्याय आफ्नै अधिको अन्याय हो ।

कुलमानको विगत कस्तो थियो ? उनको भविष्य कस्तो रहला ? यसै भन्न सकिन्न । वर्तमानमा भने कुलमान व्यक्तिबाट एउटा साझा विम्ब बनिसकेका छन् । कतिले उनलाई 'ब्रान्ड'का रूपमा प्रयोग वा दुरुपयोग पनि गर्लान् । लाखौँ कर्मचारीका लागि मात्र नभई देशकै लागि कुलमानको क्रेज लज्जाको विषय होइन । सरकारका लागि त अझ यो गर्वको विषय बन्नुपर्ने हो । दुनियाँलाई हाम्रो लोडसेडिङमुक्त नेपालको कथा भन्नुपर्ने हो । कुनै एउटा सामान्य व्यक्ति या एक कर्मचारीले साझा विम्ब बन्न सक्ने क्षमता प्रस्तुत गर्छन् भने यो त सरकारका लागि सबैभन्दा सजाउनलायक उपलब्धिपूर्ण कथा हो । लोकतन्त्र स्थापित गर्ने आधारशिला यही त हो । लोकतान्त्रिक शक्तिले साझा विम्ब बनेका सामान्य व्यक्तिलाई खेद्नु लोकतन्त्रकै लागि हानिकारक मात्र नभई आत्मघाती कदम नभए यो के हो, सरकार ?

विद्रोही व्यक्तित्व थिए, रूपचन्द्र विष्ट (रुदाने) । थाहा आन्दोलनका अगुवा रुदानेको एउटा नारा छ : सयौँ मण्डले एक्लाएक्लै एक्लो रुदाने हुलका हुल । उनको उक्त नारा निकै विडम्बनापूर्ण विम्बसहित सार्थक भएझैँ लाग्छ, कुलमानका सन्दर्भमा पनि । यत्रो विशाल लोकतान्त्रिक शक्तिका पछाडि भन्दा एउटा कुलमानका पछाडि हजारौँ मानिस किन हिँड्दै छन् ? उपलब्धिलाई चिहानमुनि पुऱ्याउन पतालै भासिने गरी कुलमानजस्ता कर्मचारीविरुद्ध सरकार र उसका संयत्र लागे पनि कुलमानजस्ता व्यक्ति साझा विम्ब बनेर बाँच्नेछन् । कुनै एउटा टुसा भाँच्दैमा अधिनायकवादी सत्ताले पारस्परिक प्रणाली सिध्याउन सक्दैन । वसन्तमा पुनः टुसा उम्रन्छन्, हुर्कन्छन् ।

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **पूर्णचन्द्र भट्टराई**लाई



संसदीय उपसमितिमा छलफलमा रहेको नयाँ निजामती विधेयकबारे के भन्नुहुन्छ ?

मूल विधेयक ल्याउनु सरकारको दायित्व हो । त्यसमा संशोधन गर्न पाइन्छ । तर, मूल विधेयक या त्यसमा गरिएको संशोधनले कति समेट्छ, संघीयता कार्यान्वयनमा कति सघाउँछ, त्योचाहिँ महत्त्वपूर्ण पाटो हो । यसले तीनवटै तहका आधारभूत विषयमा एकरूपता ल्याउनुपर्छ । नियुक्ति, अवकाश, सेवा, सुविधालगायतमा एकरूपमा आउनुपर्छ । तर, पहिले प्रशासन सुधार आयोग बनाएर त्यसले देखाएको बाटोबाट विधेयक आउन सकेको भए अझै राम्रो हुने थियो । विभिन्न देशका अध्ययनले पनि ठुला परिवर्तनपछि ठुलो अध्ययनको खाँचो पर्ने देखाएका छन् । जब अध्ययन हुन बाँकी नै छ भने विधेयकमा ठुला परिवर्तन नगरी नल्याई नहुने विषय मात्र समेटेर ल्याउनु राम्रो हुने थियो ।

प्रशासन सुधार आयोग बनाएर अघि बढ्न कति सहज छ त ?

यस विषयमा यसअघि नै सरकारले सैद्धान्तिक निर्णय गरेको चर्चा बाहिर आएको थियो । तर, त्यो त्यत्तिकै सेलायो । प्रशासन सुधार आयोग नभए शासकीय सुधार आयोग बनाएर पनि जान सकिन्छ । यसले विस्तृत अध्ययन गरी बाटो देखाउन सक्छ ।

विधेयकले संघीयताको मर्मअनुरुप कर्मचारी व्यवस्थापनमा सघाउने सम्भावना कति छ ?

विधेयकमा केही राम्रा प्रावधान छन् । तहगत व्यवस्था, ६० वर्षे उमेर हदलगायत अनेक पक्ष सकारात्मक छन् । मिलाइहाल्नुपर्ने पक्षलाई मिलाउँदै जानुपर्छ, पर्खेर हुँदैन । अध्ययन गर्नुपर्ने विषयलाई पछि मिलाउँदै जानुपर्छ । विधेयक पास गर्दै गर्दा संसद्ले पनि पेटबोलीमा अहिले विधेयक पास गरे पनि समयक्रममा सरकारले सुधार गर्दै जानु जरुरी छ भन्न सक्छ ।

प्रेरक प्रसंग

संकटको सामना

अर्नाको एक झुण्ड जंगलमा रहेको चौरमा सतर्कतापूर्वक आराम गरिरहेको थियो । एउटा किशोर पाडोले आफ्ना पितासित प्रश्न गऱ्यो- बाबा, के यो जंगलमा मैले डराउनुपर्ने कुनै जीव छ ? पिताले भन्यो- सिंहहरूसित सावधान रहनू । पाडोले भन्यो- हो, मैले पनि सुनेको छु, सिंह निकै खतरनाक हुन्छन् रे ! मैले कतै सिंह देखेँ भने जतिसक्दो छिटो भाग्ने कोसिस गर्नेछु ।

पिताले भन्यो- होइन, योभन्दा गलत काम केही हुनेछैन । पाडोलाई आफ्ना पिताको जवाफ अलि अनौठो लाग्यो । उसले भन्यो- किन ? सिंहहरू खतरनाक हुन्छन् । तिनले मलाई खान पनि सक्छन् । त्यस्तोमा भागेर ज्यान बचाउनुपरेन त ? पाडोलाई सम्झाउँदै पिता अर्नालेभन्यो- तिमी भाग्यौ भने सिंह पनि तिम्रो पछि दौडिनेछ । दौडिँदा ऊ तिम्रो ढाडमा चढेर सजिलै तिमीलाई भुइँमा लडाउन सक्छ । एकपटक उसले तिमीलाई लडायो भने तिम्रो मृत्यु निश्चित छ ।



पाडोले डराउँदै प्रश्न गऱ्यो- यस्तोमा मैले के गर्नु ठिक हुन्छ त बाबा ? पिता अर्नालेउसलाई सम्झाउँदै भन्यो- केही गरी तिमीले सिंहलाई देख्यौ भने आफ्नै स्थानमा डटेर उभिनू र आफू अलिकति पनि नडराएको भाव देखाउनू । त्यति गर्दा पनि ऊ गएन भने आफ्ना तिखा सिङ देखाउनू । आफ्नो खुरले जमिन खोस्रेर धुलो उडाउनू । यति गर्दा पनि सिंह भागेन भने बिस्तारै होसियारीपूर्वक सिंहतिर अघि बढ्नू । नजिकै पुगिसकेपछि आफ्नो पूरै तागत लगाएर ऊमाथि आक्रमण गर्नू ।

आर्त्तिँदै पाडोले भन्यो- यो त पागलपन भएन र बाबा ? यस्तो गर्दा त ज्यान जाँदैन र ? सिंहले फर्केर ममाथि आक्रमण गऱ्यो भने कसरी जोगिनु ?

पिता अर्नालेभन्यो- आफ्नो चरैतिर हेर त तिमी के देख्छौ ? पाडो चरैतिर घुमेर हेर्न थाल्यो । उसको चरैतिर निकै बलिया अर्नाहरूको झुण्ड थियो । पिता अर्नाले पुनः भन्यो- तिमीलाई कुनै पनि वेला डर लाग्यो भने सम्झनु, हामी सबै तिम्रो साथमा छौँ । तिमी संकटको सामना गर्न छाडेर भाग्यौ भने हामी तिमीलाई बचाउन असमर्थ हुनेछौँ ।

तर, तिमीले साहस देखायौ, संकटसित जुध्ने हिम्मत गऱ्यौ भने हामी सबै तिम्रो सहयोगका लागि पछाडि खडा भएको पाउनेछौ । पाडोले लामो सास लियो र यो अमूल्य शिक्षाका लागि पितालाई धन्यवाद दियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बढ्दो बसाइँसराइ रोक्नुपर्दैन ?

नेपालको हिमाल, पहाड र तराईबाट पुख्यौँली थातथलो छोडेर सुविधायुक्त ठाउँमा बसाइँ सर्ने क्रम तीव्र बन्दै गएको छ । यसैगरी बसाइँ सर्ने क्रम बढ्दै जाने हो भने हाम्रा गाउँघर निकट भविष्यमै रिक्त हुने निश्चित छ । त्यसैले, बेलैमा सम्बन्धित निकायको ध्यान यसका कारण खोजी गर्नीतिर जानु जरुरी देखिन्छ । यस्तो बसाइँसराइ रोक्न या त्यसमा कमी ल्याउन संघ, प्रदेश र स्थानीय तहका सरकारले प्राथमिकतासाथ स्थानीयवासीलाई आवश्यक सुविधा उपलब्ध गराउन सक्नुपर्छ । जनता आफ्नो गाउँठाउँमा शिक्षा, स्वास्थ्य, रोजगारी, यातायात, बजार तथा कृषि औजारहरूको सुविधा चाहन्छन् । यस्ता सुविधा स्थानीय सरकारले उपलब्ध गराउने हो भने बसाइँसराइमा कमी आउन सक्छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
2213ncw@gmail.com

यो देशमा सरकार छैन हो ?

उद्योगीले एक महिनामै डन्डीको मूल्य ६ पटकसम्म बढाउँदा पनि सरकारले जनताको पक्ष तथा मूल्यवृद्धिको विपक्षमा बोलेको कहीँकतै सुनिएको छैन । यसले गर्दा यो देशमा सरकार छ कि छैन भन्नेमै आशंका उत्पन्न भयो । सरकार भए त केही न केही बोल्नैपर्ने हो । तर, उद्योगीको कार्टेलिङमा मौन समर्थन जनाउने सरकार हुनु र नहुनुको अर्थ छैन । सायद, हामी जनताका लागि यो देशमा सरकार छैन नै होला ।

● **उमाकान्त सिलवाल**
बबरमहल, काठमाडौँ

प्रधानमन्त्रीको गैरजिम्मेवार भाषा

यतिखेर प्रतिपक्षी दलहरूले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयबारे प्रधानमन्त्रीले सदनको रोस्ट्रमबाट जवाफ दिनुपर्ने माग गरिरहेका छन् । उता प्रधानमन्त्री केपी शर्मा ओली भने 'प्रधानमन्त्रीले जवाफ दिइसक्यो । एउटा हटायो, अर्को नियुक्ति गऱ्यो, सक्कियो । त्यही नै हो जवाफ ।' भनेर अत्यन्त गैरजिम्मेवार अभिव्यक्ति दिएका छन् । प्रधानमन्त्रीजस्तो पदमा रहेका जिम्मेवार व्यक्तिले यस्तो गैरजिम्मेवार भाषा प्रयोग गर्न कसरी मिल्छ हँ ?

● **सुप्रिया विक**
रातोपुल, काठमाडौँ

जनतालाई निराश बनाउने काम

यतिखर सरकारका गतिविधिबाट जनता निराश भएका छन् । सरकारले भने एकपछि अर्को जनचाहनाविरुद्ध निर्णय गर्दै आएको छ र उसको त्यस्तो निर्णयमा साथ र सहयोग भने कांग्रेसले दिँदै आएको छ । सरकारले गरेको गलत कामको विरोध गर्नुपर्नेमा उल्टो समर्थन दिनु भनेको सरकारलाई असफल बनाउनु हो । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालीको घरघरमा उज्यालो दिलाउने विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएर उनका निकट नातेदारलाई कार्यकारी प्रमुखमा नियुक्त गरेका छन् । यसमा पनि कांग्रेसका सभापति शेरबहादुर देउवाले उनलाई साथ र सहयोग दिएका छन् ।

सरकारले जनचाहनाविपरीत कुलमानलाई हटाएकामा सर्वत्र विरोध भएको छ । जनताको आवाज नसुन्ने सरकारको जति विरोध गरे पनि केही हुँदैन । अर्बौँ घाटामा गएको प्राधिकरणलाई अर्बौँ फाइदामा लाने कुलमानविरुद्ध सरकार किन लागेको हो, थाहा भएन । प्राधिकरण फाइदामा जानु भनेको सरकारकै हित होइन र ? दैनिक १८ घण्टासम्म लोडसेडिङमा बसेका जनता बल्लतल्ल उज्यालोमा बस्न पाएका थिए, अब फेरि अँध्यारोतिरै देश धकेलिने संकेत देखिँदै छ ।

यतिखेर कुलमानलाई हटाउनैपर्ने कारण के हो ? उनको अपराध के हो ? केपी ओली नेतृत्वको सरकारले यी प्रश्नको जवाफ दिनुपर्दैन ? के ओली सरकारले जे गरे पनि टुलुटुलु हेरेर बस्नुपर्ने व्यवस्थालाई नै लोकतन्त्र भनिन्छ हो ? जनतामा चरम निराशा छाएको वेला सरकारले अर्को एउटा निराशा थप्यो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

युएसएड बन्द हुनु अफ्रिकालाई आत्मनिर्भर बन्ने अवसर

अघिल्लो दशकमा लगातार विदेशी सहायता र बाह्य ठेकेदारमाथि भर परेपछि अब आत्मनिर्भर बन्न संकटलाई अवसरका रूपमा लिनुपर्छ



देश / विदेश

● हिपोलाइट फोफ्याक

सन् २०१५ मा केन्याका तत्कालीन राष्ट्रपति उहुरु केन्याटाले अखिल-अफ्रिकी संसद्माझ विकास सहयोगको खतराबारे चेतावनी दिएका थिए । उनले 'हाम्रो महादेशको भविष्य बाह्य स्वार्थको कृपामा छोड्न सकिँदैन । विदेशी सहायता जुन प्रायः यस्तो सर्तसहित आउँछ, जसले प्रगति रोक्छ र यो समृद्धि एवं स्वतन्त्रताको भरपर्दो आधार हुन सक्दैन । अब यसलाई त्याग्ने समय आइसकेको छ' भनेका थिए । केन्याटाको आह्वान पछिल्ला घटनाक्रम हेर्दा भविष्यसूचक देखिन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था (युएसएड) लाई कमजोर बनाएर विदेशी सहायता बजेट कटौती गरेका छन् । फ्रान्स, जर्मनी र बेलायतले पनि आफ्ना सहायता कार्यक्रम घटाएका छन् । सहायता निर्भरता झन् गहिरिँदै जाँदा अफ्रिकाको विश्वव्यापी व्यापारमा हिस्सेदारी निरन्तर घट्दै गएको छ र हाल विश्वव्यापी व्यापार अफ्रिकाको हिस्सा तीन प्रतिशतभन्दा कम छ । घरेलु माग पूरा गर्न सक्ने उत्पादनमूलक उद्योग खस्किएका छन् र क्षेत्रीय एकीकरणलाई बलियो बनाउने प्रयास पनि कमजोर भएका छन् ।

उसो त विदेशी सहायता कटौतीको असर अफ्रिकामा असमान रूपमा पर्ने भए पनि केही अफ्रिकी यसलाई अवसरका रूपमा हेर्छन् । ३४ अफ्रिकी मुलुकमा गरिएको एक एफ्रोब्यारोमिटर सर्वेक्षणअनुसार ६५ प्रतिशत उत्तरदाताले आफ्ना सरकारलाई विकासका लागि बाह्य ऋणभन्दा आफ्नै स्रोतबाट वित्तीय व्यवस्थापन गर्नुपर्ने सुझाव दिएका थिए । आत्मनिर्भरता स्वतन्त्रतापछिका अफ्रिकी नेताको लक्ष्य थियो । घानाका प्रथम राष्ट्रपति तथा अफ्रिकी एकता संगठन (अहिलेको अफ्रिकी संघ) का सहसंस्थापक क्वामे एन्क्रुमाले विदेशी सहायता प्रणालीलाई नव-औपनिवेशिकताको एउटा रूप मानेका थिए । अहिलेका घानाका राष्ट्रपति जोन ड्रामानी महामाले पनि यही धारणा व्यक्त गर्दै 'युएसएडको समाप्तिले अफ्रिकालाई आत्मनिर्भर बन्ने संकेत दिन्छ' भनेका थिए ।

तर, अफ्रिकाले देखाएको शान्त प्रतिक्रिया पश्चिमी देशका विकासविज्ञको भविष्यवाणीको ठिक उल्टो भएको छ । उनीहरूले अफ्रिकामा मानवीय संकट उत्पन्न हुने चेतावनी दिएका छन् । एसएडका पूर्वकार्यवाहक सहायक प्रशासक निकोलस एनरिकका अनुसार युएसएड कमजोर भएमा हरेक वर्ष थप ७१ हजारदेखि एक लाख ६६ हजार मानिसको मलेरियाका कारण मृत्यु हुनेछ र करिब १० लाख बालबालिका गम्भीर कुपोषणको सिकार हुनेछन् । निःसन्देह अफ्रिका दशकौँदेखि आपत्कालीन राहत मात्र नभई महत्त्वपूर्ण स्वास्थ्य सेवाका लागि पनि विदेशी सहायतामा निर्भर रहँदै आएको छ । पेपफार (राष्ट्रपति एड्स राहत योजना) र पिएमाई (राष्ट्रपति मलेरिया पहल) जस्ता अमेरिकी कार्यक्रमले अफ्रिकामा एचआइभी/एड्स र मलेरियाविरुद्ध लड्न महत्त्वपूर्ण योगदान दिएका छन् । अफ्रिकामा एचआइभी संक्रमितको झन्डै ६७ प्रतिशत जनसंख्या छ भने मलेरियाका ९० प्रतिशतभन्दा बढी मामिला पनि यही महादेशमा छन् ।

विदेशी सहायता केवल अफ्रिकाका अति गरिब देशहरू (उदाहरणका लागि सेन्ट्रल अफ्रिकन रिपब्लिक, सोमालिया, दक्षिण सुडान) का लागि मात्र नभई अफ्रिकाका नाइजेरिया, दक्षिण अफ्रिकाजस्ता ठुला अर्थतन्त्र भएका देश पनि युएसएडको भर पर्नुपर्ने अवस्था छ । उदाहरणका लागि पेपफारले दक्षिण अफ्रिकाको वार्षिक दुई अर्ब ३० करोड डलरको एचआइभी/एड्स कार्यक्रमको २० प्रतिशत हिस्सा ओगटेको छ, जसले दैनिक ५५ लाख मानिसलाई जीवनरक्षक औषधि प्रदान गर्छ ।

अमेरिकाबाट प्राप्त हुने स्वास्थ्य सहायतामाथि निर्भरता हुनु अफ्रिकी मुलुकका लागि ठुलो राष्ट्रिय सुरक्षासम्बन्धी जोखिम पनि हो ।



तस्बिर : फ्रिड डुफर/गेटी इमेजेस

विदेशी सहायता अफ्रिकी अर्थतन्त्रका लागि समस्या किन हो ?

-विदेशी सहायता प्रायः विदेशी ठेकेदारमार्फत सञ्चालित हुन्छ, जसले अफ्रिकी उद्यमशीलतालाई कमजोर पार्छ ।

-यसले सरकारको कर संकलन क्षमतामा असर पार्छ र तिनलाई विदेशी सहायतामाथि निर्भर बनाउँछ ।

-यो निर्भरतालेनिरन्तरको बेरोजगारी, कमजोर औद्योगिक विकास र आप्रवासनको समस्यालाई मलजल गर्छ ।

त्यसैले, युएसएडको समाप्तिलाई अफ्रिकाले स्वास्थ्य आत्मनिर्भरताको बाटोमा अघि बढ्ने अवसरका रूपमा लिनुपर्छ । यसको अर्थ एचआइभी/एड्स र मलेरियाको अनुसन्धान, परीक्षण, औषधि उत्पादनजस्ता क्षेत्रमा अफ्रिका आफैँ अगाडि बढ्न आवश्यक छ । नाइजेरियाले सन् २०२५ को बजेटमा थप २० करोड डलर स्वास्थ्य क्षेत्रमा खर्च गर्ने निर्णय गरिसकेको छ । अन्य मुलुक पनि यसै मार्गमा छन् । विदेशी सहायता खाद्य सुरक्षाका लागि पनि घातक साबित भइरहेको छ । सहायतामार्फत आउने सस्तो खाद्य आयातले अफ्रिकी किसानलाई कमजोर बनाइरहेको छ । अफ्रिकासँग विश्वकै ६० प्रतिशत खेतीयोग्य जमिन छ, तर खाद्य उत्पादनमा बाह्य आपूर्तिमाथि निर्भर रहनु दुःखद अवस्था हो । तर, सीमित बजेट भएका अफ्रिकी देशले आवश्यक पूर्वाधार कसरी निर्माण गर्ने ?

-क्षेत्रीय सहकार्य आवश्यक छ । विभिन्न मुलुकबिच संसाधन बाँडेर उत्पादनमूलक पूर्वाधार निर्माण गर्न सकिन्छ ।

-अफ्रिकी महादेशीय स्वतन्त्र व्यापार क्षेत्रजस्ता पहलले ठुला उद्योग स्थापना गर्न निजी क्षेत्रको लगानी आकर्षित गर्न सक्छ ।

-भारतको उदाहरण हेर्ने हो भने भारतको सस्तो औषधि उद्योगको विस्तार उसको समग्र अर्थतन्त्र बलियो नहुँदै भएको थियो ।

अब, अफ्रिकाले 'सहायता नभई व्यापार'लाई प्राथमिकता दिनुपर्छ । ट्रम्प प्रशासनको सहायता कटौतीले अफ्रिकाले अब आफैँमा भर पर्नुपर्ने समय आइसकेको छ भन्ने चेतावनी हो । अघिल्लो दशकमा लगातार विदेशी सहायता र बाह्य ठेकेदारमाथि भर परेपछि अब आत्मनिर्भर बन्नका लागि संकटलाई अवसरका रूपमा लिनुपर्छ । यस अर्थमा 'आवश्यकता नै आविष्कारको जननी हो', भन्ने भनाइ यहाँ एकदमै सान्दर्भिक हुनेछ ।

(फोफ्याक अफ्रिकन एक्सपोर्ट-इम्पोर्ट बैंकका पूर्वप्रमुख अर्थशास्त्री हुन्)

-प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युक्रेनको भावी सुरक्षाबारे पेरिसमा शिखर सम्मेलन

पेरिस/ युक्रेन र रुसबिच सम्भावित युद्धविरामअघि युक्रेनको सुरक्षा बढाउने उद्देश्यले पेरिसमा शिखर सम्मेलन सुरु भएको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले बिहीबार सम्मेलन शुभारम्भ गरे । सम्मेलनमा युक्रेनका राष्ट्रपतिदेखि बेलायती प्रधानमन्त्री केइर स्टार्मर र इटलीकी जर्जिया मेलोनीसहित २७ राष्ट्रप्रमुख तथा सरकार प्रमुखको सहभागिता रहेको । सम्मेलनमा मुख्यतः युरोपले युक्रेनलाई कस्तो सुरक्षा प्रत्याभूति दिन सक्छ भन्नेबारे छलफल भइरहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुससँग 'सीधा वार्ता' सुरु गरेपछि म्याक्रों र स्टार्मरले युक्रेनलाई सुरक्षा प्रत्याभूत गर्ने प्रयासको नेतृत्व लिएका छन् ।

निमन्त्रणाविनै अमेरिकी उपराष्ट्रपति ग्रिनल्यान्ड भ्रमण गर्ने भएपछि डेनमार्क आक्रोशित

वासिंटन डिसी/ डेनमार्ककी प्रधानमन्त्री मेट फ्रेडरेक्सनले संयुक्त राज्य अमेरिकाले ग्रिनल्यान्डमाथि 'अस्वीकार्य दबाब' दिएको आरोप लगाएकी छिन् । अमेरिकी उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा आर्कटिक क्षेत्रमा पर्ने ग्रिनल्यान्डमा विवादास्पद उच्चस्तरीय भ्रमण हुन लागेको पूर्वसन्ध्यामा फ्रेडरेक्सनको यस्तो प्रतिक्रिया आएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विदेश नीतिका उग्र समर्थक भान्स शुक्रबार आफ्नी श्रीमती उषा र अन्य वरिष्ठ अधिकारीसँगै ग्रिनल्यान्डमा रहेको अमेरिकाको पिटुफिक अन्तरिक्ष आधारको भ्रमण गर्दै छन् । 'आर्कटिक क्षेत्रको सुरक्षा मुद्दाहरूको जानकारी लिन र अमेरिकी सैन्य सेवामा कार्यरत सदस्यसँग भेट्न' भान्सले अन्तरिक्ष आधारको यात्रा गर्न लागेको उनको कार्यालयले एक विज्ञप्तिमा भनेको छ ।

'ग्रिनल्यान्ड र डेनमार्कमाथि अहिले अस्वीकार्य दबाब दिइँदै छ । तर, हामी यो दबाबको प्रतिरोध गर्नेछौं,' फ्रेडरेक्सनले मंगलबार डेनिस टेलिभिजनहरू डिआर र टिभी२ सँग बोल्ने क्रममा बताइन् । 'यो स्पष्ट रूपमा ग्रिनल्यान्डलाई के आवश्यक छ वा ऊ के चाहन्छ भन्नेबारे गर्न लागिएको भ्रमण होइन,' फ्रेडरेक्सनले सो स्वायत्त डेनिस टापुमाथि वासिंटनको चासोप्रति इंगित गर्दै भनिन् ।

'राष्ट्रपति ट्रम्प ग्रिनल्यान्डलाई लिएर गम्भीर छन् । उनी ग्रिनल्यान्ड अमेरिकामा गाभ्न चाहन्छन् । त्यसकारण, यो भ्रमणलाई अन्य कुनै हिसाबबाट



स्वतन्त्र रूपमा हेर्न सकिँदैन,' उनले भनिन् ।

स्वशासित क्षेत्रका हिसाबमा ग्रिनल्यान्डमा पनि एक स्वायत्त सरकार छ । त्यहाँको वर्तमान कार्यवाहक सरकार प्रमुख म्युट एगेडले अमेरिकाका दोस्रो शीर्षपदस्थ पदाधिकारीबाट विनानिमन्त्रण हुन लागेको भ्रमणलाई 'तनाव सिर्जना गर्ने प्रयास'को रूपमा व्याख्या गरे । यस भेगमा भखरै भएको चुनावपछि सरकार गठनका लागि गठबन्धन वार्ता हुन लागेको वेला यो भ्रमण हुन लागेकोप्रति पनि उनले असन्तुष्टि जनाए ।

निवर्तमान ग्रिनल्यान्ड सरकारले फेसबुकमा पोस्ट गर्दै भान्सलाई भ्रमणका लागि व्यक्तिगत वा आधिकारिक रूपमा कुनै 'निमन्त्रणा नपठाइएको' स्पष्ट गऱ्यो । जनवरीमा दोस्रो कार्यकाल सुरु गरेदेखि नै ट्रम्पले अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि ग्रिनल्यान्ड कब्जा गर्न चाहेका छन् । उनले यस उद्देश्य हासिल गर्न आवश्यक परे सैन्यबल प्रयोगको सम्भावनालाई पनि अस्वीकार गरेका छैनन् ।

'हामी त्यहाँको वस्तुस्थिति जाँच गर्न जान लागेका हौं,' भान्सले मंगलबार सामाजिक सञ्जालमा एक भिडियो सेयर गरी आफ्नो ग्रिनल्यान्ड भ्रमणबारे बताएका छन्, 'राष्ट्रपति ट्रम्पले भनेजस्तै हामी ग्रिनल्यान्डका जनताको सुरक्षालाई थप जोड दिन चाहन्छौं । किनकि, ग्रिनल्यान्ड सम्पूर्ण विश्वको सुरक्षाका लागि महत्त्वपूर्ण छ भन्ने हामीलाई लाग्छ,' उनले भने ।

ग्रिनल्यान्डमा रहेको अमेरिकी सैन्य आधारको भ्रमणमा भान्स र उनकी श्रीमतीसँगै ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र अमेरिकी ऊर्जामन्त्री क्रिस राइट समावेश हुनेछन् । आफ्नो देशको आधारको मात्र भ्रमण गरेर भान्सले औपचारिक निमन्त्रणाविना अर्को देश गई हुने सम्भावित कूटनीतिक नियम उल्लंघनका केही जोखिम कम गरेका छन् ।

भान्सले यसअघि नै लामो समयदेखिका युरोपेली सहयोगीलाई चिढ्याउने अभिव्यक्ति दिइसकेका छन् । उनले सार्वजनिक रूपमा युरोप अमेरिकी सैन्य सहयोगको भर परेको र अन्तर्राष्ट्रिय सुरक्षामा आफ्नै स्रोत समर्पित गर्न अनिच्छुक रहेको आरोप लगाए ।

अल जजिराबाट

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६०६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६०६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी: गोपाल गुरुङ** ठेगाना: धादिङ जिल्ला, खनियाबास गा.वि.स. वडा नं ४,, बाबु: शिहं बहादुर गुरुङ, बाजे: जरसिहं गुरुङ
	धितोको विवरण
	सवारी मोडल: Force Trax Cruiser 4WD | च्यासिस नं.: MC1D4DGA7HP064174 | इन्जिन नं.: D57002183 सवारी दर्ता नं.: गा १ ज ६७५१
२)	**१) ऋणी कम्पनी: जगदम्बा गाजुरमुखी ज्योष्ठ हाउस प्रा.लि.**, संचालक तथा जमानीकर्ता: ध्रुव देवी डाँगी दर्ता नं. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा १२९०४५/०७१/०७२, दर्ता मिति: २०७१/०८/१६ ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४
	२) ऋणी: ध्रुव देवी डाँगी ठेगाना: मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ६, बाबु: चक्र बहादुर डाँगी, बाजे: हर्क धोज डाँगी
	धितोको विवरण
	१) हर्क धोज डाँगीकी नातीनी, चक्र बहादुर डाँगीकी छोरी, मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ६ बस्ने ध्रुव देवी डाँगीको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं. ९९ को क्षेत्रफल १०८.६० (व.मि.)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जगदम्बा गाजुरमुखी ज्योष्ठ हाउस प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) ऋणी: भीमदत्त पन्त स्थायी ठेगाना: डडेलधुरा जिल्ला, देवलदिव्यपुर गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. ९, बिस्टठोल, बाबु: दुर्गा दत्त पन्त, बाजे: गौरी दत्त पन्त
	जमानीकर्ता: ध्रुव देवी डाँगी ठेगाना: मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ६, बाबु: चक्र बहादुर डाँगी, बाजे: हर्क धोज डाँगी
३)	**ऋणी फर्म: एक्सप्रेस इन्टरनेशनल, प्रोप्राईटर तथा जमानीकर्ता: मधुकर बस्नेत** दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा प्रा.फ.र.नं. १८३/१००४५/०७४/०७५, दर्ता मिति: २०७४/०५/१४ ठेगाना: जिल्ला झापा, विर्तामोड न.पा. वडा नं.४
	धितोको विवरण
	१) कृष्ण बहादुर बस्नेतको नाति, लक्ष्मण बस्नेतको छोरा, ललितपुर जिल्ला, टिकाथली गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बस्ने मधुकर बस्नेतको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं. ९क स्थित कित्ता नं. ८१६० र ३१०८ को क्षेत्रफल क्रमश: ०-०-१५.५-० र ०-१-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) एक्सप्रेस इन्टरनेशनल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**१) ऋणी फर्म: एभर ग्रिन सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: विश्वभान चौधरी दर्ता नं.: वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वाणिज्य कार्यालय रुपन्देहीमा प्रा.फ.र.नं. ३७५४२/०७३/०७४, मिति २०७३/०४/२३ ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. २१
	२) ऋणी: विश्वभान चौधरी स्थायी ठेगाना : रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १९ बाबु : रामेश्वर चौधरी, बाजे : राम दुलारे चौधरी
	धितोको विवरण
	१) ओम प्रकास थारुकी छोरी, रामेश्वर चौधरीकी बुहारी, विश्वभान चौधरीकी पत्नी, रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १९ बस्ने माया थारुको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सौ.फर्साटिकर गा.वि.स. वडा नं. ८/क (हाल शुद्धोधन गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८६५ र ८६७ को क्षेत्रफल क्रमश: ०-२-२-० र ०-७-१८-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ओम प्रकास थारुकी छोरी, रामेश्वरकी बुहारी, विश्वभान चौधरीकी पत्नी, रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १९ बस्ने माया थारुको नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९/ख (हाल बुटवल उ.म.न.पा. वडा नं. १९) स्थित कित्ता नं. ४२१ को क्षेत्रफल ०-४-११-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) एभर ग्रिन सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) ऋणी फर्म : न्यु आरती पशुपंछी फर्म, प्रोप्राईटर तथा जमानतकर्ता : माया थारु दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर रुपन्देहीमा प्रा.फ.दर्ता नं. २४०७७/०७९/८०, मिति २०७९/०७/३० ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. १९
	धितोको विवरण
	१) ओम प्रकास थारुकी छोरी, रामेश्वर चौधरीकी बुहारी, विश्वभान चौधरीकी पत्नी, रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १९ बस्ने माया थारुको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सौ.फर्साटिकर गा.वि.स. वडा नं. ८/क (हाल शुद्धोधन गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८६५ र ८६७ को क्षेत्रफल क्रमश: ०-२-२-० र ०-७-१८-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) न्यु आरती पशुपंछी फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **४) ऋणी: माया थारु** स्थायी ठेगाना : रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १९ बाबु: ओम प्रकास थारु, ससुरा: रामेश्वर चौधरी, पति: विश्वभान चौधरी
	जमानीकर्ता: **विश्वभान चौधरी**, स्थायी ठेगाना: रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १९, बाबु: रामेश्वर चौधरी, बाजे: राम दुलारे चौधरी
५)	**१) ऋणी फर्म: शुभावती ग्रल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता: तमेश्वर मल्लाह दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४२६८८/०७५, मिति २०७५/०४/३१, ठेगाना: जिल्ला रुपन्देही, रोहिणी गा.पा. वडा नं. ३
	२) ऋणी: तमेश्वर मल्लाह, स्थायी ठेगाना: रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३, हालको ठेगाना: रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३, बाबु: अर्जुन मल्लाह, बाजे: शंकर मल्लाह
	धितोको विवरण
	१) कनहीको नाती, अर्जुन मल्लाहको छोरा, रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रोहिणी गा.पा. वडा नं. ३ बस्ने तमेश्वर मल्लाहको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, ष्ठिपाढ गा.वि.स. वडा नं. ७ (हाल रोहिणी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-५-७.५-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) कनहीको नाती, अर्जुन मल्लाहको छोरा, रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रोहिणी गा.पा. वडा नं. ३ बस्ने तमेश्वर मल्लाहको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ४ घ स्थित कित्ता नं. १८० को क्षेत्रफल ०-२-१९-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) शुभावती ग्रल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१) ऋणी फर्म: ग्रिनपार्क होटल एण्ड लज**, प्रोप्राईटर तथा जमानीकर्ता: तिल बहादुर श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मूल्य शाखा कार्यालय तनहुँमा, प्रा.फ.नं.घ.उ.वि. ६८३८/०७५/७६ दर्ता मिति: २०७५/०४/२७, ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. २
	२) ऋणी फर्म: गाजरकोट होटल, प्रोप्राईटर तथा जमानीकर्ता: रीमा कुमारी श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मूल्य शाखा कार्यालय, तनहुँमा, प्रा.फ.नं.घ. तथा सा.उ.वि.स. ४०५९/०७१/७२, दर्ता मिति: २०७१/०४/२०, ठेगाना: जिल्ला तनहुँ, भिमाद गा.वि.स. वडा नं. १
	३) तिल बहादुर श्रेष्ठ स्थायी ठेगाना: तनहुँ जिल्ला, गाजरकोट गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २, बाबु: जगा बहादुर श्रेष्ठ, बाजे: तेज नारायण श्रेष्ठ
	धितोको विवरण
	१) सुब्बा कुमार श्रेष्ठकी छोरी, जगा बहादुर श्रेष्ठकी बुहारी, तिल बहादुर श्रेष्ठकी पत्नि, तनहुँ जिल्ला, गाजरकोट गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ बस्ने रीमा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८क स्थित किता नं. ४०१ को क्षेत्रफल ०-१०-०-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) तेज नारायण श्रेष्ठको नाति, जगा बहादुर श्रेष्ठको छोरा, तनहुँ जिल्ला, गाजरकोट गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ बस्ने तिल बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ७ग स्थित किता नं. २८३ को क्षेत्रफल २-७-३-० (रोपनी) क्षेत्रफलको घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) ग्रिनपार्क होटल एण्ड लज र गाजरकोट होटलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Bagmati Province Government
Ministry of Physical Infrastructure Development
Urban Development and Building Office
Dhulikhel, Kavreplanchok

INVITATION FOR BIDS

First Date of Publication- 2081/12/15 BS(2025/03/28 A.D)

1. **Urban Development and Building Office, Dhulikhel, Kavreplanchwok** invites bids from eligible bidders for the construction of following work under National Competitive Bidding.

Contract No/ Bid No	Description of Works	Estimated Amount (With VAT & PS)	Bid Security Amount (NRs)	Bid document Price (NRs)
UDBO/NCB/WORKS/ 1S1E/38/081/082	Kune Kharka Samudayik Bhawan Nirman Bethanchok Gaa.Paa -03 Kune Kharka, Kavre	3999958.56	104000.00	3000.00
UDBO/NCB/WORKS/ 1S2E/07/081/082	B.P Smriti Bhawan Nirman Bhimeshwor Na.Paa 6	-	900000.00	5000.00

All related information including:Purchase, Submission and Opening of Bidding document is available at www.bolpatra.gov.np/egp

Office Chief

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/१२/१५)

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०७।१३ तथा मिति २०८१।०८।०५ गतेको नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशन गरी Request For Expression Of Interest (EOI) माग गरिएकोमा सोही सूचनाबमोजिम पेशागत कुक तथा पेशागत कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेकिनिसियन तालिम कार्यक्रम सञ्चालन गर्न यस कार्यालयमा समय सीमाभित्र रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरूको नियमानुसार मूल्याङ्कन गरी ग्राह्य देखिएका प्रस्तावकहरूसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही रहेको भनी स्वीकृतिको लागि सिफारिस भएअनुसार तपशिलको तालिम प्रदायक संस्थाहरूको प्रस्तावहरू स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ३८(२) बमोजिम छनौट भएको प्रस्ताव स्वीकृत गर्ने आसयको यो सूचना सम्बन्धित परामर्शदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

क) **Project Name** : प्रोफेशनल कुक तालिम 1696 घण्टा कार्यगत अभ्याससहितको सञ्चालन कार्य

परामर्शदाताको नाम	प्राविधिक प्रस्तावमा प्राप्त अंक (७० मा)	आर्थिक प्रस्तावमा प्राप्त अंक (३० मा)	जम्मा प्राप्त अंक	आर्थिक प्रस्तावमा कबोल गरेको अंक रु.
श्री ओरियण्टल हस्पिटालिटी एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा.लि बानेश्वर, काठमाडौं ।	६७।९०	२९।८७	९७।७७ (सन्तानब्बे दशमलव सतहत्तर मात्र)	मु.अ.क सहित रु. १५,९०,५५७/५० (अक्षरुपी पन्ध्र लाख नब्बे हजार पाँच सय सन्ताउन्न पैसा पचास मात्र)

ख) **Project Name** : प्रोफेशनल कम्प्युटर हार्डवयर एण्ड नेटवर्क टेकिनिसियन तालिम (1696 घण्टा) कार्यगत अभ्याससहितको सञ्चालन कार्य

परामर्शदाताको नाम	प्राविधिक प्रस्तावमा प्राप्त अंक (७० मा)	आर्थिक प्रस्तावमा प्राप्त अंक (३० मा)	जम्मा प्राप्त अंक	आर्थिक प्रस्तावमा कबोल गरेको अंक रु
श्री मेचि पोलिटेक्निक इन्स्टिच्यूट, झापा ।	६५।८०	३०	९५।८० (पन्चानब्बे दशमलव असी मात्र)	मु.अ.क सहित रु. १०,३७,५९२/- (अक्षरुपी दश लाख सैंतीस हजार पाँच सय बयानब्बे मात्र)

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पुत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

दुई हजार मेगावाटका विद्युत् परियोजनामा लगानी गर्ने अडानी ग्रुपको घोषणा

सन् ०२५ मा दुई हजार मेगावाट र भविष्यमा थप तीन हजार मेगावाटका परियोजनामा लगानी गर्ने प्रतिबद्धता

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विश्व अर्बपतिमा सूचीकृत भारतीय धनाढ्य गौतम अडानीको व्यावसायिक घराना अडानी ग्रुपले सन् ०२५ मा नेपालमा दुई हजार मेगावाटको जलविद्युत् परियोजना विकास गर्न सुरु गर्ने घोषणा गरेको छ।

भारतस्थित नेपाली राजदूतावास र इन्डियन फिडे्रसन अफ ग्रिन इनर्जीले संयुक्त रूपमा नयाँदिल्लीमा आयोजना गरेको नेपाल-भारत इनर्जी समिटमा अडानी ग्रुपले यस्तो प्रतिबद्धता जनाएको हो। अडानी ग्रुपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न राम्रा आयोजनाको खोजी गरिरहेको जानकारी दिए। यसै वर्ष नेपालमा दुई हजार मेगावाटका आयोजना विकास गर्ने तथा भविष्यमा नेपालमै पाँच हजार मेगावाटसम्म विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको उनको भनाइ छ।



नेपालका सरकार वा निजी क्षेत्र जोसुकैसँग पनि पार्टनरसिप गरेर अडानी ग्रुप लगानी गर्न तयार रहेको उनको भनाइ छ। नेपालबाट विद्युत् निर्यात नै गर्ने गरी आयोजना बनाउने र त्यसका लागि सरकारी स्वामित्वका आयोजना पनि हेरिरहेको समेत उनले बताए। अडानी ग्रुपले नेपालका ठुला जलविद्युत् परियोजनामा लगानी गर्ने लक्ष्य लिएको उनको भनाइ छ।

नेपालमा पम्प स्टोरेज आयोजना बनाउन पनि अडानी समूह सकारात्मक रहेको उनले बताए। नेपालमा ६ देखि आठ वर्षमा एउटा राम्रो पम्प स्टोरेज आयोजना विकास गर्न सकिने उनको भनाइ थियो। विश्वभर २७ हजार तीन सय मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रुपले लक्ष्य लिएको बताउँदै उनले छिमेकी र क्षेत्रीय ऊर्जा बजार प्राथमिकतामा रहेको बताए।

यस्तै, भारतका अन्य ठुला कम्पनी नेपालको जलविद्युत्मा लगानी गर्न तयार रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले जानकारी दिएको छ। इप्पान कार्यक्रममा संस्थागतमा सहभागी छ। नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न भारतीय ठुला व्यापारिक घरानाले लगानी र प्रतिफलको नीतिगत सुरक्षासहित तीनवटा ठुला समस्या समाधानमा सरकारको साथ खोजेको इप्पानको भनाइ छ।

भारतका ठुला व्यावसायिक घरानाले नेपालमा नीतिगत सुरक्षामार्फत भारतीय लगानीको सुरक्षा हुनुपर्ने, प्रतिफलको ग्यारेन्टी हुनुपर्ने र सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत विषययमा ग्यारेन्टी खोजेका छन्। जलविद्युत् आयोजनाले सामना गर्नुपरेका तीन-चारवटा समस्या समाधानका लागि सरकारले सहजीकरण गरिदिएमा आफूहरू नेपालमा लगानी गर्न उत्साहित रहेको उनीहरूको भनाइ छ।

नेपालमा नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन)का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्नका लागि वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेको बताए। यद्यपि, समस्या समाधानका लागि सरकारले सहजीकरण पनि गरिरहेको उनको भनाइ छ। सरकारी सहयोग रहेकाले तीन वर्षमा परियोजनाको भौतिक प्रगति ८४ प्रतिशत पुगेको उनले बताए। उक्त परियोजा २५ वर्षपछि सरकारलाई नै हस्तान्तरण हुने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठुलो फरक पार्ने उनको दाबी थियो। यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने पनि उनले बताए।

यस्तै, भारतीय ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबिच एक हजार मेगावाट विद्युत् आदान-प्रदानका लागि संरचना तयार भइसकेको बताए।

यस्तै, आठ हजार मेगावाट विद्युत् आदान-प्रदान गर्न सक्ने क्षमताका चारवटा प्रसारणलाइन निर्माणमा गइसकेकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि कुनै समस्या नहुने बताए। उनले नेपालबाट भारतमा मात्रै नभएर बंगलादेशमा पनि विद्युत् निर्यात सुरु भइसकेकाले नेपालमा उत्पादित विद्युत् खपत नहुँदा भारत वा बंगलादेशमा जहाँ पनि बिक्री गर्न सक्ने वातावरण बनिसकेको बताए।

तर, नेपालमा निजी क्षेत्रले बनाउने आयोजनाले सरकारलाई दिनुपर्ने फ्री इनर्जीको विषयमा पुनर्विचार गर्नुपर्ने र वन, जग्गा प्राप्ति, भन्सारलगायतका विषयमा सरकारले ध्यान दिनुपर्ने पनि बताए।

आइएफजिईका वरिष्ठ कार्यसमिति सदस्य तथा उत्तर भारत हाइड्रोपवार कम्पनीका सिइओ नरेश गोयलले नेपाल सरकारले प्रशासनिक अवरोध हटाएर लगानीको वातावरण बनाइदिने हो भने भारतीय लगानीकर्ता नेपालमा लगानी गर्न तयार रहेको बताए।

सरकारले अघि सारेको २८ हजार पाँच सय मेगावाट उत्पादनको लक्ष्यलाई वास्तविकतामा बदल्ने हो भने नेपाल सरकारले केही बोल्ड डिसिजन गरेर भारतीय लगानीकर्तालाई आकर्षित गर्नुपर्नेमा उनले जोड दिए।

भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले नेपाल सरकारले अघि सारेको सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि दूतावासले यो समिट आयोजना गरेको बताए। उनले भारतीय लगानीकर्ताले नेपालमा आयोजनाको स्वामित्व किनेर वा जोइन्ट भेन्चरमा पनि काम गर्न सक्ने बताए।

भारतले राति ११-४ बजेसम्म पनि ६ सय मेगावाट विद्युत् दिने

काठमाडौं/ भारतले रातिको समयमा पाँच घण्टा ६ सय मेगावाट विद्युत् दिने भएको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले राति ११ देखि बिहान ४ बजेसम्म ६ सय मेगावाट विद्युत् दिने स्वीकृति नेपाल विद्युत् प्राधिकरणलाई पठाएको हो। योसँगै अब प्राधिकरणले उक्त समयमा भारतको इनर्जी एक्सजेन्च मार्केटबाट सोबराबरको विद्युत् खरिद गर्न सक्नेछ।

पूर्वस्वीकृतिअनुसार भारतले ३ चैतदेखि इनर्जी एक्सचेन्ज मार्केटबाट रातिको समयमा विद्युत् खरिद गर्न दिएको थिएन। दिउँसो सोलार आवर (सूर्योदयदेखि सूर्यास्तसम्म) मात्रै विद्युत् खरिद गर्न दिएको थियो। त्यसले गर्दा रातिको समयमा उद्योगमा विद्युत् कटौतीसमेत भएको अवस्था थियो। नयाँ स्वीकृतिअनुसार अब राति ५-११ बजेसम्म र बिहान ४-६ बजेबाहेकको समयमा भारतबाट विद्युत् आयात गर्न पाइन्छ।



नेपालमा अधिकांश नदी प्रवाहमा आधारित परियोजना छन्। त्यो अवस्थामा बर्खामा खोलामा पानी बढी हुँदा पूर्ण क्षमता विद्युत् उत्पादन गर्न सकिन्छ, जुन वेला भारतमा विद्युत् निर्यात गर्न पनि सकिन्छ। तर, हिउँदमा खोलामा पानी कम भएपछि यहाँको विद्युत् उत्पादन पनि कम हुन्छ। त्यसवेला आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्नुपर्छ। तर, पछिल्लोपटक भारतले रातिको समय विद्युत् दिएको थिएन।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत

१४ खर्ब ९९ अर्बको अनुमानित लगानीको क्षेत्र पहिचान

प्रदेशभित्र पाँच दिन बिदा थप गर्ने सरकारको निर्णय

नयाँ पत्रिका

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत भएको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को बिहीबार सम्पन्न बैठकले प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय गरेको हो। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले स्वीकृत गरेको आवधिक योजनामा प्रदेशको विकासका लागि विभिन्न योजना अघि सारेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए। दोस्रो आवधिक योजनाले प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय विशेषतालाई ध्यानमा राखी विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको उनको भनाइ छ।

आवश्यक वित्तीय स्रोत परिचालनका लागि १४ खर्ब ९९ अर्बको अनुमानित लगानीको क्षेत्र पहिचान गरिएको छ। योजनाको अन्त्यमा कुल गार्हस्थ्य उत्पादन ११ खर्ब ४९ अर्ब पुग्ने, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औसत) अनुमान ७ दशमलव ६ प्रतिशत पुग्ने गरिएको छ। योजनाले समृद्ध लुम्बिनी निर्माणका लागि विभिन्न रणनीति अघि सारेको छ।

कृषि आधुनिकीकरणमार्फत उत्पादन वृद्धि गर्ने, पर्यटन प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने, औद्योगिकीकरणमार्फत आर्थिक गतिशीलता बढाउने, लुम्बिनी प्रदेश सरकारले केन्द्र सरकारले दिने बिदाका अतिरिक्त प्रदेश सरकार बाट ०८२ सालमा थप पाँच दिन सार्वजनिक बिदा पनि स्वीकृत गरेको छ। प्रदेश सरकारले बढीमा ६ दिन अतिरिक्त सार्वजनिक बिदा दिन सकिने व्यवस्था छ। जसअन्तर्गत लुम्बिनी प्रदेशले पाँच दिन सार्वजनिक बिदा दिने प्रस्ताव स्वीकृत गरेको हो। ०८२ भदौ १० गते हरितालिका तिजमा प्रदेशभर बिदा दिने निर्णय गरिएको छ। त्यस्तै, माघी तथा माघे संक्रान्तिमा माघ २ गते, वसन्त पञ्चमी (श्रीपञ्चमी)मा माघ ९ गते, प्रदेश स्थापना दिवसमा माघ २१ गते, निश्चित पर्व मनाउने समुदायले पाउने बिदा भुम्या पूजा (रोल्पा, रुकुम पूर्व, दाङ), वड्का अत्तवारी (दाङ, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही र नवलपरासी पश्चिम र भगवती जात्रामा पाल्पा जिल्लामा बिदा दिने निर्णय गरिएको छ।

अन्तिम कारोबार दिन बजारमा हरियाली

काठमाडौं/ साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजारमा हरियाली छाएको छ। बजार मापन गर्ने नेप्से परिसूचक ४१.४३ अंकले बढेर दुई हजार ६ सय ६३.३० विन्दु कायम भएको छ। बिहीबार तीन सय नौ कम्पनीको ९७ लाख ७२ हजार १९६ कित्ता सेयर पाँच अर्ब २२ करोड ३० लाख ८३ हजार ३४० रुपैयाँमा खरिद-बिक्री भएको छ। यो दिन कारोबार भएकामध्ये दुई सय २७ कम्पनीको सेयर मूल्य बढेको छ भने १६ कम्पनीको घटेको छ। कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। त्यस्तै, कारोबारमा सिर्जनशील लघुवित्त, सपोर्ट माइक्रो फाइनान्स, अभियान लघुवित्त, मानुषी लघुवित्त वित्तीय संस्थाको पनि सेयर मूल्य बढेको छ। बढेको बजारमा कुमारी सबल योजना र आइसिएफसी फाइनान्स ऋणपत्र १ प्रतिशतभन्दा बढीले घटेका छन्।

NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड

NMB Sulav Investment Fund II

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली,२०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०४/०५ मा योजना संचालन अनुमति प्राप्त योजनाको निर्धारित समयावधि समाप्ती मिति २०८९/०५/१४

२०८१ फाल्गुण मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धि विवरण		फाल्गुण मसान्त २०८१ (रु)	माघ मसान्त २०८१ (रु)
क. धितोपत्र तथा अन्य लगानी			
१	सूचीकृत शेयर	१,२३७,६७२,४५६.३५	१,२४२,५७५,६९५.२०
२	ऋणपत्र/बोण्ड	८६,१६१,८८३.४०	८७,२७१,६७१.००
३	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर	७८,००४,४५६.४८	८६,६५१,९१४.००
४	ट्रेजरी बिल	७२,२७०,७०२.७३	३९,४०९,४८१.५२
जम्मा		**१,४७४,१०९,४९८.९६**	**१,४५५,९०८,७६१.७२**
ख. चालु सम्पत्ति			
१	बैंक मौज्दात	७३,६४७,६६५.९९	६३,९८२,७३१.३१
२	अन्य सम्पत्ति	३,७५५,८१६.५९	३५२,२३८.४८
जम्मा		**७७,४०३,४८२.५८**	**६४,३३४,९६९.७९**
ग. चालु दायित्व			
१	अन्य दायित्व	४,३०७,३८२.००	१,४३७,६७१.८७
जम्मा		**४,३०७,३८२.००**	**१,४३७,६७१.८७**
कूल सम्पत्ति घ=(क+ख-ग)		**१,५४७,२०५,५९९.५४**	**१,५१८,८०६,०५९.६४**
भुक्तानी हुन बाँकी सेवा शुल्क (ङ)			
योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क		४,२१५,१३४.८९	२,११०,४१९.३७
कोष सुपरीवेक्षक शुल्क		२४७,९४९.१३	१२४,१४२.३३
खुद सम्पत्ति (घ-ङ)		**१,५४२,७४२,५१५.५२**	**१,५१६,५७१,४९७.९४**
जम्मा इकाई		**१२२,१००,०००.००**	**१२२,१००,०००.००**
प्रति इकाई खुद सम्पत्ति मूल्य		**१२.६४**	**१२.४२**

आय व्यय विवरण

क्र.स.	विवरण	फाल्गुण मसान्त २०८१ (रु)	माघ मसान्त २०८१ (रु)
१	प्राप्त भइ सकेको ब्याज, लाभांश तथा अन्य आम्दानी	२१,७४०,६६९.१२	१८,११०,०७७.१७
२	प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी	७४६,९८१.९५	३४३,४०३.८४
३	प्राप्त भइ नसकेको आम्दानी/(नोक्सानी)	६५,८०९,४७४.८३	६७,३२०,९११.७९
४	पूँजीगत आम्दानी/(नोक्सानी)	१०४,०७९,४३५.९४	७८,१६९,८२२.४२
	जम्मा आम्दानी	**१९२,३७६,५६१.८४**	**१६३,९४४,२९५.२२**
१	स्टक एक्सचेञ्ज सूचीकरण शुल्क	५०,०००.००	५०,०००.००
२	योजना व्यवस्थापक तथा डिपोजीटरी शुल्क	१७,९३५,८८६.७४	१५,८३१,७१७.२२
३	कोष सुपरीवेक्षण शुल्क	१,०५५,०५२.१८	९३१,२४५.३८
४	वार्षिक सिडिएस तथा सफ्टवेयर जडान/मर्मत शुल्क	१७०,०००.००	१७०,०००.००
५	अन्य खर्च	३५२,१७८.१५	३१९,४५१.४३
	जम्मा खर्च	**१९,५६३,११७.०७**	**१७,३०१,८६८.०३**
	कूल आय/(व्यय)	**१७२,८१३,४४४.७७**	**१४६,६४२,४२७.१९**

क्र.सं.	धितोपत्र	संख्या	सम्पत्तिको मूल्य (रु)
	वाणिज्य बैंक समूह		
१	माछापुच्छ्रे बैंक लिमिटेड	१३६,७२५	३१,४४६,७५०.००
२	एनआईसी एशिया बैंक लिमिटेड	१७१,०४९	६५,६८२,८१६.००
३	सानिमा बैंक लिमिटेड	१५१,२१२	४६,४२२,०८४.००
४	सिद्धार्थ बैंक लिमिटेड	२२१,८१२	६४,७४६,९२२.८०
			२०८,२९८,५७२.८०
	विकास बैंक		
५	गरिमा विकास बैंक लिमिटेड	१३५,५३५	५५,९२१,७४१.००
६	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	२९,५२३	१९,९६३,४५२.६०
७	मुक्तिनाथ विकास बैंक लिमिटेड	१९२,४२५	७३,१२१,५००.००
८	सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	६२,६३४	२७,२०८,२०९.६०
			१७६,२१४,९०३.२०
	जीवन बीमा समूह		
९	गार्डियन माइक्रो लाईफ इन्स्योरेन्स लिमिटेड	२,०५१	४,००२,४०१.००
१०	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	४५,८२४	२०,०२५,०८८.००
११	लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड	३,०००	३,३०६,३००.००
१२	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९५,५२३	६१,४११,७३६.७०
१३	नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९६,९९८	७६,२४०,४२८.००
१४	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३३,९०३	१४,५६८,११९.१०
			१७९,५५४,०७२.८०
	निर्जीवन बीमा समूह		
१५	नेको इन्स्योरेन्स लिमिटेड	४५,५७८	३५,३२२,९५०.००
१६	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	८९,२१८	६५,०३९,९२२.००
१७	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	१२२,९३८	१०५,३५७,८६६.००
			२०५,७२०,७३८.००
	उत्पादन र प्रशोधन उद्योग समूह		
१८	शिवम् सिमेन्ट लिमिटेड	६१,९२८	३३,६२६,९०४.००
१९	युनिलिभर नेपाल लिमिटेड	७२३	३२,५४२,९५३.००
			६६,१६९,८५७.००
	हाइड्रो पावर समूह		
२०	पाँचथर पावर कम्पनी लिमिटेड	९,७७२	३,१०३,५८७.२०
२१	रु रु जलविद्युत परियोजना लिमिटेड	५१,१०२	३९,७३१,८०५.००
२२	सानिमा माई हाइड्रोपावर लिमिटेड	१३४,७३२	६४,३७४,९४९.६०
			१०७,२१०,३४१.८०
	लघुवित्त वित्तीय संस्था		
२३	आशा लघुवित्त वित्तीय संस्था लिमिटेड	५५,८६८	४७,१३४,७४४.००
२४	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	८५,५५१	७४,०८७१६६.००
२५	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	४२,०९३	५४,३६३,१०९.५०
२६	नेप्सो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,६२४	३८,८५५,५२०.००
२७	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	५७,९५०	४७,५७६,९५०.००
			२६२,८१७,४८९.५०
	म्युचुअल फण्ड समूह		
२८	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	२५०,०००	२,२०२,५००.००
२९	कुमारी सबल योजना	५००,०००	४,३९०,०००.००
३०	मुक्तिनाथ म्युचुअल फण्ड १	२००,०००	१,८१२,०००.००
३१	एनआईबिएल ग्रोथ फण्ड	५००,०००	४,२९०,०००.००
३२	एन आई सि एशिया ग्रोथ फण्ड २	५००,०००	४,५००,०००.००
३३	एनआईबिएल स्टेबल फण्ड	४५०,०००	३,७३५,०००.००
३४	प्रभु स्मार्ट फण्ड	३०१,६२५	३,१५१,९८१.२५
३५	आरबिबि म्युचुअल फण्ड २	२५,०००	२२५,०००.००
३६	सानिमा ग्रोथ फण्ड	२००,०००	१,८७०,०००.००
३७	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३	३२५,०००	३,१८५,०००.००
३८	सनराइज फोकस्ड इक्विटी फण्ड	२५०,०००	२,३२५,०००.००
			३१,६८६,४८१.२५
	कूल	**५,६५६,९०६**	**१,२३७,६७२,४५६.३५**
	म्युचुअल फण्ड समूह (खुलामुखी योजना)		
१	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,९०७,५००.००
	कूल		**२,९०७,५००.००**
	डिबेन्चर समूह		
१	बि.ओ.के. डिबेन्चर २०८६ "क"	३२,९१८	३६,७४६,३६३.४०
२	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८६/८७	२,५००	२,५३७,७५०.००
३	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८४/८५	८,६२९	१०,२३२,२६८.२०
४	११% केबिएल डिबेन्चर २०८९	९,२९३	१०,६८७,८७९.३०
५	८.५% माछापुच्छ्रे बैंक डिबेन्चर २०८७	३००	३१२,३००.००
६	१०.५% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८२	१,५००	१,५७०,५००.००
७	१०.% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८०	९,२६४	१०,३२९,३६०.००
८	९% नेपाल एसबिआई बैंक डिबेन्चर २०८९	१,०००	१,०४६,०००.००
९	१०% एनआईसि एशिया डिबेन्चर २०८५/८६	९००	९६३,२७०.००
१०	१०% प्रभु बैंक डिबेन्चर २०८४	९४५	१,०३६,१९२.५०
११	१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	१०,०००	१०,७००,०००.००
	कूल	**७७,२४९**	**८६,१६१,८८३.४०**

थप प्रकटीकरणहरु :

१ सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी २०८१ फाल्गुण मसान्तसम्मको लागत मूल्यमा कूल लगानी (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क, डि.पि शूल्क समेत) रु. १,१९४,९१७,१६९।५२ (अक्षेरेपि एक अर्ब उन्नाइस करोड उनन्चास लाख सत्र हजार एक सय उनन्सत्तरी रुपैयाँ बाउन्न पैसा मात्र।) रहेको छ।
२ योजनाको श्रावण २०८१ देखि फाल्गुण २०८१ सम्म धितोपत्र कारोबार गर्दाको लागत (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क,डि.पि शूल्क) रु. १,६६७,२७१।३१ (अक्षेरेपी सोह्र लाख सतसठ्ठी हजार दुई सय एकहत्तर रुपैयाँ एकतिस पैसा मात्र।)रहेको छ।
३ हकप्रद शेयर र बोनस शेयरको हकमा शेयर दाखिल खारेज बन्द मितिको दिन गणना गरी प्राप्त हुने हकप्रद/बोनस शेयरलाई खुद सम्पत्तिमा समावेश गरिएको छ। सो हकप्रद/बोनस शेयरको मूल्याङ्कन प्रत्येक मसान्तमा कायम भएको अन्तिम मूल्यको आधारमा गरिएको छ।
४ सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा २२ को अधिनमा रही योजनाको लगानी मूल्याङ्कन गरिएको छ। म्युचुअल फण्डको मूल्याङ्कन नीति सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेबसाइट "https://nmbcl.com.np/download" मा गई हेर्न सकिनेछ।
५ २०८१ फाल्गुण मसान्तमा योजनाको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको) मुल्य/आम्दानी अनुपात (PE Ratio) ३५।१३ रहेको छ। जीवन बीमा कम्पनीहरुको हकमा पछिल्लो परिष्कृत वित्तीय विवरणको आधारमा र अन्य कम्पनीहरुको हकमा पछिल्लो चार त्रैमासको मुनाफाको आधारमा मुल्य/आम्दानी अनुपात गणना गरिएको छ।
६ ऋणात्मक आम्दानी भएका कम्पनीहरु समावेश नगरिएको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको)मुल्य/आम्दानी अनुपात (PE Ratio) ३०।९७ रहेको छ।
७ योजनाको लेखापरीक्षण शुल्क लेखापरीक्षक नियुक्ति भए पश्चात मात्र खुद सम्पति मूल्यमा समावेश गरिनेछ।
८ योजनाको साप्ताहिक खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण र प्रकाशित मासिक खुद सम्पत्ति मूल्य सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेव साईटमा हेर्न सकिनेछ।
९ योजना सम्बन्धि कुनै जिज्ञाशा वा गुनासो रहेमा हामीलाई ईमेल ठेगाना "mutualfunds@nmbcl.com.np" मा सम्पर्क गर्नुहोला।

योजना व्यवस्थापक

NMB CAPITAL एनएमबि क्यापिटल

एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०
इमेलः info@nmbcl.com.np
वेबसाइटः www.nmbcl.com.np

'वित्तीय कारोबार गर्ने सहकारीलाई बैंकसरह कर'

नयाँ पत्रिका

वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई बैंक तथा वित्तीय संस्थासरहको कर लगाउन छलफल सुरु भएको छ। अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष ०८२/८३ को राजस्व नीतिको तयारी गरिरहँदा बैंक तथा वित्तीय क्षेत्रको विकल्पका रूपमा वित्तीय कारोबार गरिरहेका सहकारीलाई पनि आयकर बढाउन छलफल अघि बढाएको हो।

हाल बैंक तथा वित्तीय संस्थालाई ३० प्रतिशत आयकर तिर्नुपर्ने व्यवस्था छ। यद्यपि, सहकारी संस्थालाई ५, ७ र १० प्रतिशत मात्रै कर तिरे पुग्ने आयकर ऐनमा व्यवस्था छ। आयकर ऐनले साधारण सहकारी संस्थालाई कर छुटको सुविधा दिए पनि वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई भने कर लगाउँदै आएको छ। नगरपालिका क्षेत्रभित्रका सहकारीलाई ५ प्रतिशत, उपमहानगरपालिकाभित्रका सहकारीलाई ७ प्रतिशत र महानगरपालिकाभित्रका सहकारीलाई १० प्रतिशत कर लाग्ने व्यवस्था छ। वित्तीय कारोबारको आकार ठुलो भइसकेको सहकारी संस्थालाई न्यून दरमा आयकरको दर निर्धारण हुँदा सरकारले राजस्व गुमाउँदै गइरहेको आन्तरिक राजस्व विभागका अधिकारीहरूको विश्लेषण छ।

तर, छलफलमा सहकारी संस्थाहरू धराशायी रहेको अवस्थामा करको दर बढाउन नहुने सहकारी सञ्चालकले सुझाव दिए। बचत तथा ऋण सहकारी संस्थाहरूको छाता संगठन नेफस्कुनका अध्यक्ष चन्द्रप्रसाद ढकालले सहकारी क्षेत्रमा सर्वसाधारणको पैसा सुरक्षित गर्नुपर्ने समयमा यसलाई प्रोत्साहन गर्न छाडेर करको दर बढाउने विषय असान्दर्भिक हुने बताए। उनले भने, 'अहिले सहकारी संस्थाहरू समस्यामा छन्। यस्तो वेलामा सरकारले सहकारी क्षेत्रको संरक्षणका लागि अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने दायित्व छ। कर बढाउने विषय अनुचित र असान्दर्भिक छ।'

बैंक तथा वित्तीय संस्थाको विकल्पका रूपमा वित्तीय कारोबार गर्दै आइरहेका सहकारी संस्थाको आयमा न्यून कर लगाउनु न्यायोचित नहुने सरोकारवाला बताउँछन्। हाल मदिरा, सुर्ती, चुरोटजस्ता नेगेटिभ लिस्टका उद्योगसरह ३० प्रतिशत आयकर लगाएकोमा घटाउनुपर्ने बैंकरहरूको माग छ। उनीहरूले बैंक तथा वित्तीय संस्थालाई अरू संस्थासरह २५ प्रतिशत आयकर लगाउनुपर्ने माग राख्दै आएका छन्। एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बैंक तथा वित्तीय संस्थालाई ३० प्रतिशत आयकर लगाएर भार परेको भन्दै यसलाई २५ प्रतिशतमा झार्नुपर्ने बताए।

आगामी बजेटबारे अर्थ मन्त्रालयद्वारा १६ मन्त्रालयसँग छलफल

काठमाडौं/ अर्थ मन्त्रालयले आर्थिक वर्ष ०८२/८३ को बजेट निर्माण सम्बन्धमा १६ वटा मन्त्रालयसँग छलफल सम्पन्न गरेको छ। यसै क्रममा आज संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयसँग छलफल भएको छ।

मन्त्रालयहरूसँगको छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटको अंकभन्दा नीतिगत सिफ्टलाई प्राथमिकतामा राख्न आग्रह गरेका छन्। उनले संघीयताको मूल मर्म र भावना, संघ, प्रदेश र स्थानीय तहको भूमिका, प्रदेश र स्थानीय तहको भूमिकाअनुसार संघमा रहेका कार्यक्रम तथा आयोजनाको हस्तान्तरण, तीन तहका सरकारबिचको समन्वय र साझेदारीलाई जोड दिए। प्रदेश र स्थानीय तहले गर्ने काम संघले गर्दा संघीयता बलियो नहुने उनको भनाइ छ।

अर्थमन्त्री पौडेलले विगतका सबै कार्यक्रम र योजनाको समीक्षा गरी संघीय योजनामा केन्द्रित हुन, कार्यक्रम तथा योजना रोक्न, घटाउन, समायोजन गर्न, अत्यावशक कार्यक्रमलाई निरन्तरता दिन र परिवर्तित समयअनुसार जनतासँग जोडिने स्मार्ट कार्यक्रम तथा योजना समावेश गर्न आग्रह गरे। उहाँले तीन करोड रुपैयाँभन्दा कमका आयोजना समावेश नगर्न पनि अनुरोध गरे।

यसैगरी, अर्थमन्त्री पौडेलले अध्ययन र कार्यान्वयनमा जाने योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गर्न पनि जोड दिए। कार्यक्रम तथा योजना पेस गर्दा रकमान्तर र शोधनान्तर गर्नुनपर्ने गरी यथार्थपरक प्रस्ताव पेस गर्न पनि आग्रह गरे।

उपलब्ध साधनस्रोतलाई ख्याल गर्दै जनताको आकांक्षा र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्ने गरी अनुशासित र यथार्थपरक बजेट आउने अर्थमन्त्रीको भनाइ छ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१२/१५ गते

यस कार्यालयबाट मिति २०८१/१०/२९ प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मूल्यांकन हुंदा निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं. र योजनाको विवरण	स्वीकृत हुने बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट समेत)
1	Supply, Delivery and Installation of 16m High Mast Light Set at different sites of Tarakeshwor Municipality. (TARA/28/NCB/081-082)	Nepaltech Group Company Pvt. Ltd.	रु. ६९,८१,२२६.७६

प्रमुख प्रशासकीय अधिकृत

पोखरामा पहिलोपटक अटो सो

दुईपांग्रे र चारपांग्रे गरी ३३ ब्रान्डका सवारीसाधन प्रदर्शनीमा

कास्कीमा **रोहितराज पराजुली**



काठमाडौंबाहिरको पहिलो बृहत् अटो सो पोखरामा सुरु भएको छ। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको प्रस्तुति र पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एसोसिएसनको आयोजनामा 'प्रथम नाडा प्रेजेन्ट्स वाडा अटो सो २०२५' बिहीबार सुरु भएको हो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अटो सोको उद्घाटन गरे। १७ चैतसम्म सञ्चालन हुने अटो सोमा दुईपांग्रे र चारपांग्रे गरी ३३ ब्रान्डका सवारीसाधन प्रदर्शनीमा राखिएका छन्।

पोखरा- १२ स्थित अमरसिंह चौरमा सुरु सोको गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिका प्रवर्द्धक, पोखरा उद्योग वाणिज्य संघ, युनाइटेड क्लब पोखरा र अमरसिंह मावि सहयोगी संस्थाका रूपमा रहेका छन्। नवीनतम सवारीसाधनका मोडेल, आधुनिक प्रविधि तथा यस क्षेत्रका अन्य सेवाप्रदायकलाई एकै थलोमा प्रदर्शन गर्ने उद्देश्यसहित अटो सो गरिएको आयोजकले जनाएको छ।

सोमा १९ ब्रान्डका चारपांग्रे, ६ ब्रान्डका लाइट कमर्सियल, सात ब्रान्डका दुईपांग्रे सवारीसाधनसँगै लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, अन्य एसोसेरिज रहेका छन्। बैंक तथा वित्तीय संस्थाका २० वटा स्टलसमेत रहेका छन्। अटो सोमा विद्युतीय चारपांग्रेतर्फ बिवाइडी, एक्स्पेङ, काई, दीपल, हुन्डाई, टाटा, एमजी, स्काइवेल, रिडारा, सेरेस, ओमोडा, जेको, सिट्रोन, जिकर, नामी, किया, लिपमोटर रहेका छन्। आइसतर्फ टोयोटा, सुजुकी, किया, इसुजु, निशान, महिन्द्रा रहेका छन्। हुन्डाई, टाटा, कियाको इभीसँगै आइस गाडीहरू सोमा राखिएका छन्। दुईपांग्रेतर्फ एथर, टिभिएस, यामाहा, बजाज, ट्राइम्प, रोयलइन्फिल्डलगायतका ब्रान्ड रहेका छन्। कामा, न्यु गो नाउ, स्काइवर्थ, हाइगर र डङफेङलगायतका लाइट कमर्सियल गाडीसमेत रहेका वाडाका उपाध्यक्ष एवं सोका संयोजक निरन केसीले जानकारी दिए।

आयोजक वाडाका अध्यक्ष दीपेन्द्र कोइरालाले अटो सोमा स्थानीय एवं देशभरबाट डिलर, उत्पादक, विक्रेता एवं ग्राहकको भेलाले गण्डकी प्रदेशमा सवारीसाधन र सम्बन्धित सम्पूर्ण क्षेत्रको विकास, बजारीकरण र विस्तारका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

पोखरामा टाटाका नयाँ इभी सार्वजनिक

काठमाडौं/ 'वाडा अटो सो-२०२५' मा सिप्रदी ट्रेडिङले नयाँ इलेक्ट्रिक गाडी कर्भ इभी एसयुभी कुपे र नेक्सन के३ इभी सार्वजनिक गरेको छ। पोखरा महानगर प्रमुख धनराज आचार्य, सिप्रदीका सिइओ राजनबाबु श्रेष्ठ, सिओओ राजेशप्रसाद गिरी, प्यासेन्जर भेहिकल बिजनेस युनिट प्रमुख सावन्तजंग सिजापति, टाटा मोटर्स रिजनल कस्टमर केयर (दक्षिण एसिया) हेड रनधीरकुमार चौधरी र टाटा मोटर्स कन्ट्री म्यानेजर प्रसन्न रंगनाथनले संयुक्त रूपमा नयाँ इभी सार्वजनिक गरेका छन्।

टाटा नेक्सन के३ इभीमा १९० मिमि ग्राउन्ड क्लियरेन्स, ६ एयरब्याग, ३६०-डिग्री क्यामरा, १२-इन्च टचस्क्रिनजस्ता विशेषता रहेका छन्। यसले नेपाली भौगोलिक अवस्थाअनुरूप सहज यात्रा दिने विश्वास गरिएको छ। यस गाडीको सुरुवाती मूल्य ४८.९९ लाख रुपैयाँ तोकिएको छ।

कर्भ इभीमा ५५ किलोवाट आवरको ब्याट्री प्याक र ९८ किलोवाट क्षमताको इलेक्ट्रिक मोटर रहेको छ। ५०० लिटरको बुटस्पेस र १८६ एमएमको ग्राउन्ड क्लियरेन्स भएकाले नेपाली बाटोमा सजिलै आरामदायी यात्रा गर्न सकिनेछ। जसको टप भेरियन्टको मूल्य ५६.९९ लाख रुपैयाँ रहेको छ।

एनएसएलको तयारीमा यामाहा रेजेडआर र काठमाडौं रेजर्सले गरे ट्रफी टुर

नयाँ पत्रिका



पहिलो संस्करणको नेपाल सुपर लिग (एनएसएल) फुटबलको विजेता टिम काठमाडौं रेजर्सले आगामी एनएसएलको तयारीमा ट्रफी टुर गरेको छ। काठमाडौं रेजर्सको टाइटल प्रायोजक यामाहा रेजेडआर १२५ एफआई हाइब्रिडले ट्रफी टुर र स्कुटर र्‍याली गर्दै एनएसएल सिजन ३ को सुरुवात गरेको हो।

नक्सालस्थित यामाहा ब्लु स्क्वायरबाट सुरु भएको र्‍याली वसन्तपुर र काठमाडौंका प्रमुख स्थान हुँदै यामाहा ब्लु स्क्वायरमै आएर सकिएको थियो। उत्साही राइडर, फ्यान र टिमका समर्थक सामेल भएको र्‍यालीमा फुटबलको स्पिरिट र यामाहाको नेपाली खेलकुदप्रतिको प्रतिबद्धता स्पष्ट तरिकाले प्रदर्शन भएको कम्पनीको दाबी छ।

र्‍यालीपश्चात् यामाहा ब्लु स्क्वायरमै यामाहाले एनएसएल सिजन ३ मा काठमाडौं रेजर्सको यात्राको सुरुवात गर्दै टिमको आधिकारिक जर्सी अनावरण गरेको थियो। अभिनेत्री प्रियंका कार्की, यामाहा रेजेडआर १२५ एफआईका ग्राहक र मिडियाको उपस्थितिमा गरिएको अनावरण कार्यक्रमले युवा संलग्नता, खेलकुद विकास र नवीनतालाई समर्थन गर्ने यामाहाको प्रतिबद्धतालाई अझ बलियो बनाएको कम्पनीले जनाएको छ।

यामाहा रेजेडआर १२५ एफआई हाइब्रिडले ७१.३३ केएमपिएल (एआरएआई-प्रमाणित) माइलेज र एड्भान्स हाइब्रिड प्रविधिका साथ नेपालमै उच्चतम माइलेज प्रदान गर्ने कम्पनीको दाबी छ। यसमा रियल-टाइम डायग्नोस्टिक्सका लागि ओबिडी-आइआई पनि छ, जसले प्रत्येक राइड कुशल, भरपर्दो र पर्फमेन्स ड्रिभन भएको सुनिश्चित गर्छ।

एभरेष्ट बैंकको क्यालेन्डर सार्वजनिक

काठमाडौं/ एभरेष्ट बैंकले नयाँ वर्ष ०८२ को कर्पोरेट क्यालेन्डर सार्वजनिक गरेको छ। बैंकले बिहीबार एक कार्यक्रम गरी कर्पोरेट क्यालेन्डर अनावरण गरेको हो।



नेपालमा मनोरञ्जन र प्रतिस्पर्धाका रूपमा धेरै पहिलेदेखि खेलिने 'परम्परागत खेलकुद' विषयवस्तु राखेर तयार पारिएको २०८२ सालको क्यालेन्डर बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्यले अनावरण गरेका हुन्। सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङलगायत उच्चपदस्थ अधिकारीहरूको पनि सहभागिता थियो। बैंकले लामो समयदेखि नै नेपालको धर्म, संस्कृति, पर्यटनलगायत अन्य पुरातात्त्विक महत्त्वका विषयवस्तुलाई समेट्दै आफ्नो कर्पोरेट क्यालेन्डर बनाउँदै आएको छ।

वृज हिमालयन र एनएमबि क्यापिटलबिच सम्झौता



काठमाडौं/ पानी उत्पादन गरिरहेको वृज हिमालयन स्प्रिङ प्राइभेट लिमिटेडले एनएमबि क्यापिटल लिमिटेडबाट संस्थागत परामर्श लिने भएको छ। यसका लागि दुई कम्पनीबिच सम्झौता भएको छ।

वृज हिमालयले प्रिमियम पिउने पानी उद्योगमा एक स्थापित ब्रान्ड बनाई व्यवसायको वृद्धि, विस्तार तथा विकासको दीर्घकालीन लक्ष्यसहित एनएमबि क्यापिटललाई परामर्शदाता बनाएको जनाएको छ। कम्पनीका अनुसार एनएमबिले पुँजी पुनः संरचना, वित्तीय व्यवस्थापन, विभिन्न रणनीतिक साझेदार भित्र्याउने कार्यलगायतमा चाहिने परामर्श सेवा दिनेछ।

केडिया अर्गनाइजेसनअन्तर्गतको वृज हिमालयले 'पूर्ण' ब्रान्डमा एक लिटर, ५०० मिलिलिटर र २५० मिलिलिटरको बोतलमा मिनरल पानी तथा २० लिटरको जारमा प्रशोधित पानी उत्पादन गरिरहेको छ।

'एनएमबि क्यापिटल लिमिटेडलाई हाम्रो वित्तीय परामर्श साझेदारका रूपमा पाएर हामी अत्यन्तै खुसी छौँ, यो सहकार्य हाम्रा सरोकारवालालाई उच्च प्रतिफल प्रदान गर्न हामी प्रतिबद्ध भएको प्रमाणसमेत हो,' वृज हिमालयनका प्रबन्ध निर्देशक सत्यम् केडियाले भने।

एनएमबि क्यापिटलका प्रमुख कार्यकारी अधिकृत दीपेशकुमार वैद्यले यस सहकार्यप्रति उत्साह व्यक्त गरे। 'वृज हिमालयनसँगको सहकार्यले उत्पादन क्षेत्रमा नयाँ उद्यमलाई सहयोग गर्ने एनएमबि क्यापिटलको लक्ष्यअनुसार नै कार्य गर्न अवसर पाएकोमा उत्साहित छौँ। हामी वृज हिमालयको वृद्धि र विकासको योजनालाई सफल पार्न सहयोग गर्नेछौँ।'

मनोज केडियाको नेतृत्वमा रहेको केडिया अर्गनाइजेसनले विभिन्न उद्योग-व्यवसायमा लगानी गरिरहेको छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रोपटक प्रकाशित मितिः २०८१/१२/१५

यस कम्पानीको मिति २०८१/१०/०७ को निर्णय बमोजिम साविकको **डिक्कभरी न्यूज नेटवर्क प्रा. लि.** (प्रा. लि.नं. ११८३७३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रातोपाटी न्यूज नेटवर्क प्रा. लि.** कायम गरिएको जानकारी गराइन्छ।

सिटिजन्स बैंक इन्टरनेसनल लि.को

शाखा कार्यालय स्थानान्तरण हुने सम्बन्धी सूचना

दास्रो पटक प्रकाशित मितिः- २०८१/१२/१५

मधेश प्रदेश, पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको यस बैंकको वीरगंज शाखा कार्यालय मिति २०८१/१२/१७ गते देखि सोही महानगरपालिकाको वडा नं. १० मा (हालको भवनबाट आन्दाजी ५०० मिटरको दूरीमा) रहेको भवनबाट सम्पूर्ण बैंकिङ्ग कारोबार तथा शाखाबाट प्रदान गरिएको लकर सेवा सुविधा समेत सञ्चालन हुने व्यहोरा समस्त ग्राहक महानुभावहरु तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

तपशिल

श्री धनुषा जिल्ला अदालत

फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि पक्षलाई उपस्थित हुन जारी गरेको म्याद

वि.ल.न. १५५२। २९, फाँट : राम विलाश

श्री जिल्ला धनुषा जनकपुर उ.म.न.पा. वडा नं. २ मा माँ जानकी निर्माण सेवा प्रा.लि.को संचालक रविन्द्र मण्डल को नाउँको १५ (पन्ध्र) दिने म्याद ....

उप्राप्त वादी धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. १, मिल्स एरियामा रहेको ईन्फिनिट डिष्ट्रीब्युटर्स प्रा.लि. र प्रतिवादी जिल्ला चितवन रत्ननगर न.पा. वडा नं. २ टाँढी स्थित माँ वैष्णो देवी ट्रेडर्स भएको ०७५-cp-२६८२ को रकम दिलाई भराई पाउँ मुद्दाको मिति २०७७/११/४ गतेमा वादी दावी पुग्ने गरी फैसला भएकोले सो फैसला कार्यान्वयन गर्ने प्रयोजनको लागि उपस्थित हुन यो म्याद प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र यस अदालतमा आफै उपस्थित हुन आउनु होला वा आफ्नो कानून व्यवसायी वा वारिस मुकरर गरी पठाउनु होला। म्याद भित्र हाजिर हुन नआए कानून बमोजिम हुने छ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन।

ईति सम्वत २०८१ साल चैत्र महिना ७ गते रोज ५ मा शुभम्।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८१/१२/१५

यस वित्तीय संस्थाको बर्दिबास, बर्दघाट तथा लालबन्दी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले निम्नानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, व्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ। अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण वापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु मिति २०८१ चैत महिना २२ गते शुक्रबार (सो दिन बिदा परे सोको पछि कार्यालय खुलेको दिन) यस संस्थाको शाखा कार्यालय बर्दिबास, बर्दघाट र लालबन्दीमा दिनको १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्र दाता तथा सम्वद्ध सबैमा अनुरोध छ। सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा यस वित्तीय संस्थासँग भए गरेका लिखत अनुसार यस वित्तीय संस्थाको लेना रकम असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	ऋणी तथा जमानी दिनेहरुको नाम	
१.	**कमोदिया देवी दास** ना.प्र.नं. : ३२३०६४/८४, रौतहट जारी मिति : २०६३/१२/०३ पतिको नाम : सियाराम दास ससुराको नाम : झगरु दास ठेगानाः जिल्ला रौतहट, भसेढवा गा.वि.स. वडा नं. ०२, हाल कटहरिया न.पा. वडा नं. ०१	**व्यक्तिगत धनजमानी दिने** **१. दुर्गा दास** नाा.प्र.नं. : ३२-०१-७५-०४५७६, रौतहट जारी मिति : २०७५/०५/२४ बाबुको नाम : सियाराम दास बाजेको नाम : झगरु दास ठेगानाः जिल्ला रौतहट, कटहरिया न.पा. वडा नं. ०१
	धितोको विवरण कमोदिया देवी दासको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला भसेडवा गा.वि.स वडा नं. ६ ख स्थित कि.नं.१३६८ र १३६६ क्रमश को क्षेत्रफल ०-२-०-० (बि.क.धु.क.) र ०-४-१७.५०-० (बि.क.धु.क.) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।	
२.	**श्रृष्टी रेडिमेड एण्ड फैन्सी स्टोर्स** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं. : ११२२८/०७८/०७९ दर्ता मिति : २०७८/०५/२४ स्थायी लेखा नं. : ६१६६७३५९९ प्रोप्राईटरको नाम : साम कुमारी पासवान ठेगाना : हरिवन न.पा. वडा नं.११, सर्लाही **संस्थागत धनजमानी दिने** **१. साम कुमारी पासवान** ना.प्र.नं. : ६६४८११०८, सर्लाही जारी मिति : २०६३/०२/०२ पतिको नाम : चन्द्र हंस पासवान ससुरा को नाम : माधे पासवान ठेगाना : जिल्ला सर्लाही, नेत्रगंज गा.वि.स. वडा नं. १, हाल लालबन्दी न.पा. वडा नं. २	**व्यक्तिगत धनजमानी दिने** **१. चन्द्र हंस पासवान** ना.प्र.नं. : ६६४८००८३, सर्लाही जारी मिति : २०५५/०५/१२ बाबुको नाम : माधे पासवान बाजेको नाम : पञ्जाव पासवान ठेगाना : जिल्ला सर्लाही, नेत्रगंज गा.वि.स. वडा नं. १, हाल लालबन्दी न.पा. वडा नं. २ **२. सावित्री दुसाधनी** ना.प्र.नं. : १७९४८१२२५१, धनुषा जारी मिति : २०३५/४/१५ पतिको नाम : माधे पासवान ससुराको नाम : पञ्जाव पासवान ठेगाना : सर्लाही जिल्ला, लालबन्दी नगरपालिका वडा नं. २
	धितोको विवरण सावित्री दुसाधनीको नाममा दर्ता कायम रहेको साविक सर्लाही जिल्ला नेत्रगंज गा.वि.स वडा नं. १ क कि.नं. ११७६ को क्षेत्रफल ०-४-९-० (बि.क.धु.क.) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।	
३.	**नन्दलाल हजरा** ना.प्र.नं. : १३५०, रौतहट जारी मिति : २०५८/१०/११ बाबुको नामः रामदेयाल हजरा बाजेको नामः मलेछी हजरा ठेगाना : साविक रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं .०९, हाल मधेश प्रदेश,रौतहट जिल्ला, गुजरा नगरपालिका वडा नं. ०७ **व्यक्तिगत धनजमानी दिने** **१. सरस्वती कुमारी** ना.प्र.नं. : ३२३०६१/१६२, रौतहट जारी मिति : २०७०/०२/३० पतिको नाम : नन्दलाल हजरा ससुराको नाम : रामदेयाल हजरा ठेगाना : साविक रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९, हाल मधेश प्रदेश,रौतहट जिल्ला, गुजरा नगरपालिका वडा नं. ०७	**व्यक्तिगत धनजमानी दिने** **२. अनिल पासवान** ना.प्र.नं. : ३२-०२-७६-०१९२३, रौतहट जारी मिति : २०७६/०४/१ बाबुको नाम : नन्दलाल पासवान बाजेको नाम : रामदेयाल हजरा ठेगाना : जिल्ला रौतहट, गुजरा नगरपालिका वडा नं. ७
	धितोको विवरण सरस्वती कुमारीको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स वडा नं. ९ स्थित कि.नं.१७७३ को क्षेत्रफल ०-०-१२-० (बि.क.धु.क.) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।	
४.	**विश्वप्रेम पाठक** ना.प्र.नं. : ३३७८, स्याङजा जारी मिति : २०४२।०५।२४ बाबुको नाम : डोलराज पाठक बाजेको नाम : कमलापति पाठक ठेगाना : स्याङजा जिल्ला, पेलाकोट गा.वि.स वडा नं. ७, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ०७ **व्यक्तिगत धनजमानी दिने** **१. तुलसा पाठक** ना.प्र.नं. : १३२९, स्याङजा जारी मिति : २०४६।०२।२४ पतिको नाम : विश्वप्रेम पाठक ससुराको नाम : डोलराज पाठक ठेगाना : स्याङजा जिल्ला, पेलाकोट गा.वि.स वडा नं. ७, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ०७	**व्यक्तिगत धनजमानी दिने** **२. सोमनाथ पाठक** ना.प्र.नं. : १९२०७, स्याङजा जारी मिति : २०६२।०२।०२ पत्नीको नाम : लक्ष्मी चापागाई बाबुको नाम : विश्वप्रेम पाठक बाजेको नाम : डोलराज पाठक ठेगाना : स्याङजा जिल्ला, पेलाकोट गा.वि.स वडा नं. ७, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ०७ **३. लक्ष्मी चापागाईं** ना.प्र.नं. : ७०७९३, नवलपरासी जारी मिति : २०६०।०८।०३ पतिको नाम : सोमनाथ पाठक बाबुको नाम : चन्द्रकान्त चापागाई बाजेको नाम : टिकाराम चापागाई ठेगाना : नवलपरासी जिल्ला, माकर गा.वि.स वडा नं. ५, हाल बर्दघाट न.पा. वडा नं. ०७
	धितोको विवरण विश्वप्रेम पाठकको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला, साविक माकर गा.वि.स वडा नं ७क स्थित कि.नं.६५६ को क्षेत्रफल (०-१-०-०) बि.क.धु.क.) र सो जग्गाले चर्चेको लिगलगापात समेत।	
५.	**मिना कुमारी लो** ना.प्र.न. १९३०५१/२३०६, सर्लाही जारी मितिः २०६३/११/०२ पतिको नाम : किसिम लाल योन्जन ससुराको नाम : सोम लाल योन्जन ठेगाना : सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. वडा नं.३ हाल बर्दिबास न.पा. वडा नं.१, महोत्तरी	**व्यक्तिगत धनजमानी दिने** **१. किसिम लाल योन्जन** ना.प्र.प.नं.८३२४१५७६, सर्लाही जारी मितिः २०४८/११/२६ बाबुको नामः सोम लाल योन्जन बाजेको नामः धर्मलाल योन्जन ठेगानाः सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. वडा नं.२ हाल बर्दिबास न.पा. वडा नं.१, महोत्तरी
	धितोको विवरण मिना कुमारी लोको नाममा मालपोत कार्यालय बर्दिबास महोत्तरीमा दर्ता कायम रहेको २५ नं बहादुरगंज गा.वि.स. वडा नं. ३ क, महोत्तरी स्थित कित्ता नं.२२८२ क्षेत्रफल ०-०-५-० (वि.क.धु.क) जग्गा र सो ले चर्चेको लिगलगापात समेत।	
६.	**विन्देश्वर साह तेली** ना.प्र.नं. : ०४९२३४२९, महोत्तरी। जारी मिति : २०५१/११/२४ बाबुको नाम : राम सेवक साह बाजेको नाम : जानकी साह ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स, वडा नं. ५ हाल बर्दिवास नगरपालिका वडा नं. ०१ **व्यक्तिगत धनजमानी दिने** **१. रिता देवी** ना.प्र.नं. : ०४९३४४७९, महोत्तरी जारी मिति : २०५५/०९/२६ पतिको नाम : विन्देश्वर साह तेली ससुराको नाम : राम सेवक साह ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स, वडा नं. ५ हाल बर्दिवास नगरपालिका वडा नं. ०१	**व्यक्तिगत धनजमानी दिने** **२. ऐश्वर्या साह** ना.प्र.नं. : १८-०५-७८-००५४५, महोत्तरी जारी मिति : २०७८/०५/१६ बाबुको नाम : विन्देश्वर साह तेली बाजेको नाम : राम सेवक साह ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास नगरपालिका वडा नं. ०१
	धितोको विवरण ऐश्वर्या साहको नाममा मालपोत कार्यालय, मलंगवा सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सन्तपुर बसन्तपुर गा.वि.स, वडा नं. ८ क स्थित कि.नं.२१८ को क्षेत्रफल १-२-१३-० (बि.क.धु.क.) जग्गा र सोले चर्चेको लिगलगापात समेत।	
७.	**शिवम खाद्यान्न भण्डार** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं. : ११०८/१४५/०६७/०६८ दर्ता मिति : २०६७/११/०३ स्थायी लेखा नं. : ३०४५३८३६६ प्रोप्राईटरको नाम : विन्देश्वर साह तेली ठेगाना : बर्दिवास नगरपालिका वडा नं १, महोत्तरी **संस्थागत धनजमानी दिने** **१. विन्देश्वर साह तेली** ना.प्र.नं. : ०४९२३४२९, महोत्तरी जारी मिति : २०५१/११/२४ बाबुको नाम : राम सेवक साह बाजेको नाम : जानकी साह ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स, वडा नं. ५ हाल बर्दिवास नगरपालिका वडा नं.०१	**व्यक्तिगत धनजमानी दिने** **१. रिता देवी** ना.प्र.नं. : ०४९३४४७९, महोत्तरी जारी मिति : २०५५/०९/२६ पतिको नाम : विन्देश्वर साह तेली ससुराको नाम : राम सेवक साह ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स, वडा नं. ५ हाल बर्दिवास नगरपालिका वडा नं.०१ **२. सुशिला कुमारी साह** ना.प्र.नं. : १८-०५-७४-०१७७३, महोत्तरी जारी मिति : २०७४/०९/१८ बाबुको नाम : विन्देश्वर साह तेली बाजेको नाम : राम सेवक साह ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स, वडा नं. ५ हाल बर्दिवास नगरपालिका वडा नं.०१।
	धितोको विवरण १. रिता देवीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज गा.वि.स वडा नं ३/ख स्थित कि.नं. ११९४ को क्षेत्रफल ०-०-६-० (बि.क.धु.क.) को घरजग्गा र सोले चर्चेको लिगलगापात समेत। २. रिता देवीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज गा.वि.स वडा नं ३/ख स्थित कि.नं. १२१५ को क्षेत्रफल ०-०-१०-० (बि.क.धु.क.) को जग्गा र सोले चर्चेको लिगलगापात समेत। ३. रिता देवीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर गा.वि.स वडा नं ५/घ स्थित कि.नं. ५१ को क्षेत्रफल ०-१५-४-० (बि.क.धु.क.) को जग्गा र सोले चर्चेको लिगलगापात समेत। ४. रिता देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भरतपुर गा.वि.स वडा नं १/क स्थित कि.नं. ७९४ को क्षेत्रफल ०-३-४.५-० (बि.क.धु.क.) को जग्गा र सोले चर्चेको लिगलगापात समेत।	

लिलामीका शर्तहरु

१. गोप्य शिलबन्दी वोलपत्र फाराम यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल ललितपुर, शाखाहरु बर्दिबास, बर्दघाट र लालबन्दीबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल, ललितपुर, शाखा कार्यालय बर्दिवास, बर्दघाट र लालबन्दीमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्ने छ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुने छ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंमले नै व्यहोर्नु पर्नेछ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ साल चैत्र महिना २१ गते बिहीबार कार्यालय समय भित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ साल चैत्र महिना २२ गते शुक्रबार दिनको १ बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, शाखा कार्यालयहरु बर्दिबास, बर्दघाट र लालबन्दी।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

प्रधानमन्त्री कप- २०८१

जय ट्रफीका लागि छानिए चार टोली

रमेश सुवेदी/नयाँ पत्रिका

आठौँ प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिताको उपाधि भिडन्तमा नेपाल पुलिस र त्रिभुवन आर्मीबिच हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले भैरहवा, दाङ र रुपन्देहीमा एकै साथ आयोजना गरेको प्रतियोगिताको शीर्ष स्थानमा साबिक विजेता पुलिस र दोस्रो स्थान रक्षा गर्दै आर्मीले फाइनल स्थान पक्का गरेका हुन्। प्रतियोगिताको फाइनल आइतबार हुनेछ।

यसैबिच, लिग चरणका ४५ खेलपछि जय ट्रफीमा चार टोली छनोट भएका छन्। जय ट्रफीमा प्रधानमन्त्री कपका शीर्ष चार टोलीले स्थान बनाए। लिग चरणको अन्तिम खेलमा आर्मीले पुलिसको अपराजित यात्रा समाप्त गरेको थियो। १४ अंकका साथ तेस्रो स्थानमा रहेको एपिएफ पहिलोपटक जय ट्रफीमा छनोट भएको छ। गत सिजन पाँचौँ स्थानमा रहँदा एपिएफले जय ट्रफी गुमाएको थियो।

यसपटक चौथो स्थानका लागि रोमाञ्चक प्रतिस्पर्धा भयो। बागमती, कर्णाली, लुम्बिनी र मधेशले नौ खेलबाट समान ८ अंक बनाए। चौथो स्थानमा रनरेटमा बागमतीले कर्णाली, लुम्बिनी र मधेशलाई निराश बनायो। गत सिजनमा मधेशले जय ट्रफी खेलेको थियो। यसपटकको जय ट्रफीमा मधेशका अनिलकुमार साह, मायन यादव, पवन सर्राफ र हरिशंकर साहजस्ता चर्चित खेलाडी देखिनेछैनन्। लुम्बिनीका कप्तान देव खनालले पनि जय ट्रफी गुमाएका छन्।



नेपाल पुलिस (१६ अंक)

उपाधि दाबेदार पुलिसले दुई खेलअघि नै प्रधानमन्त्री कप र जय ट्रफीमा स्थान बनाएको हो। पुलिस लगातार आठ खेलमा अपराजित रह्यो। नवौँ खेलमा मात्र आर्मीसँग पराजित भयो। पुलिसको बलियो पक्ष नै राष्ट्रिय टोलीका अनुभवी आठ खेलाडी छन्। दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, कुशल भुर्तेल, ललितनारायण राजवंशी, आरिफ शेख र करण केसीजस्ता नियमित सिनियर खेलाडीको साथ पाउँदा पुलिसको प्रदर्शन सानदार रह्यो। अर्जुन साउद र सागर ढकालले पनि प्राप्त अवसरमा योगदान दिए। पुलिसले लुम्बिनीलाई ८७ रन, कोशीलाई १५४ रन, एपिएफलाई दुई विकेट, मधेशलाई १९३ रन, सुदूरपश्चिमलाई ६१ रन, गण्डकीलाई सात विकेट, बागमतीलाई ९३ र कर्णालीलाई ४४ रनले हराएको थियो।



त्रिभुवन आर्मी (१६ अंक)

प्रधानमन्त्री कपको अन्तिम दुईमा स्थान रक्षा गर्न आर्मीले पुलिसलाई हराउनुपर्ने थियो। पराजित हुँदा एपिएफसँगै समान १४ अंक हुने थियो। रनरेटअनुसार आर्मी र एपिएफबिच फाइनलमा पुग्ने समीकरण थियो। तर, पुलिसलाई हराउँदै आर्मीले जय ट्रफीमा स्थान पक्का गऱ्यो। आर्मीमा अनुभवी कप्तान र विकेटकिपर विनोद भण्डारीसँगै, कुशल मल्ल, सोमपाल कामी, भीम सार्की, विवेक यादव, साहब आलमजस्ता खेलाडीले उत्कृष्ट प्रदर्शन गरे। आर्मी लिग चरणमा मधेशसँग तीन विकेट पराजित भयो। आर्मीले बागमतीलाई १३४ रन, सुदूरपश्चिमलाई आठ विकेट, कर्णालीलाई १२७ रन, कोशीलाई सात विकेट, एपिएफलाई तीन विकेट, गण्डकीलाई ६ विकेट र लुम्बिनीलाई १३१ रनले हराएको हो।



एपिएफ क्लब (१४ अंक)

गत संस्करणमा राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलको नेतृत्वमा रहेको एपिएफले कमजोर प्रदर्शन गऱ्यो। पाँचौँ स्थानमा रहँदा एपिएफले जय ट्रफी खेल्ने अवसर गुमायो। यसपटक एपिएफमा आसिफ शेख, अभिनाश बोहरा, सन्दीप जोरा, लोकेश बम, मौसम ढकाल र घरेलु प्रतियोगितामा सानदार प्रदर्शन गर्दै आएका अमरसिंह रौटेला, अभिषेक गौतम, दीपक बोहरालगायत खेलाडी थिए। एपिएफले नौ मध्ये सात खेलमा जित निकाली १४ अंक जोड्यो। एपिएफ पुलिससँग दुई विकेट तथा आर्मीसँग तीन विकेटले पराजित भयो। एपिफले बागमतीलाई सय रन, मधेशलाई दुई विकेट, कर्णालीलाई पाँच विकेट, सुदूरपश्चिमलाई तीन विकेट, गण्डकीलाई ३१ रन, लुम्बिनीलाई सात विकेट तथा कोशीलाई दुई विकेटले हरायो।



बागमती प्रदेश (८ अंक)

लिग चरणको अन्तिम दिन मधेशसँग चार विकेटले खेल गुमाए पनि बागमती चौथो स्थानमा रहँदै जय ट्रफीमा छनोट भयो। मधेशविरुद्ध अन्तिम खेलमा ईशान पाण्डेले शतक बनाए पनि बागमतीको हार टार्न सकेनन्। मधेशका कप्तान अनिलकुमारले अविजित ७० रन र दुई विकेट लिए पनि टोलीलाई जय ट्रफीमा छनोट गराउन सकेनन्। रनरेटमा मधेश बागमतीभन्दा पछि रह्यो। यसपटक बागमतीले राष्ट्रिय टोलीबाट खेलिसकेका सूर्य तामाङ, रिजन ढकालसँगै पृथु बास्कोटा र आशुतोष घिरैयाजस्ता खेलाडीको साथ पायो। ३६३ रनसहित बागमतीका ईशान पाण्डे सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा छन्। रिजन २३ विकेटका साथ धेरै विकेट लिने सूचीको तेस्रो स्थानमा छन्।

साहबको सय विकेट

काठमाडौं/ त्रिभुवन आर्मी क्लबका साहब आलम प्रधानमन्त्री एकदिवसीय (पिएम) कप क्रिकेट प्रतियोगितामा सय विकेट लिने दोस्रो बलर बनेका छन्। प्रतियोगिताअन्तर्गत बिहीबार नेपाल पुलिस क्लबविरुद्ध चार विकेट लिँदै साहबले सय विकेट संख्या पार गरेका हुन्। यसअघि पुलिसका स्पिनर ललितनारायण राजवंशी सय विकेटको कोसेढुंगा पार गर्ने पहिलो बलर बनेका थिए। आठौँ संस्करणमा साहबले २८ विकेट लिएका छन्।

सन् २०१७ देखि प्रधानमन्त्री कप खेलिरहेका साहबले समग्रमा ४९ खेलबाट १०३ विकेट लिएका छन्। प्रतियोगितामा उनी सर्वाधिक विकेट लिने बलरको सूचीको दोस्रो स्थानमा छन्। शीर्ष स्थानमा पुलिसका ललित नै छन्। उनले नौ खेलमा ४० विकेट लिएका छन्। चालू सिजनमा साहबले चारपटक चार विकेट हात पारे। उनले पुलिस, लुम्बिनी, सुदूरपश्चिम र बागमतीविरुद्ध चार विकेट हात पारे।

प्रतियोगितामा उनले एकपटक गण्डकीविरुद्ध पाँच विकेटको प्रदर्शन गरेका थिए। यसैगरी, एपिएफ र कोशीविरुद्धको प्रतिस्पर्धामा समान दुई विकेट लिए। उनले कर्णाली प्रदेशसँगको खेलमा २८ रन खर्चेर तीन विकेट हात पारेका थिए। प्रतियोगितामा उनी एक खेलमा मात्र विकेटविहीन रहे। मधेशसँगको खेलमा उनले ४७ रन खर्चे पनि विकेट हात पार्न सकेनन्।

पुलिस र आर्मी फाइनलमा

आठौँ संस्करणको प्रधानमन्त्री कपको उपाधि भिडन्त पुलिस र आर्मीबिच हुने भएको छ। प्रतियोगिताको ३४औँ खेलमा आर्मीले पुलिसलाई चार विकेटले हराउँदै फाइनल स्थान पक्का गरेको हो। आर्मीसँगको खेलसँगै पुलिसको अपराजित यात्रा पनि समाप्त भयो। पहिलो ब्याटिङ गरेको पुलिसले ४१.४ ओभरमा सबै विकेट गुमाएर १४८ रन बनायो। आर्मीले ४१ ओभरमा ६ विकेटको क्षतिमा १४९ रन जोड्यो।

अर्मान्डको ह्याट्रिकसँगै चर्च ब्वाइज फाइनलमा



नयाँ पत्रिका

अर्मान्ड बेडुमको ह्याट्रिकसँगै चर्च ब्वाइज युनाइटेड क्लब २३औँ तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बुटबलको देवीनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा बिहीबार भएको दोस्रो सेमिफाइनलमा चर्च ब्वाइजले मच्छिन्द्र फुटबल क्लबलाई ४-१ ले पराजित गर्दै अन्तिम दुईमा स्थान पक्का गरेको हो। चर्च ब्वाइजको जितमा कप्तान अबायोमी फाकुल्लेले एक गोल थपे। मच्छिन्द्रका एलेक्स विलियम्सले एक गोल फर्काए।

अर्मान्डले पहिलो हाफमै ह्याट्रिक पूरा गरेका हुन्। उनले डिफेन्डर प्रवेश कटुवालको क्रसमा डिबक्सभित्र हेडिङ गोल गर्दै टोलीलाई १-० को अग्रता दिलाए। अर्मान्डले दोस्रो गोल पेनाल्टीमा गरेका हुन्। मच्छिन्द्रका कप्तान करिम ओमोलाजाले अर्मान्डलाई नै डिबक्समा लडाएका थिए। रेफ्रीले चर्च ब्वाइजलाई पेनाल्टी प्रहार गर्न दिए। अर्मान्डले सहजै पेनाल्टीमा गोल गर्दा चर्च ब्वाइज २-० ले अघि बढ्यो।

उनले ४४औँ मिनेटमा ह्याट्रिक पूरा गरे। राज भुसालले उपलब्ध गराएको पासमा अर्मान्डले मच्छिन्द्रका गोलरक्षक टोपे रानामगरलाई बिट गर्दै गोल गरे। चालू प्रतियोगितामा यो दोस्रो ह्याट्रिक हो। यसअघि संकटा क्लबका सिर्जनराज गौतमले जर्जियन फुटबल क्लब कालिम्पोडविरुद्ध पहिलो ह्याट्रिक गरेका थिए।

नेपाल र उज्वेकिस्तान एकै समूहमा



काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीले एएफसी महिला एसियन कप २०२६ छनोट खेलमा बलियो उज्वेकिस्तानविरुद्ध प्रतिस्पर्धा गर्ने भएको छ। बिहीबार सार्वजनिक गरेको 'ड्र'अनुसार नेपाल र उज्वेकिस्तान समूह 'एफ'मा छन्। यस समूहमा नेपालले उज्वेकिस्तानबाहेक श्रीलंका र लाओससँग प्रतिस्पर्धा गर्नेछ। एएफसीका अनुसार समूह 'एफ'का सबै खेल उज्वेकिस्तानमै हुनेछन्। छनोट खेल २३ जुनदेखि ५ जुलाईसम्म हुनेछ।

नेपाली महिला टोलीले लगातार दोस्रोपटक महिला एसियन कप छनोट खेल्न लागेको हो। सन् २०२२ मा भारतमा भएको महिला एसियन कप छनोटमा नेपालले पहिलोपटक भाग लिएको थियो। त्यसबेला नेपालले फिलिपिन्स र हङकङविरुद्ध प्रतिस्पर्धा गरेको थियो। नेपालको समूहबाट फिलिपिन्स छनोट भयो। यसपटक एएफसीले छनोट खेल्ने एसियाका ३४ टोलीलाई विभिन्न पाँच पटमा विभाजन गरी 'ड्र' गरेको हो।

उज्वेकिस्तान फिफा वरीयतामा ५०औँ स्थानमा छ। त्यसपछि नेपाल ९९औँ, लाओस १०७औँ र श्रीलंका १५८औँ स्थानमा छन्। नेपाल र उज्वेकिस्तानबिच तीनपटक प्रतिस्पर्धा भएको छ। नेपालले सबै खेल गुमाएको छ। सन् १९९९ मा महिला एसिया कपमा नेपालले पहिलोपटक उज्वेकिस्तानसँग खेलेको थियो। उज्वेकिस्तानले पहिलो भेटमै नेपालमाथि ६-१ को सानदार जित निकाल्यो।

सन् २०१९ को नादेज्दा कपमा नेपाल र उज्वेकिस्तानबिच दुई खेल भए। समूह चरणमा उज्वेकिस्तानसँग २-० ले हारेको नेपाल फाइनलमा ३-२ ले पराजित भयो। समूह 'एफ'मा नेपालको अर्को प्रतिद्वन्द्वी श्रीलंका हो। नेपालले श्रीलंकाविरुद्धको आठ अन्तर्राष्ट्रिय खेलमा जित निकालेको छ। नेपालको नयाँ प्रतिद्वन्द्वी लाओस हो। समूहमा विजेता एसियन कपमा छनोट हुनेछ।

मध्यपुरलाई हरायो प्लानिङ ब्वाइजले

काठमाडौं/ सहिद स्मारक 'बी' डिभिजन लिगमा प्लानिङ ब्वाइज युनाइटेडले तेस्रो जित निकालेको छ। सातदोबाटोको एन्फा कम्प्लेक्समा बिहीबार प्लानिङ ब्वाइजले मध्यपर युथ एसोसिएसनलाई २-० ले हराएको हो। प्लानिङ ब्वाइजको जितमा फागुराम थारु र विशाल दर्जीले गोल गरेका थिए। तेस्रो जितसँगै प्लानिङ ब्वाइजले नौ अंक जोडेको छ। मध्यपुर चार अंकमा सीमित भएको छ।

'ए' डिभिजन लिगको अनुभव बटुलेको मध्यपुरले प्लानिङ ब्वाइजविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्न सकेन। खेलको २९औँ मिनेटसम्म मध्यपुरले प्लानिङ ब्वाइजलाई गोलरहितमा रोकेको थियो। तर, प्लानिङ ब्वाइजले मध्यपुरको कमजोरीको फाइदा लिँदै पहिलो तथा दोस्रो हाफमा गोल गऱ्यो। खेलको ३० औँ मिनेटमा विशालको हेडिङ गोलमा प्लाइनिङ ब्वाइजले १-० को अग्रता लियो। उनले प्रतापसिंह राईको कर्नर क्रसमा उत्कृष्ट हेडिङ गोल गरेका हुन्।

खेलको ७७औँ मिनेटमा प्लानिङ ब्वाइज २-० ले अघि बढ्यो। यसपटक फागुरामले एकल प्रयासमा गोल गरेका हुन्। उनले डिबक्स भित्र मध्यपुरका डिफेन्डरलाई बिट गर्दै गोल गरेका थिए। मध्यान्तरपछि खेलमा केही सुधार ल्याएको मध्यपुरको फिनिसिङमा समस्या देखिएको थियो। प्रतिस्पर्धाको अन्तिम इन्जुरी समयमा मध्यपुरले एक सहज गोल अवसर खेर फालेको थियो।

भगवती र वीरगन्जले अंक बाँडे

यसअघि श्री भगवती क्लब टोखा र वीरगन्ज युनाइटेडले १-१ को बराबरी खेल्दै अंक बाँडेका छन्। खेलको ३१औँ मिनेटमा श्री भगवतीले १-० को अग्रता लियो। श्री भगवतीका विक्रान्तनसिंह राणाले अग्रता गोल गरेका थिए।खेलको अन्तिम इन्जुरी समयमा वीरगन्जले १-१ को गोल फर्कायो। कृपकान्त थारुले डिबक्सभित्र पाएको सुनौलो अवसरलाई गोल गर्दै टोलीलाई हारबाट बचाए।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit, Rupandehi

INVITATION FOR BIDS (IFB)

DATE OF PUBLICATION: 2081-12-15 BS (March 28, 2025 AD)

Department of Urban Development & Building Construction, Project Office of Urban Development and Building Construction, Rupandehi invites electronic bids for construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp (FPIU Rupandehi). All eligible bidders are requested to submit bid with the requested documents within mentioned period.

S. N.	Contract ID No/Bid No	Description of Works	Estimated Amount (Without VAT & Contingencies) (NRs)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Last date of Bid Submission and Time
1	DUDBC/FPIU/Rupandehi/ Works/NCB/76/081/82	Construction of District Coordination Office Building at Tansen, Palpa	Turnover(Millions): 38.5 Similar Size (Millions): 30.8	1500000	5,000	April 28, 2025 (2082-01-15) 12:00 Hours
2	DUDBC/FPIU/Rupandehi/ Works/NCB/77/081/82	Construction Works in Damaru Daha At Thada in Sitganga municipality Arghakhachi District	8440560.15	250000	3,000	
3	DUDBC/FPIU/Rupandehi/ Works/NCB/78/081/82	Upgradation of Satmure Maulipur road section under the Lumchha-Dharampani-Digam Satmure Road Upgradation Scheme of Gulmi District (Second Phase)	17115901.78	500000	3,000	
4	DUDBC/FPIU/Rupandehi/ Works/NCB/79/081/82	Construction and Upgradation of Tilotama Minicipality Road and drain at Bipigram, BP Path, Kailash Path, Nayamill to tinau, Nayamill to Wagle chowk to Shanti ban Chowk, Tilotama 11 Mardahani, Tilotama	17125035.32	500000	3,000	
5	DUDBC/FPIU/Rupandehi/ Works/NCB/80/081/82	Upgradation of Road from Madan Ashrit Park to North Hillaytole in Devdaha Municipality - 7, Rupandehi	10016247.99	275000	3,000	
6	DUDBC/FPIU/Rupandehi/ Works/NCB/81/081/82	Construction works for Senior Citizen Meeting Center and Childrens park at Chhatradev 8 Arghakhachi	Turnover(Millions): 29.4 Similar Size (Millions): 11.8	810000	5,000	

Project Chief

Infrastructure Development Office
Ramechhap

Invitation for Bids

Invitation for Bids No: 05/2081-82

Date of publication: 2081/12/15 (28th Mar 2025)

1. Infrastructure Development Office, Ramechhap invites electronic bids from eligible bidders for the construction of Projects as mentioned below under NCB –
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Infrastructure Development Office, Ramechhap. or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at Infrastructure Development Office, Ramechhap at 11:00 AM , 2082/01/03
4. Electronic bids must be submitted to the office Infrastructure Development Office, Ramechhap by through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 on 2082/01/14
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2082/01/14 at 13:00 PM at the office of Infrastructure Development Office, Ramechhap.
6. Projects Under Single Stage Double Envelope Bidding procedures.

SN.	Name of Projects and Contract ID	Minimun AACT of Best of 3 Years	Works experience of similar size and nature	Bid Security Amount NRs.	Cost of Bidding documents NRs.
1.	Khimti Betali Dharapani Rasnalu Those Garjang Road, Ramechhap(IDO/RMC/W/ NCB/17/2081-82)	81.00 Million	65.00 Million	2.95 Million	10000
2.	Madhaypahadi Lokmarg Churidada Road, Ramechhap (IDO/RMC/W/NCB/18/2081-82)	74.00 Million	45.00 Million	2.00 Million	5,000

Office Chief

आइपिएल-२०२५

लखनउले हैदराबादलाई पाँच विकेटले हरायो

एजेन्सी

मिचेल मार्स र निकोलास पुरनको आक्रामक ब्याटिङको सहयोगमा लखनउ बिहीबार इन्डियन प्रिमियर लिगमा हैदरबादमाथि पाँच विकेटको जित निकालेको छ। पहिलो ब्याटिङ गरेको हैदराबादले २० ओभरमा नौ विकेट गुमाएर १९० रन बनाएको थियो। प्रत्युत्तरमा लखनउले १६.१ ओभरमा पाँच विकेटको क्षतिमा १९३ रन जोड्यो। लखनउले दुई खेलमा पहिलो जित हात पारेको हो। हैदराबादले दुई खेलमा एक जित र हार सामना गरेको छ।

लखनउको जितमा ओपनर मार्सले ३१ बलमा सात चौका र दुई छक्का प्रहार गरी ५२ रन बनाए। पुरनले २६ बलमा समान ६ चौका र छक्का प्रहार गरी ७० रनको योगदान दिएका थिए। दुवैले दोस्रो विकेटका लागि ११६ रनको साझेदारी गरे। अब्दुल सामदले आठ बलमा समान दुई चौका र छक्का प्रहार गरी २२ रन जोडे।

यसअघि पहिलो ब्याटिङ गरेको हैदराबादले ओपनर टेभिस हेड र मध्यक्रमका ब्याट्सम्यानको उत्कृष्ट साथ पाएको थियो। सुरुवात कमजोर भए पनि हैदराबादले रनरेट उकासेको थियो। ओपनर हेडले २८ बलमा पाँच चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ४७ रनको योगदान दिएका थिए। हैदराबादले इनिङ्सको २.१ ओभरमा अभिषेक शर्मा र २.२ ओभरमा इसन किसनको विकेट गुमाएको थियो। किसन गोल्डेन डक भएका थिए। त्यसपछि नीतीशकुमार रेड्डी र हेडबिच तेस्रो विकेटका लागि ६१ रनको साझेदारी भएको थियो। नीतीशले २८ बलमा ३२ रन जोडे।

जायन्टले सनराइजर्स



अंकित बर्माले हेन्रिक क्लासनसँग चौथो विकेटका लागि ३४ रन जोडे। हेन्रिक आउट हुँदा हैदराबाद ११०-४ को स्थितिमा थियो। उनले १७ बलमा दुई चौका र एक छक्का प्रहार गरी २५ रन जोडेका थिए। अंकितले १३ बलमा पाँच छक्का प्रहार गरी ३६ रनको योगदान दिए। कप्तान प्याट कमिन्सले चार बलमा तीन छक्काको सहयोगमा १८ रन र हर्सल पटेलले ११ बलमा १२ रनको योगदान दिएका थिए। बलिङमा लखनउका लागि शार्दूल ठाकुरले ३४ रन खर्चेर चार विकेट हात पारे। अभेस खान, दिगभेस राठी, रवि विश्नोई र पिन्स यादवले समान एक विकेट हात पारेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com